राष्ट्रियता, लोकतन्त्र, समाजवाद

परम्पराको सम्मान,
परिवर्तनको संकल्प
समुन्नत नेपालका लागि
सबल कांग्रेस अबको विकल्प

१५

नेपाली कांग्रेस
पन्ध्रौं महाधिवेशन
गौरव, गति र गन्तव्य

# नेपाली कांग्रेस
# राष्ट्रिय पुनर्जागरण र समुन्नति

१५औं महाधिवेशनमा सभापति गगनकुमार थापाद्वारा प्रस्तुत

## राजनीतिक प्रस्ताव-२०८३

२०८३ असोज १८-२२ काठमाडौं, खुल्ला मञ्च

# नेपाली कांग्रेस

## राष्ट्रिय पुनर्जागरण तथा समुन्नति

१५औँ महाधिवेशनमा सभापति गगनकुमार थापाद्वारा प्रस्तुत

## राजनीतिक प्रस्ताव २०८३

२०८३ असोज १८-२२

काठमाडौं, खुल्ला मञ्च

विषय सूचि

*खण्ड क: ऐतिहासिक आत्मसमीक्षा र वर्तमान राष्ट्रिय परिवेश* ..... *4*
१. कृतज्ञता ..... 4
२. ऐतिहासिक स्मरण र १५औं महाधिवेशनको दायित्व ..... 6
२.१ ऐतिहासिक यात्राबाट सिक्नुपर्ने पाठ ..... 6
२.२ १५औं महाधिवेशनको दायित्व: चार वर्षको नेतृत्व र आगामी दिशा ..... 7
३. सत्ता-केन्द्रित राजनीति र युवा पुस्तासँगको दूरी: निर्वाचनको परिणाम र गत दुई दशकको आत्मसमीक्षा ..... 9
३.१ परिवर्तनका उपलब्धि र अधुरा वाचा ..... 9
३.२ सत्ता-केन्द्रित राजनीति र संगठनमा हाम्रा त्रुटी ..... 9
३. ३ २०८२ भदौको युवा विद्रोह देखि १५औं महाधिवेशनसम्म ..... 10
४. वर्तमान राष्ट्रिय परिवेश ..... 12
*खण्ड ख: कांग्रेसको पहिचान र राष्ट्रिय दायित्व* ..... *14*
५. राष्ट्रिय शक्ति र जिम्मेवार प्रतिपक्षका रूपमा कांग्रेस ..... 14
५.१ नागरिकको आवाज र परिणामसम्म पछयाउने प्रतिपक्ष ..... 15
५.२ निर्वाचनभन्दा व्यापक जिम्मेवारी: राष्ट्रिय शक्तिका रूपमा कांग्रेस ..... 16
५.३ समाजलाई जोड्ने राजनीति र सार्वजनिक विश्वासको पुनर्निर्माण ..... 17
*खण्ड ग: वैचारिक दिशा* ..... *19*
६. एक्काइसौं शताब्दीमा हाम्रो वैचारिक दिशा ..... 19
७. वैचारिक पुनर्जागरण: राष्ट्रियता, लोकतन्त्र र समाजवादमार्फत समुन्नत नेपाल ..... 21
७.१ स्थायी आदर्श, बदलिएको समय र गतिशील समाज ..... 21
७.२ राष्ट्रियता: राष्ट्रको स्वाधीनता र जनताको सामूहिक स्वशासन ..... 21
७.३ लोकतन्त्र: सार्वजनिक शक्तिमाथि नागरिकको स्वामित्व ..... 22
७.४ समाजवाद: राजनीतिक स्वतन्त्रताबाट वास्तविक स्वतन्त्रतासम्म ..... 23
७.५ तीन आदर्शको सम्बन्ध: स्वतन्त्र राष्ट्र, सार्वभौम नागरिक र न्यायपूर्ण समाज ..... 23
७.६ राष्ट्रिय मेलमिलाप: असहमतिका बीच साझा राष्ट्रिय समुदाय ..... 24
*खण्ड घ: समुन्नत नेपालको अवधारणा र आधार* ..... *25*
८. समुन्नत नेपालको लोकतान्त्रिक, संवैधानिक, सामाजिक-आर्थिक र मानवीय आधार ..... 25
८.१ समुन्नत नेपालको लोकतान्त्रिक आधार ..... 26
८.२ समुन्नत नेपालको संवैधानिक र संस्थागत आधार ..... 28
८.३ समुन्नत नेपालको सामाजिक-आर्थिक आधार ..... 30
८.४ समुन्नतिको मानवीय र संस्थागत आधार ..... 31
८.५ हाम्रो सभ्यता र संस्कृति: समुन्नतिको साझा आधार ..... 32
८.६ समुन्नतिका लागि शासकीय अधिकार, क्षमता र परराष्ट्र नीति ..... 32
८.७ समुन्नत नेपालको आर्थिक मार्गचित्र ..... 33
९. कस्तो कांग्रेस: विचारमा स्पष्ट, संगठनमा जीवन्त, जनताप्रति जवाफदेही ..... 35
९.१ नागरिकको पार्टी: सदस्यता, सहभागिता र स्वामित्व ..... 35
९.२ विचार, ज्ञान र नेतृत्व निर्माणको केन्द्र ..... 35
९.३ काम गर्ने संरचना: तहगत समन्वय र साझा सामर्थ्य ..... 36
९.४ अर्थपूर्ण समावेशिता र पाँच पुस्ताको सहयात्रा ..... 37
९.५ आन्तरिक लोकतन्त्र: अधिकार, प्रतिस्पर्धा र उत्तरदायित्व ..... 38
१०. निष्कर्ष: नागरिकको आकांक्षा, लोकतन्त्रको प्रतिफल र मूल्यप्रतिको अडान ..... 43

## खण्ड क: ऐतिहासिक आत्मसमीक्षा र वर्तमान राष्ट्रिय परिवेश

### १. कृतज्ञता

**आदरणीय महाधिवेशन प्रतिनिधि साथीहरू,**

जय नेपाल!

नेपाली कांग्रेसको १४औं महाधिवेशनको यस ऐतिहासिक क्षणमा आठ दशकभन्दा लामो लोकतान्त्रिक संघर्षको यात्राका क्रममा २००७ सालको जनक्रान्तिदेखि आजसम्म जनअधिकारका लागि भएका अभूतपूर्व राजनीतिक संघर्ष र परिवर्तनमा गौरवपूर्ण सहादत प्राप्त गर्ने प्रात: स्मरणीय शहीद एवं योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान प्रकट गर्दछु ।

यस महत्वपूर्ण क्षणमा नेपालको लोकतान्त्रिक आन्दोलन र हाम्रो पार्टीका जननायक बीपी कोइरालालगायत श्रद्धेय संस्थापक नेताहरू तथा नेपालको लोकतन्त्रको संघर्षशील यात्राका विभिन्न कालखण्डमा पार्टीमा नेतृत्वदायी भूमिका र महत्वपूर्ण योगदान गर्नुहुने आदरणीय अग्रजहरूलाई हृदयदेखि स्मरण गर्दछु ।

नेपाली कांग्रेसको नेतृत्वमा ऐतिहासिक संविधानसभामार्फत बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्मलाई गम्भीरतापूर्वक आत्मसात गर्दै, संविधानमाको गतिशील कार्यान्वयनमार्फत मुलुकको राजनीतिलाई सही बाटोमा ल्याउनु र समुन्नतितर्फ डोऱ्याउनु नै आजको हाम्रो मुख्य राष्ट्रिय जिम्मेवारी हो । यही ऐतिहासिक राष्ट्रिय दायित्वको संकल्प सहित म राजनीतिक प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आदरणीय साथीहरू,

हाम्रो इतिहास निरंकुशताविरुद्धको संघर्ष, जनताको राजनीतिक अधिकार, शान्ति र संवैधानिक परिवर्तनसँग जोडिएको छ। २००७ सालको परिवर्तन, पहिलो जननिर्वाचित सरकार, पञ्चायतविरुद्धको संघर्ष, २०४६ को जनआन्दोलन, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन, शान्ति प्रक्रिया र संविधान निर्माणमा कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ। यस यात्रामा कांग्रेससँगै संघर्ष गर्ने अन्य राजनीतिक शक्ति, नागरिक समाज र विभिन्न समुदायका आन्दोलनको योगदान पनि छ। उपलब्धिको स्वामित्व साझा छ; तिनलाई नागरिकको जीवनमा सार्थक बनाउने जिम्मेवारीबाट हामी अलग हुन सक्दैनौं। वि.सं. २०८२ भदौको युवा विद्रोह पनि नागरिकले राज्यसँग अधिकार, सम्मान र जवाफदेहिता माग्दै आएको यही ऐतिहासिक क्रमसँग जोडेर बुझ्नुपर्छ। नयाँ पुस्ताले सुशासन, अवसर र जीवनमा देखिने सुधारको माग उठाएको छ। प्राप्त उपलब्धिलाई नागरिकको जीवनमा सार्थक बनाउने र पूरा हुन बाँकी आकांक्षा सम्बोधन गर्ने जिम्मेवारीबाट हामी अलग हुन सक्दैनौं।

यस यात्राले हामीलाई गहिरो पाठ दिएको छ: सत्ता हस्तान्तरण हुँदैमा राज्यको चरित्र बदलिँदैन। विगतप्रतिको कृतज्ञताले वर्तमानका कमजोरी ढाक्न मिल्दैन। अग्रजको सम्मान उहाँहरूले अघि बढाउनुभएको तर पूरा हुन बाँकी काम सम्पन्न गरेर हुन्छ। लोकतन्त्रका लागि नेतृत्वदायी संघर्ष गरेको पार्टीले लोकतान्त्रिक व्यवस्थाभित्र न्याय, अवसर र सम्मान सुनिश्चित गर्न नसकेको प्रश्नबाट पन्छिन मिल्दैन। परिवर्तनको नेतृत्व गर्नु र त्यसलाई संस्थागत गर्नु दुवै हाम्रो ऐतिहासिक जिम्मेवारी हुन्।

अन्याय, हिंसा वा राजनीतिक दिशाहीनतालाई सामान्य ठानेर बस्न नसक्ने लोकतान्त्रिक बेचैनीले कांग्रेसलाई पटकपटक कठिन जिम्मेवारीतर्फ डोऱ्याएको छ। त्यही राष्ट्रिय जिम्मेवारीबोधले कांग्रेसले इतिहासका निर्णायक मोडमा जनताको साथ लिएर मुलुकमाथि देखिएका संकटको सामना गर्दै परिस्थितिलाई सम्हाल्दै आएको छ । आज हाम्रो यही जुझारु चरित्रलाई अध्ययन, संगठन, सार्वजनिक संवाद र नीतिगत कार्य मार्फत पुनर्जागृत गर्दै परिवर्तनका उपलब्धिलाई संस्थागत गर्ने र परिणाम दिने क्षमताको विकास गर्नुछ।

त्यसकारण, हामीले संगठनको समग्र दिशालाई निर्धारण गर्दा निम्न विषयको समीक्षा गर्नु वान्छनीय हुन्छ:

**पहिलो,** नेपाली कांग्रेस निर्वाचनमा भाग लिने दल हुनुअघि एउटा राष्ट्रिय शक्ति हो। नेपालको इतिहासमा यसको महत्त्व संसदीय अंकगणितमा मात्र निर्भर रहेन। राष्ट्रिय शक्ति हुनु इतिहासबाट प्राप्त स्थायी विशेषाधिकार होइन। संकटमा लोकतान्त्रिक दिशा दिने, विभाजित समाजलाई जोड्ने र नागरिकको अधिकार तथा साझा भविष्यको जिम्मेवारी लिने निरन्तर दायित्व हो। आज समयले हामीबाट यही भूमिका खोजेको छ। राजनीतिलाई गठबन्धन व्यवस्थापन र पद बाँडफाँटमा सीमित गर्ने पार्टीले त्यो दायित्व निर्वाह गर्न सक्दैन।

**दोस्रो,** वि.सं. २०६२/६३ देखि २०८२ सम्मका दुई दशकलाई उपलब्धि र कमजोरी दुवैका आधारमा हेरिनु पर्छ। विशेषतः संविधान निर्माणपछिको दशक अरूको असफलताको कथा मात्र थिएन। त्यो हाम्रो आफ्नै पार्टीको उद्देश्य र व्यवहारबीच दूरी बढेको दशक पनि रह्यो। हामीले उद्देश्यभन्दा पद र सत्तालाई महत्त्व दिँदा नागरिकसँगको विश्वास कमजोर भयो। निर्वाचनमा पराजयको अर्थ बुझ्न यस अनुभवको पनि समीक्षा गर्नुपर्छ।

विशेष केन्द्रीय महाधिवेशनले यसका लागि नेपाली जनतासँग सार्वजनिक क्षमायाचना गर्दै सुधारको संकल्प अघि बढायो। यो दस्तावेजले त्यस आत्मस्वीकारोक्तिलाई स्पष्ट कार्यदिशा, कार्यक्रम र जवाफदेहितामा उतार्छ। हाम्रो इमानदारी शब्दमा गल्ती स्वीकारेर मात्र होइन, व्यवहार बदल्ने र उस्तै गल्ती दोहोरिन नदिने व्यवस्थामा देखिनुपर्छ।

**तेस्रो,** लोकतन्त्रको विकल्प कम लोकतन्त्र होइन, अझ गहिरो र परिणाम दिने लोकतन्त्र हो। देशभित्र र बाहिर हाम्रा संस्थाको ढिलासुस्ती, दलीय कब्जा र सीमित स्वार्थप्रतिको जायज आक्रोशलाई संस्था स्वयं नै समस्या हुन् भन्ने निष्कर्षमा बदल्ने राजनीतिक परिपाटी विकसित भएको छ। फलस्वरुप, कुनै बलियो व्यक्तिको इच्छाशक्ति वा पुराना संरचना एकैपटक हटाउने उपायलाई संस्थागत सुधारको विकल्पका रूपमा प्रस्तुत गरिने गरिएको छ । हामी ती आक्रोशका कारण बुझ्छौं र आफ्नो जिम्मेवारी स्वीकार गर्छौं। तर नागरिकको अधिकार र संस्थाको स्वतन्त्रता कमजोर बनाउने निष्कर्ष कदापि स्वीकार्दैनौं।

हाम्रो मान्यता स्वतन्त्र संस्था, निष्पक्ष नियुक्ति, समयबद्ध सेवा, अर्थपूर्ण नागरिक सहभागिता र सार्वजनिक उत्तरदायित्व हो। यसर्थ, कांग्रेसको वर्तमान दायित्व भनेको नै नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्वतन्त्रता, न्याय र सम्मानसहितको जीवन निर्माण गर्ने भरपर्दो आधार हो भन्ने मान्यतालाई संस्थागत गर्नु हो ।

## २. ऐतिहासिक स्मरण र १५औं महाधिवेशनको दायित्व

### २.१ ऐतिहासिक यात्राबाट सिक्नुपर्ने पाठ

कांग्रेसको आठ दशक लामो इतिहास त्याग, संघर्ष र उपलब्धिमात्र होइन, त्यससँगै अपूरा जिम्मेवारी, गुमेका अवसर र यावत् कमजोरीको इतिहास पनि हो। त्यसैले हामी यसलाई वर्तमानलाई दिशा दिने पाठहरूको शृंखलाका रूपमा हेर्छौं। गौरवसँगै प्रश्नहरूको सामना गर्नु र आजको जिम्मेवारी आत्मसात गर्नु नै इतिहासप्रतिको इमानदारी हो।

**वि.सं. २००७** को परिवर्तनले निरंकुशताबाट नागरिक अधिकार र प्रतिनिधित्वमा आधारित व्यवस्थातर्फको बाटो खोल्यो। कांग्रेसले त्यस संघर्षको नेतृत्व गर्‍यो, तर सत्ता हस्तान्तरणसँगै राज्यको संस्थागत संस्कृति र नागरिकलाई हेर्ने दृष्टिकोण बदलिन सकेन। वि.सं. २०१७ मा जननिर्वाचित शासन अन्त्य गरियो र अधिकारहरू खोसिए। यो अनुभवको पाठ स्पष्ट छ: प्राप्त अधिकार सुरक्षित राख्न स्वतन्त्र संस्था, नागरिक चेतना, संगठित समाज र शक्तिमाथिको लोकतान्त्रिक नियन्त्रण आवश्यक हुन्छन्।

**वि.सं. २०४६** को जनआन्दोलनपछिको अनुभवले राजनीतिक खुलापनलाई नागरिकको दैनिक जीवनसँग जोड्नुपर्ने पाठ सिकायो। कांग्रेसले बहुदलीय प्रजातन्त्रको पुनःस्थापना र त्यसपछि शासन तथा आर्थिक सुधारमा नेतृत्वदायी भूमिका खेल्यो। वि.सं. २०४८ पछिका उदारीकरणका नीतिहरुले निजी पहल, लगानी र आर्थिक गतिविधि विस्तार गर्ने आधार बनाए। तर अवसर र सेवा सबै समुदाय तथा भूगोलसम्म समान रूपमा पुगेनन्। सामान्य नागरिकले निर्णय, न्याय र सेवामा आफ्नो न्यायोचित हिस्साको पर्याप्त अनुभूति गर्न सकेनन्। स्थानीय जीवनसम्म नपुगेको लोकतान्त्रीकरण सीमित वृत्तको अभ्यास बन्न पुग्यो; नागरिक र नेतृत्वबीचको दूरीलाई लोकतन्त्रविरोधी शक्तिले पनि उपयोग गरे। यसले सामाजिक न्याय, स्थानीय सहभागिता र जीवनमा देखिने सुधारलाई लोकतान्त्रीकरणको अभिन्न अंग बनाउनुपर्ने आवश्यकता देखायो।

**वि.सं. २०६२/६३** को जनआन्दोलनदेखि २०७२ को संविधान निर्माणसम्म कांग्रेसले शान्ति प्रक्रिया, संविधानसभा र लोकतान्त्रिक राज्य पुनःसंरचना मार्फत शान्ति र अधिकारलाई समावेशी राज्य निर्माणसँग जोड्नुपर्ने शिक्षा दियो। शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धा र निर्वाचित संविधानसभाबाट संविधान निर्माण सामूहिक उपलब्धि बने। तर हिंसा रोकिनुमा र कानुनमा अधिकार लिपिबद्ध हुनुमा मात्र शान्तिको अवस्था हुँदो रहेनछ। पीडितको न्याय, बहिष्करणमा परेका समुदायको समान स्थान र असहमतिको शान्तिपूर्ण समाधानबाट मात्र दिगो शान्ति र समुन्नति सम्भव हुन्छ। जुन जिम्मेवारी अझै बाँकी नै छ।

**वि.सं. २०७२** को संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, समानता र मौलिक हकको आधार स्थापित गर्दै आफ्नो संविधान आफैं बनाउने जनताको आकांक्षा पूरा गर्‍यो। आजको असन्तोषले त्यस उपलब्धिको महत्त्व मेट्न दिनु हुँदैन। उपलब्धिको गौरवले अपूरा वाचा र कार्यान्वयनका कमजोरी ढाक्न पनि मिल्दैन। संविधानपछिको कठोर पाठ हो- कानुनी समानता जीवनमा अनुभूत हुने समतामा बदलिनुपर्छ। मौलिक हक शिक्षा, स्वास्थ्य, न्याय, मानवअधिकार, प्रशासन र रोजगारीका अवसरमा देखिनुपर्छ। संविधान बनेपछि दायित्व पूरा भएको ठान्ने व्यवहारले परिवर्तनको गतिशीलतालाई क्षीण बनायो। हाम्रो पार्टीसमेत यसमा सहभागी बन्न पुग्यो।

यो संवैधानिक उपलब्धि कुनै एउटा राजनीतिक शक्तिको मात्र रचना थिएन। मधेश, आदिवासी जनजाति, थारू, दलित, महिला, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र राज्यको केन्द्रबाट टाढा राखिएका क्षेत्रका संघर्षले पहिचान, प्रतिनिधित्व, भाषा, नागरिकता, समानता र समावेशिताका प्रश्नलाई राष्ट्रिय राजनीतिको केन्द्रमा ल्याए। तिनको योगदान स्वीकार गर्नु इतिहासलाई पूर्ण रूपमा पढ्नु हो। यी अनुभव सुन्ने, न्यायोचित माग स्वीकार गर्ने र संवैधानिक समाधानको बाटो खुला राख्ने हाम्रो जिम्मेवारी आज पनि कायमै छ। यी आन्दोलनले राज्यको एकता समतायुक्त सम्मानबाट बलियो हुन्छ भन्ने सिकाएका छन्। संघीयता बहिष्करणमा परेकाहरूको अनुभव र स्वशासनको आकांक्षाप्रतिको संस्थागत प्राप्ति हो।

**वि.सं. २०८२** भदौको युवा विद्रोहलाई पनि नागरिकले राज्यसँग जवाफदेहिता माग्दै आएको ऐतिहासिक क्रमभित्रै बुझ्नुपर्छ। विद्रोहमार्फत युवाले हामीले अँगालेको लोकतान्त्रिक व्यवस्थालाई अस्वीकार गरेका होइनन्, बरू यसमा व्यापक सुधार खोजेका हुन् । राजनितिक दलहरूसँग पारदर्शिता, योग्यता, कार्यक्षमता र विश्वास मागेका हुन् । हामीले लिएका नीति, कार्यशैली र प्रवृत्तिमा समेत परिवर्तनको माग गरेका हुन् । त्यसलाई आकस्मिक घटना, षड्यन्त्र वा पुस्ताको क्षणिक आवेग भनेर पन्छाउँदा समाजमा विकसित असन्तोष बुझ्नबाट चुकिन्छ। सुशासन, अवसर, निष्पक्षता र सम्मानको माग हामीतर्फ पनि लक्षित थियो। त्यसैले एउटा जिम्मेवार राष्ट्रिय शक्ति भएको नाताले कांग्रेसले परिस्थितलाई सुझबुझपूर्ण ढंगले समाल्दै परिवर्तनका लागि मुखरित आवाजलाई ग्रहण गरेर आत्मसमीक्षा गर्ने र व्यवहार बदल्ने कार्य हुनु जरुरी छ।नागरिकका जायज मागको सम्मान गर्नु र भदौ २३-२४ का सबै घटनाको प्रकृति, क्रम र जिम्मेवारीबारे एउटै निष्कर्ष निकाल्नु फरक कुरा हुन्। जनधनको क्षति, दमन, हिंसा र विनासको स्वतन्त्र तथा निष्पक्ष छानबिन हुनुपर्छ। पीडितको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित हुनुपर्छ। राजनीतिक सुविधाले तथ्य र कानुनी जवाफदेहितालाई प्रतिस्थापन गर्न सक्दैन, गर्नु हुँदैन।

यी कालखण्डको साझा शिक्षा हो- परिवर्तनलाई नागरिकको जीवन, संस्थाको व्यवहार र राज्यसँगको सम्बन्धमा उतार्न नसके उपलब्धि कमजोर हुन्छ। कांग्रेसले परिवर्तन संस्थागत गर्ने, त्यसको लाभ न्यायपूर्ण रूपमा विस्तार गर्ने र आफ्नै शक्तिलाई लोकतान्त्रिक मर्यादाभित्र राख्ने जिम्मेवारी पूरा गर्नुपर्छ।

तसर्थ, यो ऐतिहासिक १५औँ महाधिवेशनमा विगतको सम्मान गर्ने अर्थपूर्ण उपाय माथिको शिक्षालाई संगठन, नीति र सार्वजनिक गतिविधिमा लागू गर्नु हो।

### २.२ १५औँ महाधिवेशनको दायित्व: चार वर्षको नेतृत्व र आगामी दिशा

यस पन्ध्रौँ महाधिवेशनले आगामी चार वर्षका लागि नेतृत्व चयन गर्नेछ। उक्त नेतृत्वले निर्वाह गर्नुपर्ने राजनीतिक, वैचारिक र संगठनात्मक जिम्मेवारी पनि यही महाधिवेशनले स्पष्ट गर्नुपर्छ। नेतृत्वको छनोट र कार्यदिशा फरक विषय होइनन्। आगामी दशकको राष्ट्रिय आकांक्षालाई चार वर्षको नेतृत्वको जिम्मेवारीसँग जोड्ने मार्गदर्शक आधारका रूपमा यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

'राष्ट्रिय पुनर्जागरण र समुन्नति' हाम्रो विगतको निरन्तरता र वर्तमानको सुधार तथा भविष्यको आकांक्षासँग जोड्ने संकल्प हो। राष्ट्रिय पुनर्जागरणले पार्टी, राज्य र नागरिकबीच कमजोर भएको विश्वास तथा लोकतान्त्रिक सामर्थ्यको पुनर्निर्माणलाई अर्थ्याउँछ। समुन्नतिले प्रत्येक नेपालीको जीवनमा स्वतन्त्रता, क्षमता, न्याय, सम्मान र भविष्यप्रति भरोसा विस्तारको उद्देश्यलाई स्पष्ट पार्छ। पार्टीले स्वीकार गरेको राष्ट्रिय पुनर्जागरण अभियान र 'समुन्नत नेपाल, सम्मानित

नेपाली' को ध्येयलाई राजनीतिक व्यवहार, संगठन, सार्वजनिक नीति र परिणामको साझा मानक बनाउनु यस महाधिवेशनको दायित्व हो।

पुनर्जागरणलाई अतीतको गौरवमा फर्कने चाहनामा सीमित गर्नु हुँदैन, न त समुन्नतिको आकांक्षालाई पुरानै संगठन र शासनशैलीको निरन्तरताले नै पूरा गर्छ । सार्वजनिक उद्देश्य र त्यसलाई पूरा गर्ने राजनीतिक साधन दुवैमा नवीनता आवश्यक छ। नागरिकसँग ठूलो जिम्मेवारी माग्नुअघि पहिले हामीले आफूलाई नै बदल्ने जिम्मेवारी पूरा गर्नुपर्छ। त्यसैले हाम्रो पहिलो परीक्षा हाम्रै निर्णयमा हुनेछ- नेतृत्व कसरी चुनिन्छ, सदस्यको कुरा कसरी सुनिन्छ, सार्वजनिक पदमा कसलाई अघि सारिन्छ र गल्ती हुँदा कसरी जवाफ दिइन्छ।

कांग्रेस यो प्रतिबद्धतालाई बजेट, कानुन, नियुक्ति र सेवामा संस्थागत सुधार मार्फत कार्यान्वयन गर्नेछ। सत्ताबाहिर हुँदा विचार, सामाजिक काम, निगरानी र वैकल्पिक नीतिबाट अघि बढाउनेछौं। यसलाई पार्टी र नागरिकबीचको सार्वजनिक प्रतिबद्धताका रूपमा लिन आग्रह गर्दछु। जुन प्रतिबद्धताको पालना गर्ने पहिलो जिम्मेवारी यसलाई प्रस्तुत र अनुमोदन गर्ने हामीमाथि नै हुनेछ।

यही जिम्मेवारी बोकेर हामी देश र पार्टीको जीवनमा गम्भीर उथलपुथल आएको र परिवर्तनको आवश्यकता मुखरित भएको अवस्थामा १५औं महाधिवेशनमा जुटेका छौं। दोस्रो विशेष केन्द्रीय महाधिवेशन त्यही आवश्यकतालाई सम्बोधन गर्ने पार्टीभित्रको लोकतान्त्रिक तथा संस्थागत माध्यम बन्यो। नागरिकसँग कमजोर भएको विश्वास पुनर्निर्माण गर्न आफ्ना कमजोरी स्वीकार गर्ने, राजनीतिक कार्यदिशा सच्याउने र संगठनलाई नयाँ जिम्मेवारीका लागि तयार पार्ने प्रयत्नका रूपमा त्यसलाई बुझ्नुपर्छ। जसले नेपाली जनतासँग सार्वजनिक क्षमायाचना गर्दै पार्टीमा अर्थपूर्ण सुधारको संकल्प अघि बढायो। कांग्रेसले आफ्नै विधान, महाधिवेशन र प्रतिनिधिहरूको निर्णयमार्फत परिवर्तनको बाटो रोजेको छ । तर परिवर्तनको निर्णय गर्नु र त्यसलाई नागरिकले अनुभूत गर्ने व्यवहार तथा परिणाममा उतार्नु एउटै कुरा होइन रहेछ।

फागुन २१ को निर्वाचनमा नेपाली कांग्रेस पराजित भयो। यो तथ्यलाई स्वीकार नगरी नयाँ यात्रा सुरु हुँदैन। जनादेशको सम्मान गर्नु भनेको परिणामलाई औपचारिक रूपमा स्वीकार गर्नु मात्र होइन; नागरिकले हामीमाथि पर्याप्त विश्वास किन गरेनन् भन्ने प्रश्नको इमानदार जवाफ खोज्नु पनि हो। पराजयलाई प्रचारको कमजोरी, प्रतिकूल परिस्थिति वा अरूको सफलतामा मात्र सीमित गरेर बुझ्यौं भने आफ्ना कमजोरी सच्याउने अवसर गुमाउनेछौं र फेरि उही गल्ती दोहोऱ्याउनेछौं।

यो क्रम पार गरेर आज हामी यो ऐतिहासिक १५औं महाधिवेशनमा आइपुगेका छौं। यस महाधिवेशनको जिम्मेवारी विशेष महाधिवेशनले अघि बढाएको सुधारको संकल्पलाई निरन्तरता दिनु, निर्वाचनको सन्देशबाट सिक्नु र दुवैलाई स्पष्ट नीति, संगठनात्मक अभ्यास तथा मापन गर्न सकिने जिम्मेवारीमा रूपान्तरण गर्नु हो। विशेष महाधिवेशनका निर्णयको कार्यान्वयन कहाँ पुग्यो, हाम्रो व्यवहारमा के बदलाव आयो र अझै के बदल्न बाँकी छ भन्ने समीक्षा पनि यही प्रक्रियाको हिस्सा हुनुपर्छ।

तर निर्वाचनमा पराजय मात्र सम्पूर्ण यथार्थ होइन। फागुन २१ को परिणाम बुझ्न भदौ २३ र २४ सम्म फर्कनुपर्छ। ती घटनाको पृष्ठभूमिमा विकसित असन्तोष बुझ्न अझ पछाडि, वि.सं. २०६२/६३ को आन्दोलनदेखि २०८२ सम्मका दुई दशकको राजनीतिक यात्रा पनि हेर्नुपर्छ। नागरिकले परिवर्तनबाट के अपेक्षा गरेका थिए, राज्यले के दियो र यसबीच

कांग्रेस कहाँ उभियो भन्ने प्रश्न हाम्रो आत्ममूल्याङ्कनको केन्द्रमा हुनुपर्छ। इतिहासको योगदान र वर्तमानको अवस्था दुवैलाई इमानदारीपूर्वक हेरेर मात्र हामी आगामी दशकको भरोसायोग्य दिशा तय गर्न सक्छौँ।

## ३. सत्ता-केन्द्रित राजनीति र युवा पुस्तासँगको दूरी: निर्वाचनको परिणाम र गत दुई दशकको आत्मसमीक्षा

### ३.१ परिवर्तनका उपलब्धि र अधुरा वाचा

२०६२/६३ को आन्दोलनले शान्ति, लोकतन्त्र, समावेशिता र नयाँ अवसरको अपेक्षा जगायो। शान्ति प्रक्रिया, संविधानसभा र २०७२ को संविधानले ती आकांक्षालाई संस्थागत आधार दिए। संघीय लोकतान्त्रिक गणतन्त्र, मौलिक हक, प्रतिनिधित्व र स्थानीय सरकारको विस्तार महत्त्वपूर्ण उपलब्धि हुन्। संविधान निर्माणको कठिन यात्रा र त्यसपछि तीन तहका निर्वाचनबाट बनेका संरचनाको महत्वलाई हामी कम आँक्न सक्दैनौं।

तर नागरिकको अपेक्षा संरचना निर्माणभन्दा अगाडि थियो। तिनले न्यायमा पहुँच, गुणस्तरीय शिक्षा, भरपर्दो स्वास्थ्य सेवा, सम्मानजनक काम र आफ्नै देशमा भविष्य खोजेका थिए। संविधानमा अधिकार थपिँदा सरकारी कार्यालयमा अकर्मण्यता घट्छ भन्ने अपेक्षा थियो। प्रतिनिधित्व बढ्दा आफ्नो आवाज निर्णयमा पुग्छ भन्ने विश्वास थियो। शान्तिपछि उत्पादन, उद्यम र रोजगारी बढ्छ भन्ने आशा थियो। धेरै नागरिकका लागि यी अपेक्षा र दैनिक अनुभवबीचको दूरी घटेन। कतिपय अवस्थामा त्यो दूरी झन् बढेको अनुभूति भयो।

पहिलो दशकको ठूलो ऊर्जा द्वन्द्वबाट शान्ति र संविधानसम्मको संक्रमणमा खर्च भयो। संविधानपछिको दशकमा त्यही ऊर्जा कार्यान्वयन, सार्वजनिक सेवा र आर्थिक रूपान्तरणमा केन्द्रित हुनुपर्थ्यो। हामीले त्यसअनुसार प्राथमिकता, कार्यशैली र संस्थागत क्षमता बदल्न सकेनौं। संविधानको रक्षा गर्ने दायित्वसँगै त्यसको वाचा पूरा गर्ने कुरामा पर्याप्त गम्भीर हुन सकेनौं।

यद्यपि यस अवधिको उपलब्धिलाई पनि हामीले इमानदारीपूर्वक अभिलेख गर्नुपर्छ। संविधानपछिका दुई निर्वाचन चक्रले तीन तहका निर्वाचित संरचना र स्थानीय प्रतिनिधित्वलाई निरन्तरता दिए। प्रदेश र स्थानीय संस्थाले काम गर्ने आधार निर्माण भयो। आधारभूत सेवा र पूर्वाधारका लागि नागरिकको पहुँच वडा तथा स्थानीय स्तरसम्म विस्तार भयो। भूकम्प, महामारीजस्ता अकल्पनीय कठिनाइबीच पनि संवैधानिक जीवनको निरन्तरता कायम रह्यो। यी उपलब्धिलाई शून्य मानेर गरिएको मूल्याङ्कन पूर्ण हुँदैन।

संविधान र संसदको रक्षाका लागि भएका संघर्षले अदालत, नागरिक समाज र राजनीतिक दलको भूमिकाको महत्त्व दर्साए। तर व्यवस्था टिक्नु र त्यसले राम्रो काम गर्नु फरक विषय हुन्। संस्थाको अस्तित्व जोगाएको आधारमा मात्र नागरिकको सेवा, रोजगारी र न्यायको अपेक्षा पूरा भएको मान्न मिल्दैन। उपलब्धिको रक्षा र कमजोरीको स्वीकारोक्ति एकैसाथ गर्न सक्नु नै परिपक्व आत्ममूल्याङ्कन हो भन्ने हाम्रो विश्वास छ ।

### ३.२ सत्ता-केन्द्रित राजनीति र संगठनमा हाम्रा त्रुटी

परिवर्तनका आन्दोलन र राज्य सञ्चालनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको कांग्रेसले दुई दशकका शासनगत कमजोरीको जिम्मेवारी अरूको भागमा पन्छाउन मिल्दैन। हामीले उद्देश्यभन्दा पद र सत्तालाई महत्त्व दियौं र नीतिगत सहकार्य लेनदेनमा सीमित भयो। भ्रष्टाचार र अनियमितताका प्रश्नमा आफ्नै पक्षलाई जोगाउने र नियुक्तिमा भागबन्डा गर्ने प्रवृत्तिले नैतिक विश्वसनीयता, संस्थाको स्वायत्तता र योग्यताको सम्मानलाई कमजोर बनायो। सरकार फेरिँदा

कार्यक्रम रोक्ने अभ्यासले नीतिगत निरन्तरता भङ्ग गर्‍यो। नेतृत्वको कमजोर कार्यसम्पादन र विश्वसनीयतामा आएको ह्रासले यस अवधिमा हासिल भएका वास्तविक तथा ठोस उपलब्धिसमेत ओझेलमा पारे। उपलब्धिको महत्त्व नागरिकको अनुभवमा स्थापित गर्न र तिनका आधारमा विश्वास कायम राख्न नसक्नु पनि हाम्रो नेतृत्वको कमजोरी रह्यो।

पार्टी जीवन नागरिकको सरोकारभन्दा टिकट वितरण र गुटीय समीकरणमा खुम्चियो। संगठन निर्वाचनकेन्द्रित भयो । अध्ययन र सामुदायिक काम बेवास्तामा परे र अवसरमा क्षमताभन्दा नेतृत्वसँगको निकटता हावी भयो। निर्वाचनपूर्वको गठबन्धनले पार्टीको स्वतन्त्र पहिचान र जनसम्बन्ध सिथिल बनायो। युवालाई पर्याप्त सहभागिता नदिँदा र अल्पकालीन सत्ताका लागि मूल्य-मान्यतामा सम्झौता गर्दा लोकतन्त्रमा विश्वास राख्ने नागरिकको भरोसा पनि घट्दै गयो। यो विश्वास प्रचारबाट मात्र फर्कँदैन, आलोचना सुन्ने, गल्ती सच्याउने र आफैंमाथि पनि नियम लागू गर्दै लोकतान्त्रिक मूल्यमा अडिने व्यवहारबाट हामीले यो विश्वास आर्जन गर्नुपर्नेछ ।

यी स्वीकारोक्तिको अर्थ आत्मनिन्दा वा  कसैमाथि मात्र दोष थोपर्नु होइन। गलत अभ्यास दोहोर्‍याउन  बल पुर्‍याउने संस्थागत कमजोरी पहिचान गरेर तिनलाई बदल्नु हो। दोस्रो विशेष केन्द्रीय महाधिवेशनको आत्मसमीक्षा र क्षमायाचनालाई सार्थक बनाउने बाटो यही नै हो। पार्टीको संगठन, उम्मेदवार छनोट, सार्वजनिक नियुक्ति, सरकार सञ्चालन र नागरिकसँगको सम्बन्धमा देखिने परिवर्तन नै हाम्रो इमानदारीको परीक्षा हुनेछ।

यस अवधिमा नेपालको जनसांख्यिक संरचना, बसोबास र नागरिकका अपेक्षा बदलिइरहेका थिए। नयाँ पुस्ताले अवसर, सहभागिता र आफ्नो जीवनमा देखिने परिणाम खोजिरहेको थियो। डिजिटल तथा नयाँ सञ्चार माध्यमले सूचना, तुलना र अभिव्यक्तिको पहुँच विस्तार गरे। आन्तरिक बसाइँसराइ र वैदेशिक रोजगारीका कारण परिवार तथा समुदायको जीवन बदलियो। रोजगारीको अभाव र विदेशिनुपर्ने बाध्यताले नेपालमै भविष्य निर्माण गर्न सकिने विश्वास कमजोर बनायो। तर नेतृत्वले यी परिवर्तित अवस्था बुझेर नीति, संगठन र शासनको कार्यशैली बदल्न आवश्यक पहल र प्रयत्न गरेन। अपेक्षित परिणाम नआउनुको कारण प्रतिकूल परिस्थिति मात्र थिएन, बदलिँदो समाजका आवश्यकतालाई राजनीतिक कार्यसूची र प्रभावकारी काममा रूपान्तरण गर्न नसक्नुमा हाम्रो आफ्नै नेतृत्वको त्रुटी पनि रह्यो।

यिनै कमजोरी, पूरा नभएका अपेक्षा र नागरिकसँग बढ्दै गएको दूरीले असन्तोष गहिरिने पृष्ठभूमि तयार पार्‍यो। राजनीतिक व्यवस्था र नेतृत्व फेरिए पनि आफ्नो दैनिक जीवनमा अपेक्षित सुधार नदेख्दा नागरिकको निराशा शासन र सार्वजनिक संस्थाप्रतिको अविश्वासमा बदलिँदै गयो। विशेषतः नयाँ पुस्ताले अवसर, निष्पक्षता र निर्णयमा सहभागिता खोजिरहेको थियो, तर नेतृत्वले त्यसका लागि विश्वास दिलाउन सकेन। समयमै सुन्न र सम्बोधन गर्न नसकिएको यही असन्तोष भदौ २३ र २४ मा प्रस्फुटन भएको हो । जसमा भ्रष्टाचार र कुशासनप्रतिको विरोधसँगै सम्मानजनक जीवन, जवाफदेही नेतृत्व र आफ्नै देशमा भविष्य निर्माण गर्न सकिने भरोसाको माग थियो। त्यसैले ती घटनालाई बुझ्न हामीले तत्कालीन परिस्थितिसँगै त्यसअघिका शासनगत कमजोरी र नागरिकसँग बढ्दै गएको दूरीलाई पनि हेर्नुपर्छ।

### ३. ३ २०८२ भदौको युवा विद्रोह देखि १५औं महाधिवेशनसम्म

वि.सं. २०८२ भदौको युवा विद्रोहलाई नेतृत्वको असफलताको पुनरावृत्ति, सार्वजनिक संस्थाको घट्दो विश्वसनीयता, कुशासन र भ्रष्टाचारप्रति सञ्चित नागरिक असन्तोषको अभिव्यक्तिका रूपमा बुझ्नुपर्छ। नयाँ पुस्ताले हाम्रो ऐतिहासिक योगदानको स्मरणभन्दा वर्तमान काम र कार्यशैलीको हिसाब खोजिरहेको थियो। तत्कालीन सत्ताको साझेदारका रूपमा

यी प्रश्न हामीतर्फ पनि लक्षित थिए। नागरिकको आवाज समयमै सुन्न, समस्याको गम्भीरता बुझ्न र सुधारका लागि प्रभावकारी हस्तक्षेप गर्न हामी चुक्यौं।

त्यो युवा विद्रोहप्रति दुई विपरीत प्रवृत्ति देखिए। सत्ताको अभ्यास र शासनका कमजोरीको हिसाब दिनुपर्ने एउटा प्रवृत्तिले त्यसलाई षड्यन्त्रको व्याख्यामा सीमित गर्दै नागरिकको वास्तविक असन्तोषलाई नै अस्वीकार गर्न खोज्यो। भ्रष्टाचार, अवसरको अभाव र नेतृत्वको जवाफदेहिताबारे उठेका प्रश्नको उत्तर दिनुभन्दा प्रश्न उठाउनेहरूको नियतमाथि शंका गरियो। नागरिकको आक्रोशमा आफ्नै शासनको भूमिका खोजिएन, दोष अरूतर्फ सारियो।

नयाँपनको दाबी गर्ने अर्को प्रवृत्तिले नागरिकको आक्रोश र आन्दोलनको ऊर्जालाई आफ्नो राजनीतिक स्वार्थअनुकूल मोड्दै परिवर्तनको एकल प्रतिनिधि बन्न खोज्यो। नागरिकको आक्रोश र आन्दोलनको ऊर्जालाई लोकतान्त्रिक सुधार र साझा राष्ट्रिय प्रयत्नमा रूपान्तरण गर्नु हाम्रो जिम्मेवारी हो। नागरिकको स्वतन्त्र आवाज र विविध आकांक्षालाई सम्मान गर्दै हामीले परिवर्तनको यात्रामा व्यापक सहभागिता र साझा स्वामित्व निर्माण गर्नुपर्छ। नयाँपनलाई सार्थक बनाउने आधार स्पष्ट कार्यदिशा, जवाफदेही व्यवहार र नागरिकको जीवनमा देखिने सुधार नै हुन्।

यी दुई प्रवृत्ति विपरीत देखिए पनि दुवैले नागरिकको स्वतन्त्र विवेकलाई आफ्नो सुविधाअनुसार अर्थ दिन खोज्छन्। एउटाले नागरिकको आवाजलाई अविश्वास गर्छ; अर्कोले त्यसमा आफ्नो एकाधिकार खोज्छ। तर जनआक्रोश कसैको निजी राजनीतिक सम्पत्ति होइन। त्यसको जायज पक्षलाई अस्वीकार गर्ने अधिकार सत्तामा बसेकालाई छैन, त्यसको सम्पूर्ण स्वामित्व दाबी गर्ने अधिकार नयाँपनको प्रचार गर्नेलाई पनि छैन।

नेपाली कांग्रेस यी दुवै प्रवृत्तिसँग सहमत छैन। आन्दोलनका मूल माग वास्तविक र जायज थिए। तर जायज आक्रोशबाट निकालिएका सबै निष्कर्ष सही भने थिएनन्। संस्थाको कमजोरीलाई संस्था नै समाप्त गर्ने बहाना बनाउनु, हिंसा र ध्वंसलाई परिवर्तनको साधन मान्नु वा कुनै व्यक्तिको इच्छाशक्तिलाई लोकतान्त्रिक प्रक्रियाको विकल्प ठान्नु स्वीकार्य हुन सक्दैन। नागरिकको माग सुन्ने, आफ्ना त्रुटी सच्याउने र लोकतान्त्रिक संस्थालाई परिणाम दिन सक्ने बनाउने बाटो नै कांग्रेसको अबको बाटो हो।

यही संकल्पलाई लोकतान्त्रिक प्रक्रियाबाट सम्बोधन गर्न कांग्रेस विशेष केन्द्रीय महाधिवेशनमा गयो। आफ्नै विधान र प्रतिनिधिहरूको पहल तथा सहभागिताबाट आत्मसमीक्षा, सार्वजनिक क्षमायाचना, नेतृत्व र कार्यशैलीमा परिवर्तन तथा राष्ट्रिय पुनर्जागरणको संकल्प अघि बढाइयो। कांग्रेसले परिवर्तनका लागि आफ्नै लोकतान्त्रिक र संस्थागत बाटो रोज्यो। त्यस प्रक्रियाबाट प्राप्त नयाँ आन्तरिक जनादेश र सुधारको प्रतिबद्धता लिएर हामी निर्वाचनमा सहभागी भयौं।

तर नयाँ संकल्प मात्र नागरिकको विश्वास पुनःस्थापित गर्न पर्याप्त भएन। सुधारको प्रयासले पुराना अनुभवको भार तत्काल बिसाउन सकेन; नागरिकको दृष्टिमा हाम्रो परिवर्तन ढिलो र अपर्याप्त ठहरियो। निर्वाचनमा हामी पराजित भयौं र जनादेशले हामीलाई प्रतिपक्षको जिम्मेवारी दिएको छ। यसलाई आत्मसात गर्दै सरकारको निगरानी, नागरिकका मागको प्रतिनिधित्व र विश्वसनीय विकल्प निर्माणमा हामी केन्द्रित हुनुपर्छ। जनतासँग मागिएको क्षमालाई कार्यक्रम र व्यवहारमा बदल्न सकेनौं भने त्यो पनि थप निराशाको कारण बन्नेछ।

यही अनुभव र जिम्मेवारी लिएर अब हामी १५औं महाधिवेशनमा आएका छौं। यस महाधिवेशनले दोस्रो विशेष महाधिवेशनबाट सुरु भएको नवीनताको ध्येयलाई निरन्तरता दिँदै निर्वाचनको सन्देशलाई स्पष्ट नीति, संगठनात्मक

सुधार र सार्वजनिक जवाफदेहितामा उतार्नुपर्छ। पराजयले हाम्रो सम्पूर्ण इतिहास र भविष्यलाई व्याख्या गर्दैन, साथसाथै त्यसको अर्थ बुझेर गल्ती सच्याउने जिम्मेवारीबाट पनि मुक्त गर्दैन।

### ४. वर्तमान राष्ट्रिय परिवेश

भदौ २३ र २४ को घटनापछि देश संवैधानिक प्रक्रियामा अवरोध, रिक्तता र राजनीतिक अनिश्चितताको अवस्थाबाट गुज्रियो। तत्कालीन अन्योललाई तदर्थ निर्णय र अन्तरिम व्यवस्थाबाट सम्हाल्दै देश निर्वाचनसम्म आइपुग्यो। फागुन २१ को निर्वाचनले संवैधानिक प्रक्रियालाई पुनः नियमित लयमा फर्काएको छ। नागरिकले लामो समयदेखि अपेक्षा गरेको स्थिर सरकारका लागि एउटै दलले प्रचण्ड बहुमत प्राप्त गरेको छ। अहिले निर्वाचित संसद छ, सरकार छ र संवैधानिक व्यवस्था फेरि क्रियाशील छ। यो लोकतान्त्रिक जीवनको महत्त्वपूर्ण उपलब्धि हो।

तर राजनीतिक प्रक्रिया नियमित हुनु र नागरिकको जीवनमा भरोसा फर्कनु एउटै कुरा होइन। संसदीय संख्याले सरकारको स्थिरता देखाउँछ, तर त्यसले समाजभित्रको उकुसमुकुस मापन गर्दैन। बाहिरबाट व्यवस्थित देखिएको राजनीतिक अवस्थाको सतहमुनि गहिरा संरचनागत, ऐतिहासिक र बहुआयामिक समस्या कायम छन्। सार्वजनिक संस्था, राजनीतिक वाचा र एकअर्काको नियतप्रतिको विश्वास कमजोर छ। भदौका अनुत्तरित प्रश्नले पीडा र अविश्वासलाई पनि जीवित राखेका छन्।

समाजभित्र उत्पन यो असहजता भ्रष्टाचार, कुशासन, ढिलासुस्ती, अवसरको असमानता र लामो समयसम्म परिणाम नआएको अनुभवबाट बनेको हो। नागरिकले आफ्नो जीवनका महत्त्वपूर्ण वर्ष प्रतीक्षामा बिताएको अनुभूति गरेका छन्। त्यसैले 'प्रक्रिया चल्दै छ', 'समय लाग्छ' वा 'व्यवस्थाले विस्तारै समाधान दिन्छ' भन्ने आश्वासनप्रति उसको धैर्य क्षीण भएको छ। उसले परिवर्तन मात्र खोजेको छैन; आफ्नो जीवनमा अनुभूत हुने नतिजा खोजेको छ। कतिपय नागरिक आक्रोशित छन्, कतिपय भय र चिन्तामा छन्, कतिपय 'केही बदलिँदैन' भन्दै सार्वजनिक जीवनबाट टाढिँदै छन्।

यही मनस्थितिमा तत्काल र सहज समाधानको आश्वासनले महत्व पाएको छ। जटिल समस्याको बनिबनाउ समाधानको उपाय छ र नेतृत्वको इच्छाशक्तिले सबै कुरा छिट्टै बदलिन्छ भन्ने विश्वास विस्तार भएको छ। तर अपेक्षाको उचाइ र परिणाम दिने वास्तविक क्षमताबीच तादम्यता नहुँदा त्यही आकर्षण फेरि निराशामा बदलिन सक्छ। रातारात नायक बनाइएको व्यक्ति रातारात खलनायक ठहरिन सक्ने वातावरणमा लोकप्रियता तीव्र हुन्छ, विश्वास कमजोर हुन्छ। संस्थाको विश्वसनीय आधार नहुँदा नागरिकको आशा र असन्तोष दुवै नै व्यक्तिको छविसँगै अस्थिर भइरहन्छन्।

यो बेचैनीको अर्को गहिरो आयाम पुस्ताहरूबीचको अविश्वास हो। नयाँ पुस्ताको एउटा तप्कामा नेपालको इतिहासमा उल्लेखनीय केही भएन र वर्तमानमा पनि केही ठीक छैन भन्ने बुझाईले जरो गाडेको छ। उसले विगतका संघर्ष र उपलब्धिमा आफ्नो जीवनसँग जोडिने अर्थ कम भेटेको छ। अर्कोतर्फ, अग्रजको एउटा तप्का युवाको प्रश्नलाई अनुभवको अभाव वा अधैर्यका रूपमा बुझ्छ। यसरी इतिहासप्रतिको गर्व र भविष्यप्रतिको आकांक्षा परस्पर विरोधी बनेका छन्। संवादको ठाउँमा आरोप आउँदा समाजले आफ्नो स्मृति र ऊर्जा दुवैबाट पूरा लाभ लिन सक्दैन।

यस्तो दूरी राजनीतिक बहसमा मात्र छैन; घरघरमा, परिवारमा र समुदायमै छ। एउटै घटनालाई हेर्ने दृष्टि, सूचना प्राप्त गर्ने माध्यम र सफलता तथा न्याय बुझ्ने तरिका पुस्ताअनुसार फरक भएका छन्। अग्रजले आफ्नो योगदानको अवमूल्यन भएको अनुभव गर्छन्, युवाले आफ्नो आवाज र सामर्थ्यको अवमूल्यन भएको अनुभव गर्छन्। नयाँ पुस्तालाई पनि एउटै

समूहमा राखेर बुझ्न मिल्दैन। आर्थिक अवस्था, जात, लिङ्ग, भूगोल, शिक्षा र प्रवासको अनुभवअनुसार उसका अवसर र अपेक्षा फरक छन्।

नेपालको राजनीतिक यात्रामा सामाजिक अविश्वासका स्वरूप बदलिँदै आएका छन्। द्वन्द्वकालको विभाजन, २०६२/६३ पछिको पहाड–मधेस दूरी र जातीय तथा सामुदायिक तनावले विभिन्न समयमा राष्ट्रिय सम्बन्धलाई प्रभावित गरे। संवाद र राजनीतिक प्रक्रियाले ती दूरीका कतिपय पक्ष क्रमशः कम गरे, यद्यपि तिनका सबै प्रश्न समाधान भएका छैनन्। अहिले पुस्ताहरूबीचको दूरी सामाजिक सम्बन्धको प्रमुख तनावका रूपमा देखिएको छ। यस्ता विभाजनबीच सम्बन्ध कायम गर्ने, असहमत पक्षलाई संवादमा ल्याउने र साझा राष्ट्रिय आधार खोज्ने कांग्रेसको राजनीतिक परम्परा हो। मध्यस्थता, समन्वय र संयोजन राष्ट्रिय शक्तिका रूपमा हाम्रो परिचयका आधार हुन्। अहिलेको पुस्तागत अविश्वासले यही परिचयको सान्दर्भिकतालाई फेरि अगाडि ल्याएको छ।

डिजिटल माध्यमले यी परिवर्तनलाई थप तीव्र बनाएको छ। अभिव्यक्तिको पहुँच बढेको छ, तर आवाज निर्णयमा पुग्ने बाटो त्यही अनुपातमा बलियो भएको छैन। सूचना धेरै छ, तर तथ्यमा सहमत भएर बहस गर्ने साझा आधार कमजोर छ। व्यक्तिगत असन्तोषलाई साझा सार्वजनिक सरोकारमा जोड्ने संगठन र संवाद खुकुलिएका छन्। सामाजिक सञ्जालमा ध्यान र प्रतिक्रिया तान्ने प्रतिस्पर्धाले तथ्यभन्दा उत्तेजना तथा सनसनीलाई बल दिएको छ। नागरिक एकअर्कासँग निरन्तर सम्पर्कमा छन्, तर एकअर्कालाई बुझ्ने र विश्वास गर्ने सम्बन्ध त्यही गतिमा विस्तार भएको छैन।

आर्थिक जीवनको असुरक्षाले यो अवस्थालाई अझ गहिरो बनाएको छ। उत्पादन र सम्मानजनक रोजगारी पर्याप्त विस्तार नहुँदा परिवारको भविष्य विदेशको अवसरसँग जोडिएको छ, बाध्यतावश नचाहँदै नचाहँदै देश छाडेर विदेशिनु परेकोछ । मोबाइलमा संसारका सम्भावना देख्ने तर आफ्नै देशमा तिनको अभाव महसुस गर्ने नागरिकको आकांक्षा र सार्वजनिक संस्थाको क्षमताबीच ठूलो अन्तर छ। बसाइँसराइले श्रम र आम्दानीसँगै खेती, स्थानीय नेतृत्व, हेरचाह र सामाजिक सम्बन्ध बदलिरहेको छ। नागरिक गाउँको परिवार, शहरको काम, विदेशका आफन्त र डिजिटल समुदायसँग एकै समयमा जोडिएको छ; तर अधिकार, सेवा र राजनीतिक सहभागिताका धेरै व्यवस्था अझै स्थायी ठेगानामा केन्द्रित छन्।

देशभित्रको बसोबास पनि एउटै ढाँचामा छैन। जनसंख्या घटिरहेका पहाडी बस्ती, विस्तार भइरहेको मधेश तथा राजमार्गका बजार र चाप बढिरहेका ठूला शहरका अवस्था फरक छन्। नगरपालिका घोषणा र वास्तविक शहरी सुविधाबीच दूरी छ। आवास, यातायात, खानेपानी, शिक्षा र स्वास्थ्यको माग बदलिँदा सेवा र पूर्वाधारको विस्तारले त्यसको गति समात्न सकेको छैन। साधन भएका परिवार निजी विकल्पमा जाने र कमजोर परिवार कमजोर सार्वजनिक सेवामै निर्भर रहने अवस्थाले असमानतासँगै साझा नागरिक अनुभव पनि खुम्च्याएको छ।

परिवारको संरचना बदलिँदा बालबालिका, ज्येष्ठ नागरिक र बिरामीको हेरचाहको भार पनि बदलिएको छ। यसको ठूलो हिस्सा महिलामाथि पर्दा उनीहरूको शिक्षा, रोजगारी र सार्वजनिक सहभागिता प्रभावित हुन्छ। वृद्धावस्था, एक्लोपन, मानसिक स्वास्थ्य र सामाजिक सुरक्षाका प्रश्न थपिएका छन्। जलवायु परिवर्तन, विपद्, पानीको संकट र वातावरणीय क्षतिले जीविकोपार्जन असुरक्षित बनाएका छन्। प्रविधि र कृत्रिम बुद्धिमत्ताले काम तथा प्रतिस्पर्धाको स्वरूप बदलिरहेका छन्। भूराजनीतिक प्रतिस्पर्धाले नेपालको आर्थिक सम्बन्ध, नागरिकको सुरक्षा र स्वतन्त्र निर्णय क्षमतामा थप दबाब सिर्जना गरेको छ। त्यसैले आजको बेचैनी कुनै एउटै घटना वा सरकारसँग मात्र सम्बन्धित छैन।

राजनीतिक बहसमा यो जटिलताको पर्याप्त अभिव्यक्ति छैन। देशको अवस्थाबारे कहिले नयाँ नेतृत्व र निर्वाचनसँगै सबै कुरा ठीक भइसकेको चित्र प्रस्तुत हुन्छ, कहिले सबै उपलब्धि समाप्त भएको र हरेक परिवर्तन षड्यन्त्र भएको निष्कर्ष सुनाइन्छ। एउटा चित्रले बाँकी समस्यालाई ओझेलमा पार्छ; अर्कोले सुधार सम्भव छ भन्ने विश्वास नै कमजोर बनाउँछ। देशको यथार्थ यी दुवै अतिरञ्जनाभन्दा गहिरो छ। संवैधानिक निरन्तरता फर्किएको छ, तर सामाजिक विश्वास अझै कमजोर छ। सरकार स्थायित्वको आधार बनेको छ, तर नागरिकको जीवन र भविष्यप्रतिको भरोसा अझै अस्थिर छ।

यही अवस्थामा राजनीतिमा व्यक्तिको असाधारण छवि, लोकरिझ्याइँ र सबै कुरा निरर्थक ठान्ने निराशाले ठाउँ पाएका छन्। सार्वजनिक भावनालाई बुझ्नेभन्दा पनि त्यसलाई पक्ष र विपक्षको परिचालनमा प्रयोग गर्ने प्रवृत्ति बढेको छ। संख्याको बललाई नीतिको स्पष्टता, प्रचारको दृश्यलाई कार्यसम्पादन र तत्कालीन निर्णयलाई दीर्घकालीन क्षमताको प्रमाण मान्ने अभ्यास देखिन्छ। पुराना दलसँग नागरिकका सम्बन्ध खुकुलिएका छन्, तर नयाँ समर्थन पनि दिगो संस्थागत विश्वासमा बदलिइसकेको छैन। 'पैंतीस वर्षको असफलता' जस्तो एउटै व्याख्याले इतिहासका विविध अनुभव र वर्तमान समस्याको फरक प्रकृति समेट्न सक्दैन।

शासनको आलोचना र लोकतान्त्रिक व्यवस्थाको अस्वीकारबीचको भेद पनि धमिलो हुन थालेको छ। संस्थाको कमजोरीलाई संस्था स्वयं अनावश्यक भएको निष्कर्षमा बदल्ने, कानुन र उत्तरदायित्वभन्दा व्यक्तिको इच्छाशक्तिलाई पर्याप्त ठान्ने बुझाइले यही असन्तोषबाट बल पाउँछ। यहाँ प्रश्न नयाँ वा पुरानो दलको होइन; सार्वजनिक शक्ति कसरी प्रयोग हुन्छ भन्ने हो। शासकको असफलताले नागरिकको अधिकारको महत्त्व घटाउँदैन, र लोकप्रियताले संस्थागत कमजोरीको जोखिम मेटाउँदैन।

आजको राष्ट्रिय परिवेशको मूल विरोधाभास यही हो: संवैधानिक प्रक्रिया लयमा छ, तर समाजको मन ढुक्क छैन। स्थिर सरकारको सम्भावना र नागरिक विश्वासमा अस्थिरता सँगसँगै छन्। छिटो परिणामको तीव्र चाहना छ, तर त्यस्तो परिणामलाई विश्वसनीय र दिगो बनाउने संस्थाप्रतिको भरोसा कमजोर छ। पुस्ताहरूबीच दूरी छ, समुदाय र परिवारभित्र चिन्ता छ, र राजनीतिक सम्बन्धमा आकर्षण तथा निराशाको तीव्र उतारचढाव छ। बाहिर देखिएको स्थिरताको मात्र वर्णनले यो यथार्थलाई लुकाउन सक्दैन। यही बेचैनी, कमजोर विश्वास र बदलिँदो सामाजिक सम्बन्ध अहिलेका राष्ट्रिय केन्द्रीय प्रश्न हुन्।

## खण्ड ख: कांग्रेसको पहिचान र राष्ट्रिय दायित्व

### ५. राष्ट्रिय शक्ति र जिम्मेवार प्रतिपक्षका रूपमा कांग्रेस

अघिल्लो खण्डमा चर्चा गरिएको नागरिक बेचैनीले शासनको शैलीसँगै आफ्नो जीवनमा परिवर्तन खोजेको छ। सरकारसँग बलियो जनादेश छ, तर त्यसअनुरूप कार्यसम्पादन भने कमजोर देखिन्छ। परिवर्तनको मागप्रतिको राजनीतिक प्रतिक्रिया अझै धेरै हदसम्म समस्याको कारणभन्दा लक्षणमा, संस्थागत सुधारभन्दा तत्कालीन व्यवस्थापनमा र परिणामभन्दा दिखावामा केन्द्रित छ। नातावाद, कृपावाद र लेनदेनको राजनीतिप्रतिको असन्तोषलाई सम्बोधन गर्ने क्रममा पनि व्यक्तिको असाधारण छवि, लोकरिझ्याइँ र इतिहासको समग्र अस्वीकारले ठाउँ पाएका छन्। नागरिकको भावना

बुझ्नेभन्दा त्यसलाई राजनीतिक परिचालनको हतियार बनाउने प्रवृत्ति देखिन्छ। जीवन बदल्नेभन्दा 'लाइक' गर्ने राजनीतिले क्षणिक आकर्षण त सिर्जना गर्न सक्छ तर परिवर्तनको वास्तविक आकांक्षा पूरा गर्न सक्दैन।

यस्तो परिवेशमा नेपाली कांग्रेसको भूमिका स्पष्ट हुनुपर्छ। संघीय संसद्मा हामी प्रतिपक्षमा छौँ। कतिपय प्रदेश र स्थानीय तहमा सरकारको नेतृत्व वा साझेदारीमा छौँ। जहाँ सार्वजनिक जिम्मेवारीमा छौँ, त्यहाँ निष्पक्ष सेवा र परिणाम दिनेछौँ; जहाँ प्रतिपक्षमा छौँ, त्यहाँ प्रभावकारी निगरानी र विश्वसनीय विकल्प प्रस्तुत गर्नेछौँ। आफ्ना र अरूका लागि फरक मापदण्ड राखेर यो भूमिका निर्वाह हुँदैन। १५औँ महाधिवेशनले यही स्पष्टतासहित हाम्रो राजनीतिक कार्यदिशा तय गर्नेछ।

### ५.१ नागरिकको आवाज र संसदमा प्रतिपक्षीय भूमिका

संघीय संसदमा प्राप्त प्रतिपक्षको जिम्मेवारीलाई हामीले अझ सशक्त र प्रभावकारी बनाउनु आवश्यक छ। हाम्रो काम सरकार असफल हुने प्रतीक्षा गर्नु होइन- नीति, बजेट र खर्चको परीक्षण गर्नु, कानुन निर्माणमा सुधार गर्नु, नागरिकका प्रश्न उठाउनु र सरकारी अधिकारमाथि लोकतान्त्रिक निगरानी राख्नु हो। सार्वजनिक हितका सही काममा हामी सहयोग गर्नेछौँ। अधिकार हनन, भ्रष्टाचार, अनुचित नियुक्ति र संस्थाको स्वतन्त्रतामाथिको हस्तक्षेपमा प्रष्ट प्रतिरोध गर्नेछौँ।

संसद्मा प्रश्न उठाएपछि त्यसलाई नतिजामा नपुऱ्याएरै छोड्ने अभ्यास हामीले बदल्नु छ। नागरिकको अनुभव सुन्ने, तथ्य संकलन गर्ने, सम्बन्धित निकायसँग जवाफ माग्ने, संसदीय बहस तथा समितिमार्फत निर्णयको परीक्षण गर्ने र कार्यान्वयनको प्रगति पछयाउने सम्पूर्ण चक्र पूरा गर्नुपर्छ। सरकारलाई नागरिकको आवाज सुनाउनु मात्र पर्याप्त छैन; त्यसअनुसार सरकारले आफ्नो निर्णय र व्यवहारबाट जवाफ दिन बाध्य बनाउनु प्रतिपक्षको जिम्मेवारी हो। उठाइएको विषयको टुङ्गो लगाउने र त्यसको परिणाम हामी नागरिकसम्म पुऱ्याउने छौँ। हाम्रो संसदीय उपस्थिति भाषणमा मात्र होइन, समस्याको समाधान र सार्वजनिक उत्तरदायित्वमा देखिनुपर्छ।

जवाफदेहिताको अर्थ भ्रष्टाचारको अनुसन्धान वा मन्त्रीसँग जवाफ माग्नुमा मात्र सीमित हुँदैन। सार्वजनिक निर्णय किन भयो, जिम्मेवारी कसले लियो, अपेक्षित परिणाम के थियो, वास्तवमा के भयो र गल्ती हुँदा कसरी सच्याइयो भन्ने प्रश्न पनि त्यसका हिस्सा हुन्। निर्णयदेखि परिणाम र सुधारसम्मको यो सम्बन्ध स्पष्ट हुँदा मात्र नागरिकले निगरानीको सार्थकता अनुभव गर्छन्। आलोचनासँगै वैकल्पिक नीति र त्यसको कार्यान्वयनको आधार प्रस्तुत गर्न सक्नु हाम्रो प्रतिपक्षीय क्षमताको महत्त्वपूर्ण पाटो हुनेछ।

यो भूमिका आफ्नै पक्षमा पनि लागू हुनुपर्छ। प्रदेश तथा स्थानीय तहमा कांग्रेसको नेतृत्व वा सहभागिता हुँदा संघीय संसद्को प्रतिपक्षीय भूमिकाले त्यहाँको जिम्मेवारी घटाउँदैन। आफ्नै दलबाट निर्वाचित जनप्रतिनिधिमाथि उठेका प्रश्नमा तथ्य र सार्वजनिक हितलाई आधार बनाइनेछ। उचित आलोचना भए स्वीकार गरेर गल्ती सच्याउनेछौँ। सरकारको विरोध गर्दा सार्वजनिक संस्था कमजोर बनाउने वा सुधारको माग गर्दा संवैधानिक विधि छोड्ने बाटो अपनाइने छैन। संविधान संशोधनजस्ता दीर्घकालीन विषयमा गम्भीर वैकल्पिक प्रस्ताव, सार्वजनिक बहस, विधिसम्मत प्रक्रिया र व्यापक राजनीतिक स्वामित्वलाई आधार बनाउन हामी दृढ छौँ।

नयाँ वा पुराना भनिएका सबै राजनीतिक शक्तिसँग विचार, नीति र कार्यसम्पादनका आधारमा प्रतिस्पर्धा हुनेछ। तिनका समर्थकप्रति अपमानको भाषा प्रयोग गरिने छैन। संविधानको रक्षा, विपद्, राष्ट्रिय सुरक्षा, न्याय र सार्वजनिक हितका विषयमा आवश्यक सहकार्य गर्न सकिन्छ। तर सहकार्यलाई सत्ता वा संस्थाको भागबन्डामा बदलिन दिइने छैन।

निर्वाचनपूर्व गठबन्धन नगरी रुख चिह्नमा आफ्नै उम्मेदवार र कार्यक्रमसहित प्रतिस्पर्धा गर्ने प्रतिबद्धतामा हामी दृढ छौं। जनविश्वास आर्जन गर्दै निर्वाचित हुन योग्य बन्ने जिम्मेवारी हामी आफैँले पूरा गर्नुपर्छ।

### ५.२ निर्वाचनभन्दा व्यापक जिम्मेवारी: राष्ट्रिय शक्तिका रूपमा कांग्रेस

प्रतिपक्षको संसदीय जिम्मेवारी हामीलाई निर्वाचनले दिएको हो। कांग्रेसको सम्पूर्ण दायित्व भने निर्वाचनको परिणाममा सीमित हुँदैन। इतिहासले र समयले पनि हामीलाई जिम्मेवारी दिएका छन्। किनकि कांग्रेस एउटा राष्ट्रिय शक्ति हो। संसद्मा हाम्रो आकार घट्दैमा देशप्रतिको जिम्मेवारी घट्दैन।

नेपालको आजको समस्या सरकारको नियमित प्रशासन र प्रतिपक्षको संसदीय निगरानीबाट मात्र समाधान हुने प्रकृतिको छैन। अघिल्लो खण्डमा चर्चा गरिएका संकट ऐतिहासिक, संरचनागत र बहुआयामिक छन्। संस्थाप्रतिको अविश्वास, समाज र पुस्ताबीचको दूरी, अवसरको असमानता र भविष्यप्रतिको निराशाले व्यापक राजनीतिक प्रयत्न माग्छन्। जिम्मेवार प्रतिपक्षको भूमिका हामीले निर्वाह गर्नैपर्छ, तर त्यसैले मात्र हाम्रो सम्पूर्ण दायित्व पूरा हुँदैन। प्रतिपक्ष हाम्रो संसदीय भूमिका हो। राष्ट्रिय शक्ति हाम्रो व्यापक राजनीतिक परिचय र जिम्मेवारी हो।

राष्ट्रिय शक्ति भनेको संसद्मा प्राप्त सिटहरूको योग मात्र होइन। सिट जितिन्छन्, हारिन्छन्; देशको दिशा अनिश्चित हुँदा निर्वाह गर्ने भूमिकाले पार्टीको यथार्थ चरित्र देखाउँछ। संकटमा लोकतान्त्रिक दिशा दिनु, विभाजित समाजलाई जोड्नु, राजनीतिक मूल्य चुकाएर पनि नागरिक अधिकारको रक्षा गर्नु र विरोधीसमेतको सम्मान सुरक्षित रहने साझा बाटोमा राष्ट्रिय सहमति निर्माण गर्नु यसका आधार हुन्। आफ्नो समयको सबैभन्दा गहन प्रश्न पहिचान गरेर त्यसलाई राजनीतिक जिम्मेवारीका रूपमा वहन गर्न सक्नु राष्ट्रिय शक्तिको विशेषता हो। समाजले आफ्नो संकट, बेचैनी र साझा आकांक्षालाई कसैले जिम्मेवारीपूर्वक अघि बढाओस् भन्ने अपेक्षा गर्छ। इतिहासका निर्णायक मोडमा कांग्रेसले यही जिम्मेवारी लिएको थियो; आज पनि लिनुपर्छ।

निरंकुशताविरुद्धको संघर्ष, जननिर्वाचित शासनको अभ्यास, बहुदलीय लोकतन्त्रको पुनःस्थापना, शान्ति प्रक्रिया र संविधान निर्माणमा कांग्रेसले राष्ट्रिय शक्तिको भूमिका निर्वाह गरेको छ। जेल, निर्वासन र बलिदानबीच लोकतान्त्रिक विचार जीवित राख्ने तथा फरक शक्तिहरू अटाउने व्यवस्था निर्माणमा योगदान दिने इतिहासले आज पनि जिम्मेवारी दिन्छ। तर राष्ट्रिय शक्ति हुनु स्थायी उपाधि होइन। प्रत्येक पुस्ताले आफ्नो समयका प्रश्नको जवाफमार्फत यसको औचित्य स्थापित गर्नुपर्छ। इतिहासप्रतिको सम्मानलाई वर्तमानको जिम्मेवारीबाट अलग राख्न सकिँदैन।

हाम्रो परम्परामा अन्याय, हिंसा, निरंकुशता र दिशाहीनतालाई सामान्य मानेर बस्न नसक्ने लोकतान्त्रिक छटपटाहट छ। आज त्यसलाई अध्ययन, संगठन, सार्वजनिक संवाद र नीतिगत काममा उतार्नुपर्छ। तथ्य र प्रमाणका आधारमा प्रश्न उठाउने, स्पष्ट कार्यक्रमसहित जनपरिचालन गर्ने र विचार तथा कामबाट विश्वास जित्ने क्षमता हामीले विकसित गर्नुपर्छ। नागरिकको बेचैनीसँग जोडिने हाम्रो आधार उसलाई धैर्य गर्न आग्रह गर्नु मात्र होइन; परिवर्तनलाई सम्भव बनाउने राजनीतिक क्षमता देखाउनु हो।

नेपाली कांग्रेसले अब राष्ट्रिय शक्तिका रूपमा आफ्नो भूमिकाको छैटौँ अध्याय प्रारम्भ गर्नुपर्छ। यसअघिका ऐतिहासिक भूमिकालाई पाँच प्रमुख उपलब्धिसँग जोडेर हेर्न सकिन्छ- अधिकार, लोकतन्त्र, शान्ति, गणतन्त्र र संविधान। अबको प्रश्न ती उपलब्धिलाई नागरिकको जीवनमा परिणाम दिने क्षमतासँग सम्बन्धित छ। लोकतान्त्रिक राज्यले सामान्य नागरिकको आफ्नै जीवनकालभित्र देखिने सुधार ल्याउन सक्छ कि सक्दैन? युवाले नेपालमै भविष्य निर्माणको भरोसा गर्नेगरी

राजनीतिलाई इमानदार र विश्वसनीय बनाउन सकिन्छ कि सकिँदैन? हाम्रो अबको राष्ट्रिय भूमिकाको परीक्षा यिनै प्रश्नमा आधारित हुनेछ।

युवा विद्रोहले यस प्रश्नलाई राष्ट्रिय राजनीतिको केन्द्रमा ल्याएको छ, जसले व्यक्त गरेको असन्तोषलाई क्षणिक राजनीतिक घटनामा सीमित राख्न हुँदैन। जायज प्रश्नलाई लोकतान्त्रिक सुधारमा बदल्नु, सरकारलाई उत्तरदायी बनाउनु, सामाजिक आक्रोशलाई संस्थागत विमर्शमा मोड्नु, सार्वजनिक विश्वास पुनर्निर्माण गर्नु र दीर्घकालीन राष्ट्रिय प्रश्नमा परिपक्व नेतृत्व दिनु आजको केन्द्रीय राजनीतिक भूमिका हो। आन्दोलनको ऊर्जा स्वतः कानुन, संस्था वा सार्वजनिक परिणाममा बदलिँदैन। त्यसका लागि प्रतिनिधित्व, संवाद, नीति, विधायन र उत्तरदायित्वसँग जोड्ने राजनीतिक काम आवश्यक हुन्छ।

तत्कालीन सरकारको साझेदारका रूपमा नेपाली कांग्रेसले आफ्नो हिस्साको जिम्मेवारी स्वीकार गर्दै विशेष महाधिवेशनबाट आत्मसमीक्षा र सुधारको यात्रा अघि बढाएको हो। त्यसलाई हामीले निरन्तर व्यवहारमा उतार्नुपर्छ। आन्दोलनमाथि राजनीतिक स्वामित्व दाबी गर्नु र त्यसले उठाएका प्रश्नप्रति उत्तरदायी हुनु फरक कुरा हुन्। हाम्रो जिम्मेवारी उत्तरदायी हुनु हो। भदौका घटनामा राज्यको बल प्रयोग तथा त्यसपछि भएका हिंसा र ध्वंसको निष्पक्ष छानबिन, सत्य र न्यायको प्रतिबद्धता पनि यसैको हिस्सा हो। लोकतान्त्रिक उत्तरदायित्व चयनात्मक हुन सक्दैन।

यो परिवर्तनको यात्रामा संविधानले स्थापित गरेका लोकतान्त्रिक, सामाजिक र सांस्कृतिक अधिकारको रक्षा तथा विस्तार गर्नुपर्छ। नागरिक स्वतन्त्रता, समान सम्मान, समावेशिता, संघीयता र स्वतन्त्र संस्थालाई कमजोर पारेर सुशासनको माग पूरा हुँदैन। अधिकारको संरक्षण र प्रभावकारी शासन एकअर्काका पूरक हुन्। नागरिकले बोल्न पाउने अधिकारसँगै आफ्नो आवाज सुनिएको र सार्वजनिक निर्णयमा त्यसको प्रभाव परेको देख्न चाहेका छन्।

सामाजिक सञ्जालले अभिव्यक्ति, प्रश्न र परिचालनको अभूतपूर्व पहुँच दिएको छ। यसले शक्ति लुकाउन कठिन बनाएको छ र सामान्य नागरिकको आवाज विस्तार गरेको छ। तर अभिव्यक्ति सहज हुनु र राजनीतिक प्रभाव दिगो हुनु एउटै कुरा होइन। अभिव्यक्तिले स्वतः प्रतिनिधित्व सुनिश्चित गर्दैन; देखावटीपनाले प्रभाव, परिचालनले संगठन र संगठनले परिणामको प्रत्याभूति गर्दैन। यिनीहरूबीच सम्बन्ध निर्माण गर्न संस्था र प्रक्रिया आवश्यक हुन्छन्। कांग्रेसको भूमिका नागरिकको आवाज नियन्त्रण गर्नु होइन; सार्वजनिक निर्णय र संस्थागत सुधारसँग जोड्ने विश्वसनीय माध्यम बन्नु हो।

विगतको व्यवस्था फर्काउने आग्रह, संस्थागत आधारबिनाको नयाँपन वा नागरिक स्वतन्त्रता सीमित गर्ने अनुशासनमा यो प्रश्नको जवाफ भेटिँदैन। आक्रोशलाई दिगो परिवर्तनमा बदल्न लोकतान्त्रिक संस्था, स्पष्ट नीति र जवाफदेही नेतृत्व चाहिन्छ। अरू शक्तिको सीमा देखाएर मात्र कांग्रेसको नेतृत्वको औचित्य स्थापित हुँदैन; आफ्नै कामबाट विश्वास आर्जन गर्नुपर्छ। लोकतन्त्रलाई सुविधा होइन, मूल विश्वास मान्ने, देशभरका समुदायसँग सम्बन्ध भएको र आफ्ना कमजोरी स्वीकारेर सुधार्न तयार कांग्रेसले यो जिम्मेवारीको नेतृत्व गर्नुपर्छ। त्यसका लागि कांग्रेस स्वयं नवीनीकृत हुनुपर्छ र संवैधानिक व्यवस्थालाई नयाँ पुस्ताको परिवर्तनको आकांक्षा तथा ऊर्जासँग जोड्नुपर्छ।

### ५.३ समाजलाई जोड्ने राजनीति र सार्वजनिक विश्वासको पुनर्निर्माण

यो राष्ट्रिय भूमिकाको सामाजिक आधार विश्वास हो। आज समाजमा भय, चिन्ता, घृणा र परस्पर अविश्वास छ। तर नेपालको सम्पूर्ण यथार्थ यही मात्र होइन। हामीले संघर्ष गरेका छौँ, उपलब्धि हासिल गरेका छौँ, कठिन संक्रमण पार गरेका छौँ र विविधताबीच साझा राष्ट्रिय जीवन जोगाएका छौँ। विगतका कमजोरी स्वीकार गर्दा यी उपलब्धि मेटिँदैनन्;

उपलब्धिको सम्मान गर्दा कमजोरी छोपिँदैनन्। आलोचनाले कारण र जिम्मेवारी खोज्छ, सुधारको बाटो खोल्छ। समग्र निन्दाले सबैलाई अविश्वसनीय बनाउँछ र भविष्यप्रतिको भरोसा कमजोर पार्छ। कांग्रेसले इतिहासप्रति सन्तुलित दृष्टि राख्दै बेथिति बदल्न सकिन्छ भन्ने विश्वास निर्माण गर्नुपर्छ।

विश्वास कुनै दलको लोकप्रियतामा मात्र सीमित हुँदैन। आफ्नो मेहनत र क्षमताबाट भविष्य बनाउन सकिन्छ भन्ने नागरिकको आत्मविश्वास, फरक समुदाय र विचार भएका नेपालीबीच सहकार्य सम्भव छ भन्ने सामाजिक विश्वास तथा सार्वजनिक नियम पहुँच र निकटताअनुसार बदलिँदैनन् भन्ने संस्थागत भरोसा यसका परस्पर सम्बन्धित आधार हुन्। नागरिक प्रत्येक निर्णयसँग सहमत हुँदा मात्र संस्था विश्वसनीय हुने होइन। निर्णयको कारण स्पष्ट छ, व्यवहार निष्पक्ष छ र गल्ती सच्याउने बाटो खुला छ भन्ने अनुभवले पनि विश्वास निर्माण गर्छ। त्यसैले भरोसा इतिहास वा भाषणबाट मागेर होइन, निष्पक्षता, परिणाम र उत्तरदायित्वबाट आर्जन गर्नुपर्छ।

यसको महत्त्वपूर्ण पक्ष पुस्ताहरूबीचको सम्बन्ध हो। प्रत्येक पुस्तासँग अनुभव, ज्ञान र योगदान छन्। अग्रजले नयाँ पुस्ताको अवसर रोक्नु हुँदैन; नयाँ पुस्ताले अग्रजको योगदानलाई सम्मान गर्दै जिम्मेवारी लिन पाउनुपर्छ। युवालाई अभियानको ऊर्जा मात्र र अग्रजलाई स्मृति मात्र ठान्ने सोच दोषपूर्ण हुन्छ। राजनीतिक प्रवेश, अध्ययन, स्थानीय काम, नीति निर्माण र नेतृत्वसम्म पुग्ने खुला बाटो चाहिन्छ। एउटै पुस्ताभित्र पनि वर्ग, जात, भाषा, लिङ्ग, भूगोल, शिक्षा र अवसरका अनुभव फरक हुन्छन्। पुस्तागत नवीनीकरणको अर्थ अनुभव त्याग्नु होइन; विविध ज्ञान, अवसर र जिम्मेवारीको न्यायपूर्ण हस्तान्तरण हो।

नेपाली कांग्रेसको संयोजनकारी भूमिका संसद् र पार्टी सदस्यताभन्दा व्यापक छ। द्वन्द्व, समुदायबीचको दूरी र राजनीतिक असहमतिका बेला साझा आधार खोज्ने हाम्रो परम्परालाई अहिलेको पुस्तागत अविश्वासमा पनि सार्थक बनाउनुपर्छ। लोकतन्त्र सरकार र एक्लो नागरिकबीचको सम्बन्ध मात्र होइन। निजी अनुभवलाई सार्वजनिक मुद्दा बनाउने, फरक मागलाई साझा कार्यक्रममा जोड्ने र दीर्घकालीन संवाद तथा सामूहिक शक्ति निर्माण गर्ने नागरिक संस्था यसका आधार हुन्। श्रमिक, विद्यार्थी, महिला, युवा र पेशागत संगठन, विश्वविद्यालय, सहकारी, समुदाय तथा स्वतन्त्र सामाजिक आन्दोलनसँगको सम्बन्ध यस अर्थमा महत्त्वपूर्ण छ। तिनको स्वायत्तता सम्मान गर्दै समाजको अनुभवलाई नीति र सार्वजनिक निर्णयसँग जोड्नुपर्छ।

निर्वाचनबीच पनि नागरिकले कांग्रेसलाई आफ्नो असहजतामा र साझा काममा भेट्न सक्नुपर्छ। जातीय विभेद, बालविवाह, लैङ्गिक हिंसा, भ्रष्टाचार र असमानताविरुद्ध काम गर्नु राजनीतिक जिम्मेवारी हो। पोषण, शिक्षा, स्वास्थ्य, वातावरण र विपद्मा समुदायसँग सहकार्य गर्नु पनि त्यही जिम्मेवारी हो। समाज बदल्ने कामलाई निर्वाचनको सहायक गतिविधि ठान्नु हुँदैन। सदस्यता नलिएका नागरिकसँग पनि न्याय र सार्वजनिक हितमा सहकार्य गर्न सक्ने संगठनले मात्र व्यापक राष्ट्रिय विश्वास निर्माण गर्न सक्छ।

यसका लागि हाम्रो सार्वजनिक भाषा र संगठन दुवै बदलिनुपर्छ। असहमतिलाई शत्रुतामा बदल्ने वा कुनै पुस्ता र समुदायलाई सामूहिक दोष दिने भाषा बोलिनुहुँदैन। स्वतन्त्र पत्रकारिता, अनुसन्धान, सार्वजनिक तथ्यांक र सूचना सम्बन्धि अधिकारले साझा तथ्यमा आधारित संवादलाई बढावा दिन्छन्। हाम्रो सञ्चारले पनि तथ्य, काम र सुधारको प्रगति प्रस्तुत गर्नुपर्छ; पुष्टि नभएका ऐतिहासिक उद्धरणसमेत प्रयोग गरिनु हुँदैन। राजनीतिक सहकार्य, नियुक्ति वा

रणनीतिसम्बन्धी निर्णयमा सार्वजनिक हित र समुन्नतिको कार्यसूचीलाई आधार बनाइनेछ। तात्कालिक लाभले सार्वजनिक हितविपरीत हुने निर्णयको औचित्य स्थापित गर्दैन।

राज्य र सार्वजनिक संस्थामा अपेक्षित मापदण्ड आफ्नै संगठनमा लागू गर्नु हाम्रो विश्वसनीयताको अनिवार्य आधार हो। सदस्यता, उम्मेदवार छनोट, नेतृत्व विकास, नीति निर्माण, वित्तीय व्यवस्थापन र कार्यसम्पादनको समीक्षा स्पष्ट तथा नियमित हुनुपर्छ। सदस्यलाई सभा भर्ने जनशक्ति र स्थानीय संगठनलाई निर्देशन कार्यान्वयन गर्ने माध्यममा सीमित राख्नु हुँदैन। तिनको अनुभव नीति निर्माणको ज्ञान स्रोत बन्नुपर्छ। अध्ययन, तथ्य विश्लेषण, विधायन सहयोग र गल्तीबाट सिक्ने संस्थागत क्षमता आवश्यक हुन्छ। आन्तरिक लोकतन्त्रले निष्पक्ष प्रतिस्पर्धा, अवसरको खुलापन र आलोचना गर्ने सुरक्षित वातावरण पनि सृजना गर्छ।

राष्ट्रिय राजनीति दैनिक विवाद र प्रचारात्मक दिखावाभन्दा पर नागरिकको वास्तविक जीवनमा केन्द्रित हुनुपर्छ। श्रमको मूल्य, कृषि बजार, उद्यमको अवसर, युवाको भविष्य र परिवारको शिक्षा तथा स्वास्थ्य यसका आधार हुन्। उत्पादन, उद्यम र सम्मानजनक रोजगारी विस्तार गर्ने प्रश्नलाई सरकारको तत्कालीन आर्थिक कार्यसम्पादनको बहसमा मात्र सीमित गर्न मिल्दैन। देशभित्र नागरिकको क्षमता उपयोग हुने वातावरण निर्माण गर्नु दीर्घकालीन राष्ट्रिय जिम्मेवारी हो।

संविधानको कार्यान्वयन, संघीयताको क्षमता र शान्ति प्रक्रियाको बाँकी कार्यभार पनि तत्कालीन सत्ता समीकरणभन्दा व्यापक विषय हुन्। जलवायु परिवर्तन, विपद्, बसाइँसराइ, भूराजनीतिक प्रतिस्पर्धा र कृत्रिम बुद्धिमत्ताले ल्याएका अवसर तथा चुनौती राष्ट्रिय राजनीतिको केन्द्रमा आउनुपर्छ। विकास, पूर्वाधार, बस्ती र प्राकृतिक स्रोतका निर्णयले भावी पुस्तासम्म प्रभाव पार्छन्। ऊर्जा, खाद्य, वित्त, प्रविधि, ज्ञान र कूटनीतिक विकल्पमा हाम्रो क्षमताले देशको स्वतन्त्र निर्णय र नागरिकको भविष्य दुवैलाई प्रभावित गर्छ। राष्ट्रिय शक्तिले यस्ता प्रश्नलाई दैनिक राजनीतिक तापभन्दा पर दीर्घकालीन दृष्टिबाट हेर्नुपर्छ।

यही व्यापक जिम्मेवारीले कांग्रेसलाई सशक्त प्रतिपक्षसँगै समाजलाई जोड्ने राष्ट्रिय शक्ति बनाउँछ। नागरिकको स्वतन्त्रता सुरक्षित छ, संस्थाबाट न्याय र सेवा सम्भव छ, र नेपालमै सम्मानसहित सुखद भविष्य बनाउन सकिन्छ भन्ने भरोसा हाम्रो कामबाट स्थापित हुनुपर्छ। यो जिम्मेवारी संसद्बाट देशभरका समुदाय, नागरिक संस्था र सार्वजनिक जीवनसम्म फैलिन्छ। यसलाई पूरा गर्न संगठन र नेतृत्वसँगै वैचारिक स्पष्टता आवश्यक छ। राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई आजका प्रश्नसँग जोड्दै नागरिकको ऊर्जालाई संस्थागत सुधारमा र संस्थाको क्षमतालाई जनजीवनको उन्नतिमा रूपान्तरण गर्ने यही प्रक्रिया नै राष्ट्रिय पुनर्जागरण हो। यसको गन्तव्य 'समुन्नत नेपाल र सम्मानित नेपाली' हो।

**खण्ड ग: वैचारिक दिशा**

**६. एक्काइसौँ शताब्दीमा हाम्रो वैचारिक दिशा**

राष्ट्रिय शक्तिका रूपमा नागरिकको विश्वास आर्जन गर्ने, लोकतान्त्रिक संस्थालाई परिणाममुखी बनाउने र देशलाई साझा भविष्यतर्फ डोऱ्याउने दायित्व कांग्रेसको हो। यसको मुख्य आधार विचार हो- विचारले हाम्रो लक्ष्य, पक्षधरता र सम्झौता गर्न नमिल्ने मूल्यलाई स्पष्ट गर्छ।

नेपाली कांग्रेसको वैचारिक धरातल गौरवशाली इतिहास, संघर्ष, सामाजिक अनुभव र बहसबाट विकसित हुँदै नयाँ ज्ञानसँगै सदैव परिष्कृत हुँदै आएको छ। राष्ट्रियता, लोकतन्त्र र समाजवाद कांग्रेसको यही वैचारिक परम्पराका मूल आधार हुन्। तिनको पुनर्जागरण र प्रभावकारी कार्यान्वयनमा मूल मूल्यप्रति दृढता र व्यवहारमा आवश्यक परिवर्तन दुवै चाहिन्छ।

राष्ट्रियताले नेपाली जनतालाई आफ्नो साझा भविष्य आफैं निर्धारण गर्ने राजनीतिक समुदायका रूपमा हेर्छ। भूगोलसँगै इतिहास, परम्परा, सांस्कृतिक स्मृति, विविधता र आकांक्षाले राष्ट्रलाई जोड्छन्। स्वाधीनताको अर्थ बाह्य नियन्त्रणबाट मुक्ति र आफ्ना प्राथमिकता कार्यान्वयन गर्ने स्वतन्त्र सामूहिक क्षमता दुवै हो। यसलाई नागरिकको स्वशासनबाट अलग गर्न सकिँदैन भन्ने हाम्रो मान्यता छ ।

लोकतन्त्रमा सार्वजनिक शक्तिको स्रोत र स्वामी नागरिक नै हुन्। निर्वाचन, अभिव्यक्ति र संगठनको स्वतन्त्रताले प्रतिनिधि छान्ने, सत्ताको निरन्तर परीक्षण गर्ने र सामूहिक पहल गर्ने अधिकार दिन्छन्। स्वतन्त्र न्यायपालिका, सञ्चारमाध्यम र सार्वजनिक निगरानीले शक्तिलाई निर्धारित सीमाभित्र तथा नागरिकप्रति उत्तरदायी राख्छन्।

लोकतान्त्रिक समाजवादले स्वतन्त्रता उपभोग गर्ने सामाजिक, आर्थिक र मानवीय आधार निर्माण गर्छ। भोक, अशिक्षा, अस्वस्थता, बेरोजगारी र भेदभावले अधिकारको उपभोग सीमित गर्छन्। शिक्षा, स्वास्थ्य, पोषण, उद्यम, सामाजिक सुरक्षा र न्यायमा सहज र समान पहुँचले नागरिकलाई आफ्ना विकल्प छान्न र आफूभित्र अन्तर्निहित सिर्जनशीलतालाई परिष्कृत गर्न सक्षम बनाउँछन्। यसको उद्देश्य नागरिकलाई राज्यमाथि सधैं आश्रित बनाउनु होइन, स्वतन्त्र, सक्षम र सिर्जनशील बनाउनु हो।

लोकतन्त्रबाट अलग राष्ट्रियता राज्यकेन्द्रित, स्वतन्त्रताबाट अलग समाजवाद नियन्त्रणकारी र सामाजिक–आर्थिक सामर्थ्यविनाको लोकतन्त्र औपचारिक समानतामा सीमित हुन्छ। तिनको सन्तुलनमा नै कांग्रेसको वैचारिक शक्ति निहित छ।

जननायक वीपी कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायत स्थापनाकालीन नेताहरूदेखि भीमबहादुर तामाङ र प्रदीप गिरिसम्म विभिन्न पुस्ताका नेता तथा चिन्तकले कांग्रेसको वैचारिक परम्परालाई समकालीन र समृद्ध बनाएका छन्। प्रत्येक पुस्ताले आफ्नो समयका अनुभव, प्रश्न र ज्ञानबाट यसमा नयाँ आयाम थपेको छ। वीपीको लोकतान्त्रिक समाजवादले सबैभन्दा गरिब र पछाडि परेको भुइँमान्छेको जीवनबाट नीति हेर्न सिकाउँछ। उहाँले हामीलाई देखाउनु भएको समाजमा राजनीतिक स्वतन्त्रता र आर्थिक न्याय एकअर्काका परिपूरक हुन्छन् । राज्यले व्यक्तिको स्वतन्त्रता र पहललाई दमन गर्न सक्दैन; न त बजारले न्याय र अवसरको प्रश्नलाई उपेक्षा गर्न सक्छ । सार्वजनिक लगानी, कर र नियुक्तिहरूले वहिष्करणमा परेका नागरिकको जीवनमा के अवसर सिर्जना गर्छन् भन्ने प्रश्न हाम्रो निर्णयको मापदण्ड बन्नुपर्छ।

श्रद्धेय संस्थापक र अग्रज नेताहरूसम्म विकसित विचार, वैचारिक मंथन, विवेक र नैतिक मूल्यको परम्परालाई पछिल्ला पुस्ताले थप अध्ययन, बहस र सामाजिक अनुभवबाट निरन्तर अघि बढाउनुपर्छ। दलित, महिला, मधेसी र बहिष्करणमा परेका सबै समुदायको अनुभव नसुनेको समाजवाद अधुरो रहने अनुभव हामीले गरिसकेका छौं । निजी स्वार्थले

सार्वजनिक उद्देश्य विस्थापित गर्दा राजनीति जनताबाट टाढिन्छ। त्यसैले अध्ययन, आत्मालोचना र सेवाको संस्कृति आवश्यक छ। सदस्यले पढ्न, प्रश्न गर्न र आफ्नै नेतृत्वको आलोचना गर्न सक्ने पार्टी नै विचारको जीवन्त केन्द्र बन्न सक्छ। नीति प्रतिष्ठान र विद्यालयका रूपमा पार्टीको प्रस्ताव यही परम्परालाई संस्थागत गर्ने माध्यम हो।

आज यही वैचारिक आधारलाई हामी 'समुन्नत नेपाल, सम्मानित नेपाली' को ध्येयसँग जोड्छौं। समुन्नतिले स्वतन्त्रता, सामाजिक न्याय र नागरिकको क्षमता विस्तारलाई जीवनमा अनुभूत हुने परिणाममा उतार्छ। मूल आदर्शलाई अवसर, सेवा, संस्था र राजनीतिक व्यवहारमा सार्थक बनाउनु नै हाम्रो वैचारिक पुनर्जागरण हो। विचारले निर्णयलाई दिशा दिनुपर्छ, कामले त्यसको औचित्य प्रमाणित गर्नुपर्छ।

## ७. वैचारिक पुनर्जागरण: राष्ट्रियता, लोकतन्त्र र समाजवादमार्फत समुन्नत नेपाल

### ७.१ स्थायी आदर्श, बदलिएको समय र गतिशील समाज

नेपाली कांग्रेसको राजनीतिक तथा वैचारिक यात्रा राष्ट्रियता, लोकतन्त्र र समाजवादका आधारभूत आदर्शसँग अभिन्न रूपमा जोडिएको छ। यी तीन आदर्श कुनै निश्चित समयका राजनीतिक नारा मात्र होइनन्, राष्ट्र, नागरिक र समाजबीचको सम्बन्धलाई परिभाषित गर्ने स्थायी मान्यता हुन्। नेपाली कांग्रेसको आफ्नै वैचारिक परम्परामा यी तीनै सिद्धान्तलाई अलग-अलग होइन, एउटै लोकतान्त्रिक परिकल्पनाका परस्पर सम्बन्धित आधारका रूपमा बुझ्दै आएको छ।

यद्यपि, समयसँगै समाज बदलिन्छ, नागरिकका आकांक्षा बदलिन्छन्, अर्थतन्त्र र उत्पादनका स्वरूप बदलिन्छन्, प्रविधिले शक्तिको सम्बन्ध बदल्छ, र राष्ट्रले सामना गर्ने चुनौती पनि बदलिन्छन्। यस्तो अवस्थामा मूल मूल्यलाई बदलिएको परिस्थितिमा प्रभावकारी बनाइराख्न सक्ने क्षमता नै जीवन्त राजनीतिक विचारको विशेषता हो।

नेपाली कांग्रेसले परिकल्पना गरेको समाज न्यायपूर्ण, स्वतन्त्र र समतामूलक मात्र होइन, गतिशील पनि हो। गतिशीलताको अर्थ परिवर्तनकै लागि परिवर्तन होइन। यसको अर्थ मूल लोकतान्त्रिक मूल्यमा दृढ रहँदै नयाँ ज्ञान ग्रहण गर्ने, संस्थागत कमजोरी सच्याउने, नागरिकको क्षमता विस्तार गर्ने, अर्थतन्त्रमा नयाँ अवसर निर्माण गर्ने र बदलिएको परिस्थितिमा राष्ट्रको सामर्थ्य बढाउने क्षमता हो। यही गतिशीलता नेपाली कांग्रेसका ऐतिहासिक आदर्श र आजको यथार्थबीचको सेतु हो। यस भागले त्यही सेतु हुँदै राष्ट्रियता, लोकतन्त्र र लोकतान्त्रिक समाजवादमार्फत 'समुन्नत नेपाल, सम्मानित नेपाली' सम्मको वैचारिक यात्रा स्पष्ट गर्छ।

### ७.२ राष्ट्रियता: राष्ट्रको स्वाधीनता र जनताको सामूहिक स्वशासन

नेपाली कांग्रेसको राष्ट्रियताको आधार राज्यप्रतिको अमूर्त निष्ठाभन्दा नेपाली जनताको सामूहिक स्वाधीनता र स्वामित्वमा रहेको छ। राष्ट्रको अर्थ भूगोल मात्र होइन, साझा इतिहास, राजनीतिक अनुभव, सांस्कृतिक स्मृति, विविध जीवन परम्परा र भविष्यको साझा आकांक्षाले जोडिएको नागरिक समुदाय पनि हो। त्यसैले राष्ट्रियताको उद्देश्य राज्यलाई शक्तिशाली बनाउनु मात्र होइन, नेपाली जनतालाई आफ्नो राष्ट्रिय भविष्य आफैं निर्धारण गर्न सक्षम बनाउनु

पनि हो। राष्ट्रप्रतिको निष्ठाको लोकतान्त्रिक अर्थ नागरिकलाई राज्यको विषय बनाउनु होइन, नागरिकलाई साझा राष्ट्रिय भविष्यको सहनिर्माता बनाउनु हो।

राष्ट्रिय स्वाधीनताको पहिलो अर्थ बाह्य नियन्त्रणबाट मुक्त भएर आफ्ना राजनीतिक निर्णय स्वतन्त्रतापूर्वक आफैं गर्नसक्नु हो। राज्य सार्वभौम भएर पनि नागरिक सार्वजनिक शक्तिको स्वामी नहुने अवस्था पूर्ण लोकतान्त्रिक राष्ट्रियता हुन सक्दैन। नेपालको संविधानले सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको स्पष्ट गरेको छ। यस अर्थमा राज्यको सार्वभौमिकता र नागरिकको सार्वभौमिकता एकअर्काबाट अलग विषय होइनन्। राष्ट्र स्वाधीन हुनुको अर्थ नागरिकहरू मिलेर आफ्नो साझा भविष्यको दिशा निर्धारण गर्न सक्षम हुनु पनि हो।

बदलिएको विश्वमा राष्ट्रिय स्वाधीनताको अर्थ सीमाको रक्षा र कूटनीतिक स्वतन्त्रतामा मात्र सीमित रहन सक्दैन। आर्थिक, प्राविधिक, ज्ञानगत वा संस्थागत रूपमा अत्यधिक निर्भर राष्ट्रको औपचारिक सार्वभौमिकता र वास्तविक निर्णय क्षमताबीच दूरी उत्पन्न हुन सक्छ। ऊर्जा, खाद्य, वित्त, प्रविधि, अनुसन्धान, उत्पादन, आपूर्ति, कूटनीति र सार्वजनिक संस्थामा पर्याप्त विकल्प र क्षमता नहुँदा बाह्य संकट वा दबाबका समयमा राजनीतिक स्वतन्त्रता व्यवहारमा कमजोर हुन सक्छ। त्यसैले समकालीन राष्ट्रियताको प्रश्न राष्ट्रिय सामर्थ्यको प्रश्न पनि हो। राष्ट्रिय स्वाधीनता निर्णय गर्ने अधिकार मात्र होइन; आफ्नो निर्णय कार्यान्वयन गर्न सक्ने सामूहिक क्षमता पनि हो।

यस कारण राष्ट्रियता आज बाह्य शक्तिप्रति कठोर भाषण र भित्र कमजोर संस्थाको संयोजन हुनै सक्दैन। बाह्य सम्बन्धमा स्वतन्त्रता चाहने राष्ट्रले आन्तरिक रूपमा क्षमता, विश्वास र संस्थागत निरन्तरता निर्माण गर्नैपर्छ। यही अर्थमा आधुनिक राष्ट्रियता, स्वाधीनता र सामर्थ्यलाई अभिन्न राजनीतिक प्रश्नका रूपमा हेर्न सक्नुपर्छ।

### ७.३ लोकतन्त्र: सार्वजनिक शक्तिमाथि नागरिकको स्वामित्व

लोकतन्त्र नेपाली कांग्रेसका लागि सरकार बनाउने एउटा विधि मात्र होइन, सार्वजनिक शक्तिको वैध स्रोत नागरिक हुन् भन्ने सिद्धान्त हो। निर्वाचनले नागरिकलाई प्रतिनिधि छनोट गर्ने अधिकार दिन्छ, अभिव्यक्ति स्वतन्त्रताले सत्तालाई प्रश्न गर्ने अधिकार दिन्छ, संगठन स्वतन्त्रताले सामूहिक शक्ति निर्माण गर्ने अवसर दिन्छ, स्वतन्त्र न्यायपालिकाले राज्य शक्तिलाई कानुनी सीमाभित्र राख्छ, र स्वतन्त्र प्रेस तथा सार्वजनिक आलोचनाले शासनलाई निरन्तर परीक्षणमा राख्छन्। यी सबै संस्थागत व्यवस्थाको साझा अर्थ एउटै हो- सार्वजनिक शक्ति नागरिकबाट उत्पन्न हुन्छ र नागरिकप्रति उत्तरदायी रहन्छ।

यस अर्थमा लोकतन्त्रको मूल प्रश्न कसले शासन गर्छ भन्ने मात्र होइन; जसले शासन गर्छ उसमाथि अन्तिम राजनीतिक स्वामित्व कसको रहन्छ भन्ने हो। नागरिक मतदाता मात्र होइन, अधिकारधारी, करदाता, सेवाग्राही, उत्पादक, श्रमिक, उद्यमी, समुदायको सदस्य, आलोचक र सार्वजनिक निर्णयको सहलेखक पनि हो। नागरिक शासनको विषय मात्र होइन, शासनको वैधताको स्रोत हो। लोकतन्त्रको अर्थ यही नागरिक स्वामित्वलाई संस्थागत रूपमा स्वीकार गर्नु हो।

तर अधिकारको संवैधानिक घोषणा र नागरिकले त्यस अधिकारलाई व्यवहारमा प्रयोग गर्न सक्ने अवस्था सधैं एउटै हुँदैन। निर्वाचन हुनु र प्रतिनिधित्व प्रभावकारी हुनु, कानून हुनु र न्याय पहुँचयोग्य हुनु, सार्वजनिक सुनुवाइ हुनु र

नागरिकको आवाजले निर्णयमा अर्थपूर्ण प्रभाव पार्नु फरक कुरा हुन्। यही दूरी आज लोकतन्त्रको पुनर्व्याख्याको मुख्य प्रश्न बनेको छ। लोकतन्त्रलाई केवल अस्तित्वमा रहेको संरचनाका रूपमा होइन, नागरिकको दैनिक जीवनमा काम गर्ने व्यवस्थाका रूपमा बुझ्नुपर्ने आवश्यकता यहीँबाट सुरु हुन्छ।

### ७.४ समाजवाद: राजनीतिक स्वतन्त्रताबाट वास्तविक स्वतन्त्रतासम्म

नेपाली कांग्रेसको वैचारिक परम्परामा राजनीतिक स्वतन्त्रता र सामाजिक-आर्थिक न्याय अभिन्न रुपमा जोडिएका छन् । नागरिकसँग मताधिकार भए पनि ऊ भोक, रोग, अशिक्षा, बेरोजगारी, ऋणको असुरक्षा, सामाजिक भेदभाव वा चरम आर्थिक निर्भरतामा बाँधिएको छ भने संविधानले दिएको स्वतन्त्रता भोग गर्न ऊ असमर्थ हुन्छ। त्यसैले राजनीतिक अधिकारको रक्षा र नागरिकको वास्तविक जीवन क्षमता निर्माणलाई एकअर्काबाट अलग गर्न सकिँदैन।

कांग्रेसको लोकतान्त्रिक समाजवादको उद्देश्य राज्यले सबै आर्थिक निर्णय आफैं गर्नु होइन, न त बजारलाई स्वतन्त्रताको पर्याय मान्नु नै हो। यसको मूल प्रश्न नागरिकसँग आफ्नो जीवनका अर्थपूर्ण विकल्प चयन गर्ने आवश्यक वास्तविक क्षमता छ कि छैन भन्ने हो। शिक्षा, स्वास्थ्य, पोषण, सीप, काम, उद्यमको अवसर, सामाजिक सुरक्षा, कानुनी संरक्षण र सम्मानजनक जीवन आर्थिक नीतिका केवल अलग-अलग शीर्षक मात्र होइनन्, नागरिक स्वतन्त्रताका सामाजिक तथा आर्थिक आधार हुन्।

यस अर्थमा आर्थिक न्यायको प्रश्न केवल आयको वितरणमा सीमित हुँदैन। नागरिकको जीवनको सम्भावना जन्म, जात, लिंग, भूगोल, पारिवारिक सम्पत्ति, राजनीतिक पहुँच वा कमजोर सार्वजनिक संस्थाले अनावश्यक रूपमा निर्धारण नगरोस् भन्ने व्यवस्था पनि सामाजिक न्यायको महत्वपूर्ण पाटो हो। समान अवसरको अर्थ सबैको परिणाम समान बनाउनु होइन, व्यक्तिले आफ्नो क्षमता विकास गर्ने आधार र सार्वजनिक अवसरमा निष्पक्ष प्रवेश पाउने अवस्था सुनिश्चित गर्नु हो।

लोकतान्त्रिक समाजवादलाई असमानता उत्पन्न भएपछि राज्यले सहायता बाँड्ने व्यवस्थामा सीमित गर्नु हुँदैन। न्यायको प्रश्न नागरिकले जीवन सुरु गर्ने प्रारम्भिक अवस्था, शिक्षा र स्वास्थ्यमा पहुँच, श्रम र पूँजीबीचको शक्ति सम्बन्ध, बजारका नियम, आर्थिक अवसर र उत्पादनका साधनमा प्रवेशसँग पनि जोडिन्छ। त्यसैले यसको समकालीन अर्थ क्षमता निर्माण, उत्पादन, अवसर, पूर्ववितरण, पुनर्वितरण र सामाजिक सुरक्षालाई एउटै संरचनामा हेर्नु हो। लोकतन्त्रले अधिकारको राजनीतिक संरचना दिन्छ, लोकतान्त्रिक समाजवादले ती अधिकार वास्तविक रूपमा प्रयोग गर्न आवश्यक सामर्थ्य विस्तार गर्छ।

### ७.५ तीन आदर्शको सम्बन्ध: स्वतन्त्र राष्ट्र, सार्वभौम नागरिक र न्यायपूर्ण समाज

राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई अलग-अलग ऐतिहासिक अवधारणाका रूपमा मात्र बुझ्दा नेपाली कांग्रेसको वैचारिक संरचनाको सम्बन्ध हराउँछ। राष्ट्रियता बिना स्वशासन गर्ने साझा राजनीतिक समुदाय कमजोर हुन्छ । लोकतन्त्र बिना त्यस समुदायभित्रको सार्वजनिक शक्ति नागरिकको हुँदैन र लोकतान्त्रिक समाजवाद बिना कानुनी रूपमा समान नागरिकबीच स्वतन्त्रता प्रयोग गर्ने वास्तविक क्षमता असमान रहन जान्छ।

त्यसैले राष्ट्रियताले साझा भविष्य आफैं निर्धारण गर्ने सामूहिक आधार दिन्छ। लोकतन्त्रले सार्वजनिक शक्तिमाथि नागरिकको स्वामित्व स्थापित गर्छ। लोकतान्त्रिक समाजवादले त्यो स्वामित्व वास्तविक जीवनमा प्रयोग गर्न आवश्यक सामर्थ्य निर्माण गर्छ। यी तीन आदर्श एकअर्काका पूरक मात्र होइनन्; एकअर्कालाई सीमित र सन्तुलित पनि गर्छन्। राष्ट्रियता लोकतन्त्रबिना राज्यकेन्द्रित हुन सक्छ, समाजवाद लोकतन्त्रबिना नियन्त्रणकारी हुन सक्छ, र सामाजिक क्षमता बिना लोकतन्त्र औपचारिक समानतामा सीमित हुन सक्छ। यी तीन आदर्शको सम्मिलनबाट नागरिकको पहिचान, प्रतिनिधित्व, पहुँच, प्रगति र प्रतिष्ठालाई सुनिश्चित हुन्छ । नेपाली कांग्रेसको वैचारिक शक्ति यिनै तीन आदर्शको सन्तुलनमा छ।

### ७.६ राष्ट्रिय मेलमिलाप: असहमतिका बीच साझा राष्ट्रिय समुदाय

नेपाली कांग्रेसको वैचारिक परम्परामा राष्ट्रिय मेलमिलापले विशिष्ट ऐतिहासिक महत्त्व राख्छ। जननायक वीपी कोइरालाले प्रतिपादन गरेको राष्ट्रिय मेलमिलाप आफ्नो समयको विशिष्ट राजनीतिक संकटको उत्तर थियो। आज त्यस ऐतिहासिक रणनीतिलाई यथावत् दोहोऱ्याउनुपर्ने आवश्यकता छैन; तर त्यसबाट प्रतिपादित राजनीतिक सिद्धान्त समकालीन अवस्थामा पनि अर्थपूर्ण छ। नेपाली समाजमा बाक्लिँदै गएको मतभेदका चुनौती सामना गर्न, साझा राष्ट्रिय अस्तित्व र लोकतान्त्रिक भविष्यको प्रश्नमा संवाद, सहअस्तित्व र सहकार्यको आधार खोज्न राष्ट्रिय मेलमिलापको सैद्धान्तिक आधारले हामीलाई प्रेरित गर्नुपर्दछ।

त्यसैले जननायक वीपी कोइरालाले प्रतिपादन गरेको राष्ट्रिय मेलमिलापलाई आज केवल ऐतिहासिक राजनीतिक समझदारीका रूपमा होइन, विविध नेपालीलाई एउटै साझा राष्ट्रिय समुदायमा बाँध्ने सामाजिक र सांस्कृतिक पद्धतिका रूपमा पुनःबुझ्नुपर्छ। राज्यको औपचारिक परिभाषाबाट धर्मको भूमिका पछाडि हट्दा राष्ट्र सांस्कृतिक रूपमा रिक्त हुँदैन; बरु नेपालका विविध धार्मिक परम्परा, भाषा, संस्कृति, ऐतिहासिक स्मृति, जीवनपद्धति र साझा राजनीतिक अनुभवलाई जोड्ने एउटा व्यापक साझा सभ्यतागत-राष्ट्रिय सूत्र निर्माण हुन्छ। राष्ट्रिय एकता सबैलाई एउटै पहिचानमा समाहित गरेर होइन, भिन्न पहिचानहरूबीच साझा 'नेपाली', पारस्परिक विश्वास र साझा राष्ट्रिय स्वामित्वको भावना बलियो बनाएर निर्माण हुन्छ।

यसको दायरा पहाड, मधेश र हिमाल; विभिन्न जातजाति, भाषा र धर्म; शहर र गाउँ; युवा र जेष्ठ नागरिक; देशभित्र र प्रवासमा रहेका नेपाली; फरक विचारधारा र राजनीतिक निष्ठा भएका नागरिकबीच एउटै राष्ट्रिय समुदायको अनुभूति कसरी कायम राख्ने भन्ने प्रश्नसम्म फैलिएको छ। मेलमिलापको अर्थ मतभेद समाप्त गर्नु होइन। लोकतान्त्रिक समाजमा असहमति स्वाभाविक र आवश्यक हुन्छ। यसको अर्थ त्यस्तो साझा राजनीतिक तथा सामाजिक आधार निर्माण गर्नु हो, जहाँ असहमति हिंसा, बहिष्करण वा राष्ट्रिय विखण्डनतर्फ नजाओस्; बरु साझा नियम, पारस्परिक सम्मान, सामाजिक विश्वास र राष्ट्रप्रतिको साझा स्वामित्वभित्र लोकतान्त्रिक रूपमा अभिव्यक्त हुन सकोस्। विविधता घोषणा मात्रले साझा राष्ट्र निर्माण हुँदैन; भिन्न समुदायबीच विश्वास, सम्बन्ध, पारस्परिक जिम्मेवारी र साझा भविष्यको अनुभूतिले निर्माण गर्नुपर्छ।

यही कारण राष्ट्रिय मेलमिलापको व्यापकतालाई आज राजनीतिक सम्झौताको एउटा ऐतिहासिक स्मृतिमा मात्र सीमित गरेर बुझ्न सकिँदैन; बहुल समाजलाई एउटै सांस्कृतिक र लोकतान्त्रिक राष्ट्रका साझा सूत्रमा बाँधिराख्ने सामाजिक क्षमता विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो। यस्तो राष्ट्रिय संस्कृतिको विकास र संस्थागत गर्न नेपाली कांग्रेसले निर्णायक भूमिका खेल्नुपर्छ।

यसरी हामीले कांग्रेसका स्थापनाकालीन मान्यता—राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई बदलिएको समाजका प्रश्नसँग जोडेर समकालीन अर्थ स्पष्ट गरेका छौँ। राष्ट्रिय मेलमिलापलाई पनि आफ्नो ऐतिहासिक सन्दर्भभन्दा व्यापक रूपमा विविध नेपालीबीच विश्वास, सहअस्तित्व र साझा राष्ट्रिय स्वामित्व निर्माण गर्ने आधारका रूपमा हामीले बुझेका छौँ। यो व्याख्या हाम्रो आफ्नै लोकतान्त्रिक संघर्ष, शासनको अनुभव, उपलब्धि र कमजोरीबाट विकसित भएको हो।

यससँगै हामी विश्वमा विकसित विचार र अभ्यासबाट पनि सिक्छौँ। युरोप र एसियासहित विभिन्न समाजमा लोकतान्त्रिक समाजवाद र सामाजिक लोकतन्त्रका धाराहरू आफ्ना ऐतिहासिक भिन्नतासहित स्वतन्त्रता, सामाजिक न्याय, समावेशिता, आर्थिक अवसर र लोकतान्त्रिक उत्तरदायित्वका साझा प्रश्नमा संवाद गरिरहेका छन्। उद्यम, लगानी र बजारको गतिशीलताबाट सृजित अवसरलाई व्यापक बनाउँदै आर्थिक प्रगतिसँग सामाजिक न्याय, श्रमको सम्मान र वातावरणीय जिम्मेवारी कसरी जोड्ने भन्ने प्रश्न यस विमर्शको महत्त्वपूर्ण आधार हो। नागरिकको स्वतन्त्रता र सामर्थ्य विस्तार गर्ने यी बहस तथा अनुभवलाई नेपालको आफ्नै यथार्थसँग जोडेर बुझ्नु हाम्रो वैचारिक नवीनीकरणको हिस्सा हो।

नेपाल बहुलवादी लोकतान्त्रिक समाज हो। त्यसैले हाम्रो वैचारिक उद्देश्य नागरिकका विविध अनुभव र आकांक्षाले बुझ्ने भाषामा स्पष्ट हुनुपर्छ। समाजवादको सार पनि नागरिकको वास्तविक स्वतन्त्रता, न्याय र सम्मानसहितको जीवनमा प्रकट हुन्छ। ऐतिहासिक शब्द र नाराको अर्थ आजको शिक्षा, स्वास्थ्य, उद्यम, सामाजिक सम्बन्ध र सार्वजनिक संस्थामा नागरिकले अनुभव गर्न सक्नुपर्छ। 'समुन्नत नेपाल' यही उद्देश्यलाई साझा राष्ट्रिय आकांक्षाका रूपमा अघि बढाउने हाम्रो राजनीतिक संकल्प हो।

समुन्नत नेपालको अवधारणा कांग्रेसका मूल आदर्शको निरन्तरता, तिनको समकालीन व्याख्या, नेपालको आफ्नै अनुभव र विश्वका वैचारिक बहसबाट प्राप्त सिकाइमा आधारित छ। यसले राष्ट्रिय स्वाधीनता, नागरिकको अर्थपूर्ण सहभागिता र सामाजिक न्यायप्रतिको हाम्रो विश्वासलाई आजको जीवनमा अनुभूत हुने प्रगतिसँग जोड्छ। यस अर्थमा समुन्नति नयाँ नाममा अलग विचारधारा होइन; हाम्रा आधारभूत मान्यतालाई नागरिकको क्षमता, अवसर, सम्मान र साझा भविष्यलाई सार्थक बनाउने राष्ट्रिय दिशा हो।

## खण्ड घ: समुन्नत नेपालको अवधारणा र आधार

### ८. समुन्नत नेपालको लोकतान्त्रिक, संवैधानिक, सामाजिक-आर्थिक र मानवीय आधार

समुन्नत नेपाल भन्नाले आर्थिक रूपमा सम्पन्न वा भौतिक पूर्वाधारले विकसित नेपाल मात्र बुझिँदैन। यो नागरिकलाई अझ स्वतन्त्र, सक्षम, सम्मानित र उत्थानशील बनाउने, समाज, राजनीति र लोकतन्त्रलाई अझ समावेशी बनाउने; तथा राष्ट्रको सामर्थ्य विस्तार गर्ने साझा र निरन्तर प्रयत्न हो। यसको केन्द्रमा नागरिकको जीवन छ। प्रत्येक नागरिकले

आफ्नो पहिचान र स्वाभिमान सुरक्षित राख्दै क्षमता, मेहनत र आकांक्षाअनुसार जीवन निर्माण गर्ने अवसर पाउनु समुन्नतिको आधार हो।

'समुन्नत नेपाल, सम्मानित नेपाली' को हाम्रो ध्येयले यस्तो नेपाल परिकल्पना गर्छ, जहाँ नागरिकले सम्मानसहित बाँच्न र भविष्यको सपना देख्न सक्छ; लगानी, उत्पादन, रोजगारी र वैध सम्पत्ति सिर्जनाले प्रोत्साहन पाउँछन्; किसानले आफ्नो श्रम र उत्पादनको उचित मूल्य पाउँछ; उपचार र शिक्षामा गर्नुपर्ने खर्चले परिवारको भविष्य असुरक्षित बनाउँदैन; र सार्वजनिक सेवा लिन पहुँच वा कृपा खोज्नुपर्दैन। विदेशमा रहेका नेपालीले पनि राज्यको साथ र संरक्षण अनुभव गर्छन्। आर्थिक वृद्धि, सामाजिक न्याय र नागरिक सम्मान यस दृष्टिमा परस्पर सम्बन्धित छन्।

समुन्नतिको अर्थ पहिचानलाई विकासको बाहिरी विषय ठान्नु होइन। जात, भाषा, धर्म, लिङ्ग, संस्कृति वा भूगोलका कारण कसैको अवसर र सम्मान सीमित हुनु हुँदैन। दलित, मधेसी, आदिवासी जनजाति, थारू, मुस्लिम तथा अन्य अल्पसंख्यक र ऐतिहासिक रूपमा वञ्चित समुदायले समान अधिकारसँगै आफ्नो भाषा, संस्कृति र जीवनपद्धतिको सम्मान अनुभव गर्नुपर्छ। महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र दुर्गम क्षेत्रका नागरिकको सहभागिता तथा अवसरमा रहेका अवरोध पनि हट्नुपर्छ। समावेशिता प्रतिनिधित्वको संख्यामा मात्र होइन, सार्वजनिक निर्णयमा प्रभाव र जीवनका अवसरमा देखिनुपर्छ।

यसका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, सम्मानजनक काम, उद्यम, सामाजिक सुरक्षा र न्यायमा पहुँच आवश्यक हुन्छ। खुला, प्रतिस्पर्धी, प्रविधिमैत्री र वातावरणप्रति जिम्मेवार अर्थतन्त्रले देशभित्रै भविष्य निर्माण गर्ने अवसर विस्तार गर्नुपर्छ। राज्य नागरिकप्रति उत्तरदायी, सेवा दिन सक्षम र अनुभवबाट सुधारिन सक्ने हुनुपर्छ। विविध समुदायबीच विश्वास र साझा राष्ट्रिय स्वामित्वको भावना बलियो हुनुपर्छ।

समुन्नत नेपालले नागरिकको सामर्थ्य र राष्ट्रिय सामर्थ्यलाई पनि जोडेर हेर्छ। आफ्नो दीर्घकालीन हितअनुसार निर्णय गर्ने र त्यसलाई कार्यान्वयन गर्ने राजनीतिक, आर्थिक, प्राविधिक, ज्ञानगत र संस्थागत क्षमता राष्ट्रिय स्वाधीनताको व्यावहारिक आधार हो। नागरिकको क्षमता र राष्ट्रको क्षमता एकअर्कासँग जोडिएका छन्। सक्षम नागरिकबिना सक्षम राष्ट्र निर्माण हुँदैन; सक्षम र उत्तरदायी राज्यबिना नागरिकको सामर्थ्य पूर्ण रूपमा फस्टाउन सक्दैन।

आर्थिक वृद्धि समुन्नतिको आवश्यक आधार हो, तर त्यसको अर्थ आय र उत्पादनमा मात्र सीमित हुँदैन। विकासले कसको जीवन बदल्यो, अवसर कति विस्तार भयो, सम्मान कति सुरक्षित रह्यो, समुदाय र सार्वजनिक संस्था कति बलिया बने तथा प्रकृति र भावी पुस्तामाथि कस्तो प्रभाव पर्‍यो भन्ने प्रश्न पनि महत्त्वपूर्ण छन्। समुन्नति त्यसैले एकपटक प्राप्त गरेर समाप्त हुने उपलब्धि होइन; व्यक्ति, समुदाय, प्रकृति र भविष्यबीच न्यायपूर्ण सम्बन्ध निर्माण गर्दै अघि बढ्ने साझा राष्ट्रिय यात्रा हो।

### ८.१ समुन्नत नेपालको लोकतान्त्रिक आधार

#### क. कार्यशील लोकतन्त्र

संविधान, निष्पक्ष निर्वाचन, संसद, स्वतन्त्र न्यायपालिका, स्थानीय सरकार, संवैधानिक निकाय र मौलिक अधिकार लोकतन्त्रका अपरिहार्य आधार हुन्। तर तिनको उपस्थिति मात्र पर्याप्त हुँदैन। संसद्ले प्रभावकारी बहस र निगरानी गर्नुपर्छ; सरकारले निर्णय कार्यान्वयन गर्नुपर्छ; न्यायिक निकायबाट समयमै न्याय पाउनुपर्छ; संवैधानिक निकाय

निष्पक्ष रहनुपर्छ; र स्थानीय सरकार नागरिकको पहुँचमा हुनुपर्छ। अधिकार, संस्था र प्रक्रिया व्यवहारमा कार्य गर्ने यही अवस्था कार्यशील लोकतन्त्र हो।

यसको उद्देश्य परिणामको नाममा अधिकार कटौती गर्नु होइन। निर्णय क्षमता र सार्वजनिक उत्तरदायित्व, गति र कानुनी प्रक्रिया तथा प्रभावकारी सरकार र शक्तिको सीमा एकअर्काका पूरक हुन्। लोकतान्त्रिक राज्यले काम गर्न पनि सक्नुपर्छ र आफ्नो अधिकारलाई संवैधानिक सीमा नाघ्नबाट रोक्न पनि सक्नुपर्छ। नागरिकले लोकतन्त्रको अर्थ आफ्नो दैनिक जीवनमा निष्पक्ष व्यवहार, भरपर्दो सेवा र प्रभावकारी सुनुवाइबाट अनुभव गर्नुपर्छ।

### ख. निरन्तर नागरिक संलग्नता

निर्वाचनले प्रतिनिधि चयन र सरकार गठनका लागि वैध जनादेश दिन्छ। तर नागरिकको राजनीतिक भूमिका मतदानसँगै समाप्त हुँदैन। विद्यालय, अस्पताल, कर, नियमन, प्रहरी, अदालत, स्थानीय सरकार र डिजिटल सेवामा उसको जीवन निरन्तर राज्यसँग जोडिएको हुन्छ। सार्वजनिक निर्णय दैनिक रूपमा भइरहँदा नागरिकको प्रभाव आवधिक निर्वाचनको मतदानमा मात्र सीमित रहनु हुँदैन।

निरन्तर नागरिक संलग्नताको अर्थ निर्वाचनभन्दा बाहेक नागरिकसँग सार्वजनिक निर्णय बुझ्ने, प्रश्न गर्ने, विचारविमर्श गर्ने, प्रभाव पार्ने, अनुगमन गर्ने र वैधानिक रूपमा चुनौती दिने संस्थागत अवसर रहनु हो। यसले निर्वाचित प्रतिनिधि वा सार्वजनिक संस्थालाई विस्थापित गर्दैन; तिनलाई नागरिकको अनुभव र बदलिँदो आवश्यकतासँग निरन्तर जोड्छ।

यसका तीन आधार छन्: अर्थपूर्ण सहभागिता, सार्वजनिक विचारविमर्श र निर्णयमाथि प्रश्न गर्ने अधिकार। नागरिकको सुझाव सुनिएको देखाउनु मात्र होइन, त्यसको निर्णय र सुधारसँग सम्बन्ध स्पष्ट हुनुपर्छ। बहसमा तर्क, प्रमाण र फरक अनुभवले स्थान पाउनुपर्छ। निर्णयको कारण माग्ने, त्रुटि सच्याउन आग्रह गर्ने र अनुचित निर्णयविरुद्ध अपिल गर्ने बाटो खुला हुनुपर्छ। सहभागिता प्रत्येक क्षण अनिवार्य हुनु आवश्यक छैन; तर आवश्यक पर्दा प्रयोग गर्न सकिने गरी उपलब्ध हुनुपर्छ।

यसरी नागरिकले समस्या अनुभव गर्ने, साझा प्रश्न बनाउने, संस्थासँग संवाद गर्ने, कार्यान्वयन हेर्ने र परिणामबारे प्रतिक्रिया दिने चक्र निर्माण हुन्छ। निर्वाचनले शासनको वैधता दिन्छ; निरन्तर नागरिक संलग्नताले नागरिकलाई सार्वजनिक जीवनमा सक्रिय सहभागी र सहनिर्माता बनाइराख्छ।

### ग. नागरिकको निर्णय क्षमता, सामर्थ्य र सामूहिक शक्ति

नागरिक मतदाता, करदाता वा सेवाग्राही मात्र होइन। ऊ आफ्नो जीवनबारे बुझ्न, छनोट गर्न, प्रश्न गर्न, संगठित हुन र साझा भविष्यलाई आकार दिन सक्ने सक्रिय कर्ता हो। यो निर्णय क्षमता अधिकारको घोषणाबाट मात्र विकसित हुँदैन। शिक्षा, स्वास्थ्य, आर्थिक सुरक्षा, सूचना, सामाजिक सम्मान र संस्थागत पहुँचले अधिकार प्रयोग गर्ने वास्तविक सामर्थ्य निर्माण गर्छन्।

यसको सामूहिक पक्ष पनि महत्त्वपूर्ण छ। धेरै सार्वजनिक समस्या व्यक्तिगत प्रयासबाट समाधान हुँदैनन्। नागरिकको अनुभव संगठनमार्फत साझा मागमा र साझा माग प्रमाण, संवाद तथा प्रतिनिधित्वमार्फत सार्वजनिक निर्णयमा प्रवेश गर्छ। राजनीतिक दल, पेशागत संस्था, सहकारी, नागरिक समूह, विश्वविद्यालय, सञ्चारमाध्यम र सामाजिक आन्दोलनले

यस सम्बन्धलाई शक्ति प्रदान गर्छन्। नागरिकलाई निष्क्रिय लाभग्राही ठान्नेभन्दा उसको ज्ञान, पहल र सहकार्यलाई सार्वजनिक जीवनको आधार मान्नुपर्छ।

डिजिटल माध्यम र कृत्रिम बुद्धिमत्ताले नागरिकले देख्ने सूचना र गर्ने निर्णयमा प्रभाव बढाइरहेका छन्। त्यसैले बोल्ने स्वतन्त्रतासँगै सूचना जाँच्ने, स्रोत तुलना गर्ने, प्रमाण र दाबी छुट्याउने तथा आलोचनात्मक चेत राख्ने क्षमता आवश्यक छ। स्थानीय अनुभव, वैज्ञानिक अनुसन्धान, प्रशासनिक तथ्यांक, स्वतन्त्र पत्रकारिता र अल्पमतका दृष्टिकोण सार्वजनिक ज्ञानका स्रोत हुन्।

नेपालको ज्ञानगत स्वाधीनताको अर्थ हरेक प्रविधि आफैँ उत्पादन गर्नु होइन; प्रयोग भइरहेको प्रविधि बुझ्ने, मूल्याङ्कन गर्ने, अनुकूल बनाउने र नियमन गर्ने क्षमता राख्नु हो। विश्वविद्यालय, अनुसन्धान संस्था, नेपाली भाषाका डिजिटल स्रोत, निजी नवप्रवर्तन र प्रवासी ज्ञान सञ्जाल यसका आधार हुन्। सार्वजनिक सेवामा प्रविधि प्रयोग गर्दा गोपनीयता, पारदर्शिता, भेदभाव विरोध, मानवीय पुनरावलोकन र अपिलको अधिकार सुरक्षित रहनुपर्छ।

### घ. नागरिकको स्वतन्त्र सार्वजनिक क्षेत्र र संवेदनशील राज्य

समुन्नत नेपालको राजनीतिक जीवन राज्य र राजनीतिक दलमा मात्र सीमित हुँदैन। स्वतन्त्र सञ्चारमाध्यम, नागरिक संस्था, श्रमिक तथा पेशागत संगठन, विश्वविद्यालय, समुदाय समूह, कलाकार र सामाजिक आन्दोलनले निर्भयतापूर्वक काम गर्न सक्ने जीवन्त सार्वजनिक क्षेत्र आवश्यक छ। नागरिकको संगठन, असहमति र स्वतन्त्र पहललाई प्रोत्साहन गर्ने वातावरण समुन्नतिको महत्त्वपूर्ण राजनीतिक आधार हो। यस क्षेत्रमा प्रवेश गर्न दलगत निकटता वा सरकारी अनुमोदन आवश्यक पर्ने अवस्था हुनु हुँदैन।

राज्यसँग कानुन कार्यान्वयन गर्ने अधिकार हुन्छ; तर नागरिकसँगको सम्बन्ध आदेश र नियन्त्रणमा मात्र आधारित हुन सक्दैन। राज्यले नागरिकको कठिनाइ बुझ्ने, संवेदनशील भएर सुन्ने र आवश्यक सहयोगका खातिर सक्रिय हुने क्षमता राख्नुपर्छ। परिवारमा जिम्मेवार अभिभावकले सबैलाई समान सम्मान दिँदै बढी कठिनाइमा रहेको सदस्यलाई थप साथ दिएझैँ राज्यले पनि समान अधिकार सुनिश्चित गर्न बहिष्करणमा परेका नागरिकलाई अतिरिक्त सहयोग दिनुपर्छ।

यसको अर्थ नागरिकलाई आश्रित बनाउनु वा अधिकारलाई कृपामा बदल्नु होइन। समान अधिकारको उपभोगमा व्याप्त असमान अवरोध हटाउनु हो। करुणा र सहानुभूति सार्वजनिक व्यवहारमा मात्र होइन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, न्याय र विपद्का बेला राज्यले गर्ने काममा देखिनुपर्छ। समुन्नत नेपालको राज्य सक्षम र उत्तरदायी हुनुका साथै मानवीय पनि हुन्छ।

## ८.२ समुन्नत नेपालको संवैधानिक र संस्थागत आधार

### क. संवैधानिक देशभक्ति

बहुल समाजमा साझा राष्ट्रिय सम्बन्धका लागि समान नागरिकता र साझा लोकतान्त्रिक नियमप्रतिको निष्ठा आवश्यक हुन्छ। धर्म, भाषा, जातीयता, क्षेत्र, जीवनपद्धति वा राजनीतिक विचार फरक भए पनि नागरिक समान अधिकार र संवैधानिक प्रक्रियाभित्र एउटै राष्ट्रिय समुदायका सदस्य हुन्। संवैधानिक देशभक्तिले यही सम्बन्धलाई स्पष्ट गर्छ।

यसको अर्थ संविधानको प्रत्येक वर्तमान व्यवस्था अपरिवर्तनीय मान्नु होइन। लोकतन्त्र, मौलिक अधिकार, समान नागरिकता, विधिको शासन र संवैधानिक प्रक्रियाबाट परिवर्तन गर्ने साझा प्रतिबद्धता यसको आधार हो। यसले

सांस्कृतिक पहिचानलाई विस्थापित गर्दैन; विविध पहिचानलाई समान राजनीतिक हैसियतमा जोड्छ। दलित, मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम तथा अन्य समुदायका अनुभव र आकांक्षाले यस साझा राष्ट्रिय सम्बन्धमा सम्मानजनक स्थान पाउनुपर्छ।

**ख. सुदृढ लोकतन्त्र**

सुदृढ लोकतन्त्रको अर्थ सामान्य अवस्थामा काम गर्ने मात्र होइन, संकट र दबाबमा पनि मूल मूल्य जोगाउँदै निर्णय गर्न, गल्ती सच्याउन र सुधारिन सक्ने अवस्था हो। आर्थिक संकट, विपद्, सामाजिक तनाव वा बाह्य दबाबका बेला नागरिक स्वतन्त्रता, बहुलता, विधिको शासन र संवैधानिक मर्यादा सुरक्षित रहनुपर्छ।

यसका लागि मूल्यमा निरन्तरता र संस्थागत अभ्यासमा अनुकूलन दुवै आवश्यक हुन्छ। मूल सिद्धान्त परिस्थितिअनुसार कमजोर हुनु हुँदैन; संस्था र प्रक्रिया भने अनुभवबाट सुधारिन सक्नुपर्छ। गलत निर्णय सच्याउने बाटो, अल्पमत र असहमतिको सुरक्षा तथा शक्तिको अत्यधिक केन्द्रीकरण रोक्ने व्यवस्था लोकतन्त्र सुदृढ बनाउने आधार हुन्। संकटपछि पुरानै अवस्थामा फर्किनु मात्र होइन, सिकेर अझ सक्षम बन्नु यसको उद्देश्य हो।

**ग. बहुलता, असहमति र सामूहिक बुद्धिमत्ता**

लोकतन्त्रको शक्ति सबैलाई एउटै निष्कर्षमा पुर्‍याउनुमा होइन; फरक अनुभव, ज्ञान र दृष्टिकोणलाई सार्वजनिक निर्णयमा स्थान दिन सक्नुमा छ। असहमतिले त्रुटि देखाउँछ, छुटेका प्रश्न अगाडि ल्याउँछ र निर्णय पुनःपरीक्षण गर्ने अवसर दिन्छ। अल्पसंख्यक समुदायको आवाज र बहुमतभन्दा फरक अनुभवलाई अवरोध ठान्नु हुँदैन।

संसद्, अदालत, प्रतिपक्ष, सार्वजनिक सुनुवाइ र प्रक्रियागत जाँचमा समय लाग्न सक्छ। त्यसको केही अंश गलत निर्णय रोक्ने र स्वतन्त्रता सुरक्षित गर्ने आवश्यक प्रक्रिया हो। यसलाई ढिलासुस्तीको बहाना बनाउन पनि हुँदैन। प्रविधि र कृत्रिम बुद्धिमत्ताको उपयोगमा समेत स्थानीय अनुभव, असामान्य तथ्य र अल्पमतका दृष्टिकोणलाई अनावश्यक ठानेर हटाउन मिल्दैन। विविध ज्ञान सुन्ने क्षमता नै सामूहिक बुद्धिमत्ताको आधार हो।

**घ. संघीय शासन र सहायकताको सिद्धान्त**

देशका सबै आवश्यकता र स्थानीय अनुभवको पूर्ण जानकारी एउटै केन्द्रीय निकायसँग हुँदैन। संघीयताको लोकतान्त्रिक अर्थ अधिकार बाँड्नुमा मात्र होइन; समस्या समाधानको ज्ञान, जिम्मेवारी र उत्तरदायित्व नागरिक नजिक पुर्‍याउनुमा पनि छ। यसले स्थानीय पहिचान, भाषा, संस्कृति र विकासका प्राथमिकतालाई सार्वजनिक निर्णयमा स्थान दिन्छ।

जुन समस्या नागरिक नजिकको तहमा प्रभावकारी र न्यायपूर्ण रूपमा समाधान गर्न सकिन्छ, त्यसलाई अनावश्यक रूपमा केन्द्रिकृत गर्नु हुँदैन। स्थानीय तहले नागरिक नजिकका सेवा र समस्या, प्रदेशले क्षेत्रीय समन्वय तथा विकास र संघले राष्ट्रिय मापदण्ड, समता, सुरक्षा, वित्तीय स्थिरता तथा अन्तर्राष्ट्रिय सम्बन्ध सम्हाल्छन्। अधिकारसँगै स्रोत, जनशक्ति र जिम्मेवारी स्पष्ट हुनुपर्छ। खुला बजेट, सक्षम प्रशासन, नागरिक सहभागिता र अनुगमनबिना विकेन्द्रीकरणले स्वतः उत्तरदायित्व निर्माण गर्दैन।

### ८.३ समुन्नत नेपालको सामाजिक-आर्थिक आधार

#### क. सुशासन: राज्य सञ्चालनको आधार

सार्वजनिक सेवा नागरिकलाई पर्खाउने, थकाउने वा अनुगृहीत बनाउने विषय होइन। सेवा पाउनु नागरिकको हक हो र मर्यादापूर्वक सेवा दिनु राज्यको जिम्मेवारी हो। समुन्नत नेपालमा कार्यालयको आन्तरिक प्रक्रियाभन्दा नागरिकको आवश्यकता, समय र सम्मानलाई प्राथमिकता दिइन्छ। सेवा घरघरमा र हातहातमा पुग्ने व्यवस्था निर्माण गर्नु हाम्रो लक्ष्य हो।

भौतिक उपस्थिति आवश्यक पर्ने सेवाबाहेक सार्वजनिक सेवा डिजिटल माध्यमबाट सातै दिन, चौबीसै घण्टा उपलब्ध हुने प्रणाली विकास गर्नुपर्छ। डिजिटल पहुँच वा प्रयोगको क्षमता नभएका नागरिकले द्रुत सहायता केन्द्रमार्फत सेवा पाउनुपर्छ। प्रविधिको प्रयोगले नयाँ बहिष्करण सृजित गर्नु हुँदैन। स्पष्ट समयसीमा, सरल प्रक्रिया, बुझिने भाषा र गुनासोको प्रभावकारी सुनुवाइ सेवाप्रवाहका आधार हुनुपर्छ।

तथ्यमा आधारित बजेट, न्यायपूर्ण कर प्रणाली, अनावश्यक खर्चको कटौती र वित्तीय अनुशासनले सार्वजनिक स्रोतलाई नागरिकको जीवन सुधार्ने काममा केन्द्रित गर्नुपर्छ। सार्वजनिक खर्च, खरिद र निर्णयमा पारदर्शिता तथा नागरिक निगरानी आवश्यक छन्। खर्च भएको वा कार्यक्रम सम्पन्न भएको आधारलाई मात्र सफलता मानिँदैन; सेवा, अवसर र जीवनमा आएको परिणाम पनि परीक्षण हुनुपर्छ।

भ्रष्टाचारविरुद्धको प्रतिबद्धता आफ्ना र अरूका लागि समान रूपमा लागू हुनुपर्छ। राजनीतिक संरक्षण, नियुक्तिको भागबन्डा र स्वार्थको प्रभावले संस्थाको निष्पक्षता कमजोर बनाउने अभ्यास अन्त्य गर्नुपर्छ। निष्पक्ष अनुसन्धान, कानुनी जवाफदेहिता र सदाचारयुक्त सार्वजनिक व्यवहार सुशासनका आधार हुन्। भदौको जनभावना प्रस्फुटनबाट व्यक्त स्वतन्त्रता, सुशासन र सहज सेवाको आकांक्षालाई यही संस्थागत परिवर्तनमा उतार्नु आवश्यक छ।

#### ख. पूर्ववितरणात्मक न्याय

सामाजिक न्याय असमानता उत्पन्न भएपछि सहायता बाँड्ने विषयमा मात्र सीमित हुँदैन। नागरिकले आर्थिक जीवन सुरु गर्ने आधार नै अत्यन्त असमान भए परिणामपछि गरिने सुधारले अवसरको मूल संरचना बदल्न सक्दैन। पूर्ववितरणात्मक न्यायले शिक्षा, स्वास्थ्य, सीप, पूँजी, वित्त, पूर्वाधार, डिजिटल पहुँच, श्रमको शक्ति र कानुनी सुरक्षालाई सुरुदेखि बढी न्यायपूर्ण बनाउने दृष्टि दिन्छ।

यसको उद्देश्य सबैको परिणाम समान बनाउनु होइन; क्षमता विकास र आर्थिक अवसरमा प्रवेश गर्ने आधार असमान नहोस् भन्ने सुनिश्चित गर्नु हो। उद्यम, लगानी, प्रतिस्पर्धा र नवप्रवर्तनलाई प्रोत्साहन दिँदै अवसरमा पहुँच र नियमको निष्पक्षता कायम गर्नुपर्छ। ऐतिहासिक रूपमा वञ्चितिकरणमा परेका समुदाय, विपन्न परिवार, महिला र कमजोर क्षेत्रका नागरिकले भोग्नुपर्ने अवरोधअनुसार थप सहयोग आवश्यक हुन्छ।

पूर्ववितरण पुनर्वितरणको विकल्प होइन। बेरोजगारी, अशक्तता, वृद्धावस्था, विपद् र अन्य जोखिमका लागि सामाजिक सुरक्षा, सार्वजनिक सेवा तथा न्यायपूर्ण कर व्यवस्था आवश्यक रहन्छन्। नागरिकको सामर्थ्य निर्माण, उत्पादन र रोजगारीका अवसर, निष्पक्ष बजार तथा सामाजिक सुरक्षालाई संयोजन गर्दा आर्थिक गतिशीलता र सामाजिक न्याय सँगसँगै अघि बढ्छन्।

## ८.४ समुन्नतिको मानवीय र संस्थागत आधार

### क. व्यक्ति, समुदाय, प्रकृति र भविष्य

समुन्नतिको राजनीतिक सरोकार व्यक्ति र राज्यबीचको सम्बन्धमा मात्र सीमित हुँदैन। समुदायको गुणस्तर, प्राकृतिक आधार र भावी पुस्ताको सम्भावनासँग व्यक्तिको स्वतन्त्रता जोडिएको हुन्छ। कुनै नागरिक स्वस्थ, शिक्षित र आर्जन गर्ने भए पनि ऊ बस्ने समुदाय विघटित, वातावरण असुरक्षित र भविष्यको आधार नष्ट भइरहेको छ भने समुन्नतिको दाबी अपूर्ण रहन्छ। त्यसैले समुन्नत नेपालले व्यक्ति, समुदाय, प्रकृति र भविष्यलाई विकासका चार अलग विषय होइन, एउटै साझा जीवनका परस्पर सम्बन्धित क्षेत्रका रूपमा हेर्छ।

पहिलो तह व्यक्ति हो। पर्याप्त पोषण, गुणस्तरीय शिक्षा, स्वास्थ्य, सुरक्षित र सम्मानजनक काम, सामाजिक सुरक्षा, विचारको स्वतन्त्रता र सार्वजनिक जीवनमा भाग लिन सक्ने अवसर व्यक्तिको वास्तविक क्षमता निर्माणका आधार हुन्।

दोस्रो तह समुदाय हो। विद्यालय, स्वास्थ्य चौकी, सहकारी, पुस्तकालय, खेलमैदान, सांस्कृतिक स्थल, स्थानीय बजार, सार्वजनिक स्थान र समुदाय संस्था साझा जीवनका आधार हुन्। यस्ता संस्थाको पतन तथ्यांकमा तुरुन्त नदेखिए पनि यसले सामाजिक विश्वास र सहकार्यमा दीर्घकालीन क्षति पुर्‍याउँछ।

तेस्रो तह प्रकृति हो। नदी, वन, हावा, माटो, पानीका मुहान र जैविक विविधता विकासका बाहिरी विषय होइनन्; जीवन र उत्पादनका आधार हुन्। प्राकृतिक पूँजी नष्ट गरेर हासिल गरिएको अल्पकालीन उपलब्धिलाई दीर्घकालीन समुन्नति मान्न सकिँदैन।

चौथो तह भविष्य हो। आजका ऋण, प्राकृतिक स्रोत, जलवायु, बस्ती, शिक्षा र जनसांख्यिक निर्णयको परिणाम भावी नागरिकले भोग्छन्, जबकि उनीहरूले आजको निर्णयमा मत व्यक्त गरेका हुँदैनन्। त्यसैले अन्तरपुस्ता न्याय समुन्नतिको आवश्यक मापदण्ड हो।

### ख. नागरिक सम्मान

समुन्नत नेपालको अन्तिम परीक्षण ठूला आर्थिक सूचक वा संस्थागत संरचनामा मात्र हुँदैन। नागरिकले आफ्नो अधिकार प्रयोग गर्दा, सार्वजनिक सेवा लिँदा, रोजगारी खोज्दा, उद्यम गर्दा, न्याय माग्दा वा राज्यसँग सामान्य व्यवहार गर्दा आफ्नो सम्मान सुरक्षित राख्न सक्छ कि सक्दैन भन्ने पनि उत्तिकै महत्त्वपूर्ण मापदण्ड हो।

अधिकार प्राप्त गर्न कृपा माग्नुपर्ने अवस्था पूर्णाधिकार होइन। योग्यताभन्दा पहुँचले अवसर निर्धारण गर्ने अवस्था समानताको अपूर्णता हो। सेवा उपलब्ध हुँदाहुँदै नागरिकले अनावश्यक अपमान सहनुपर्ने अवस्था लोकतन्त्रको अपूर्णता हो। विदेश जाने नागरिकलाई श्रमशक्तिको संख्या र फर्किने नागरिकलाई विप्रेषणको स्रोतका रूपमा मात्र हेर्ने अवस्था पनि मानवीय गरिमाको अपूर्णता हो।

'समुन्नत नेपाल, सम्मानित नेपाली' भन्ने ध्येयमा सम्मान सजावटको शब्द होइन। राज्य, बजार र समाजसँगको सम्बन्धमा नागरिकले आफ्नो गरिमा नछोडी बाँच्न, काम गर्न, सन्तान हुर्काउन, वृद्ध हुन र आफ्नो विचार अभिव्यक्त गर्न सक्ने अवस्था नै यसको मानवीय मापदण्ड हो। समुन्नत नेपालमा सम्मान विकासको परिणाम मात्र होइन; विकासको मापदण्ड पनि हो।

### ग. सार्वजनिक विश्वास, सुशासन र संस्थागत विश्वसनीयता

विश्वास कुनै सरकार, संस्था वा राजनीतिक दलले नागरिकसँग मागेर प्राप्त गर्ने स्थायी पूँजी होइन। यो व्यवहार, प्रक्रिया र परिणामबाट क्रमशः निर्माण हुने सामाजिक अपेक्षा हो। नागरिकले सबै निर्णयसँग सहमत भएर मात्र संस्थालाई विश्वास गर्दैन; निर्णय आफ्नो पक्षमा नपरे पनि प्रक्रिया निष्पक्ष थियो, कारण स्पष्ट थियो, नियम समान थियो र अपिलको बाटो खुला थियो भन्ने अनुभवले संस्थागत विश्वास निर्माण गर्छ।

सार्वजनिक विश्वासका तीन तह छुट्याउन सकिन्छ। पहिलो, नागरिकको आफ्नै क्षमतामाथिको विश्वास: मेहनत, ज्ञान र प्रयासले आफ्नो जीवन बदल्न सकिन्छ कि सकिँदैन। दोस्रो, नागरिकबीचको विश्वास: फरक समुदाय, वर्ग, क्षेत्र वा विचार भएका नेपालीले साझा संस्थाभित्र सहकार्य गर्न सक्छन् कि सक्दैनन्। तेस्रो, संस्थामाथिको उचित विश्वास: नियम व्यक्ति र पहुँचअनुसार बदलिँदैन, सार्वजनिक संस्था पूर्वानुमानयोग्य र उत्तरदायी हुन्छन् भन्ने अपेक्षा।

सुशासन यस विश्वासको संस्थागत आधार हो। नागरिकले संस्थागत सिद्धान्त होइन, परिणाम अनुभव गर्छ। सेवा कति समयमा प्राप्त भयो, निर्णय किन भयो, नियुक्ति निष्पक्ष थियो कि थिएन, सार्वजनिक खरिद खुला थियो कि थिएन, गुनासोको जवाफ आयो कि आएन, गल्ती भएपछि सुधार भयो कि भएन भन्ने अनुभवबाट राज्यको लोकतान्त्रिक चरित्र महसुस हुन्छ। त्यसैले सुशासन प्रशासनिक दक्षताको मात्र विषय होइन; लोकतान्त्रिक वैधता र सार्वजनिक विश्वासको प्रश्न पनि हो। विश्वास मागिने होइन, कमाइने राजनीतिक पूँजी हो।

### ८.५ हाम्रो सभ्यता र संस्कृति: समुन्नतिको साझा आधार

भाषा, साहित्य, कला, संस्कृति र सभ्यता समुन्नतिका बाहिरी सजावट होइनन्। तिनले नागरिकको पहिचान, सामाजिक सम्बन्ध, सिर्जनशीलता र साझा राष्ट्रिय जीवनको अर्थ बोक्छन्। नेपालको सभ्यतागत विरासत र विविध धार्मिक तथा सांस्कृतिक परम्पराको सम्मान गर्दै मौलिकतामा गर्व गर्ने आधुनिक, समावेशी र सहिष्णु समाज निर्माण गर्नु हाम्रो ध्येय हो।

दलित समुदायका कला र शिल्प, मधेशका भाषिक तथा सांस्कृतिक परम्परा, आदिवासी जनजातिका रैथाने ज्ञान र जीवनपद्धति, नेवारी सभ्यता, थारू संस्कृति,  मुस्लिम समुदायको सांस्कृतिक योगदान तथा अन्य समुदायका सम्पदा राष्ट्रिय जीवनका साझा निधि हुन्। सबै मातृभाषा, साहित्य र सांस्कृतिक अभिव्यक्तिको संरक्षण तथा संवर्धन हुनुपर्छ। अल्पसंख्यक र सीमान्तकृत समुदायले आफ्नो पहिचान व्यक्त गर्न र आगामी पुस्तामा हस्तान्तरण गर्न समान अवसर पाउनुपर्छ।

जीवित सम्पदा, गुठी र स्थानीय परम्पराको संरक्षणमा समुदायको भूमिका, रैथाने ज्ञानको अनुसन्धान तथा डिजिटल अभिलेख र कलाकार तथा शिल्पीको बौद्धिक सम्पत्तिको सुरक्षा महत्त्वपूर्ण छन्। शिक्षासँग कला र संस्कृति जोड्ने तथा सांस्कृतिक पर्यटन र सिर्जनशील उद्यममार्फत रोजगारी विस्तार गर्ने अवसर पनि छन्। विश्व ज्ञान, अर्थतन्त्र र संस्कृतिसँग जोडिँदै आफ्नो मौलिकता जोगाउनु समुन्नतिको सांस्कृतिक दिशा हो।

### ८.६ समुन्नतिका लागि शासकीय अधिकार, क्षमता र परराष्ट्र नीति

समुन्नतिका लागि सार्वजनिक संस्थाले के गर्ने, कुन तहले गर्ने, कुन स्रोतबाट गर्ने र कसप्रति जवाफदेही रहने भन्ने स्पष्ट हुनुपर्छ। संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारमा रहेको अस्पष्टता र दोहोरोपन हटाउँदै

जिम्मेवारीअनुसार स्रोत, जनशक्ति र निर्णय क्षमता उपलब्ध गराउनुपर्छ। नागरिक नजिकका सेवा वडा तथा स्थानीय तहसम्म सहज रूपमा पुग्ने र तहगत समन्वयले कामको गुणस्तर बढाउने व्यवस्था आवश्यक छ।

शासकीय अधिकारको उद्देश्य सार्वजनिक शक्ति विस्तार गर्नु मात्र होइन; नागरिकको समस्या समाधान गर्ने क्षमता बढाउनु हो। तथ्य र प्रमाणमा आधारित कानुन, प्रभावकारी संसदीय समिति, सक्षम प्रशासन र स्वतन्त्र नियमनकारी संस्था यसका आधार हुन्। संवैधानिक निकाय, विश्वविद्यालय, सार्वजनिक संस्था र कूटनीतिक सेवामा समावेशी सिद्धान्तसहित योग्यता, क्षमता र इमानदारीका आधारमा नियुक्ति हुनुपर्छ। सार्वजनिक खरिद, बजेट र आयोजना छनोट खुला तथा परिणाममुखी हुनुपर्छ। नियमनले नागरिक र उद्यमलाई अनावश्यक हैरानी दिनेभन्दा निष्पक्ष नियम र विश्वास निर्माण गर्नुपर्छ।

यो जिम्मेवारी राजनीतिक दलमा पनि लागू हुन्छ। दलको आय-व्यय, आर्थिक सहयोग र सार्वजनिक निर्णय पारदर्शी हुनुपर्छ। शासकीय अधिकारसँग उत्तरदायित्व र सार्वजनिक स्रोतसँग आर्थिक अनुशासन जोडिँदा मात्र संस्थाको क्षमता समुन्नतिको परिणाममा बदलिन्छ।

नेपाली कांग्रेसको परराष्ट्र नीति राष्ट्रिय हित, सार्वभौमिक समानता, स्वतन्त्र निर्णय र पारस्परिक सम्मानमा आधारित हुन्छ। छिमेकी तथा मित्रराष्ट्रसँग आपसी हित र आर्थिक साझेदारी विस्तार गर्दै नेपाललाई विश्व समुदायको शान्त, स्वाभिमानी र जिम्मेवार सदस्यका रूपमा स्थापित गर्नु यसको दिशा हो। विदेशमा रहेका नेपालीको सुरक्षा, सम्मान र अवसर तथा देशको ज्ञान, लगानी र आर्थिक सम्बन्ध विस्तारलाई राष्ट्रिय समुन्नतिसँग जोड्नुपर्छ।

### ८.७ समुन्नत नेपालको आर्थिक मार्गचित्र

नेपाली कांग्रेसको आर्थिक दृष्टिकोणको मूल आधार राष्ट्रियता, लोकतन्त्र र समाजवाद हो। पार्टीका संस्थापक जननायक बी.पी. कोइरालाले प्रतिपादन गर्नुभएको लोकतान्त्रिक समाजवादले विकासको केन्द्रमा केवल तथ्याङ्कीय आर्थिक वृद्धिलाई होइन; साधारण नागरिकको जीवन, मानवीय गरिमा, सहभागिता र अवसरलाई केन्द्रमा राखेको थियो। हामी बी.पी.को 'हलो जोतिरहेको किसान'को ऐतिहासिक प्रतीकलाई आत्मसात् गर्दै आज 'हातमा पासपोर्ट बोकेर उभिएको वा देशभित्रै अवसर खोजिरहेको युवा'को यथार्थलाई आर्थिक विकास नीतिको केन्द्रबिन्दुमा राखेकाछौं।

बी.पी.को समयकालमा मुख्य चुनौती भूमिसुधार, निरक्षरता उन्मूलन र ग्रामीण पछौटेपनसँग जुध्नु थियो भने आज वैदेशिक पलायन, कमजोर उत्पादकत्व, आयात निर्भरता, प्रविधि र सीपबीचको खाडल तथा सामाजिक सुरक्षाको दायित्वजस्ता नयाँ संरचनात्मक मुद्दाहरू प्रमुख बनेका छन्। यस्ता चुनौतीहरूलाई परम्परागत समाजवादका राज्य–नियन्त्रित साधनमार्फत मात्र समाधान गर्न आजको विश्वव्यापीकृत र प्रविधिमैत्री अर्थतन्त्रमा सम्भव छैन।

यसका लागि नेपाली कांग्रेस बजार र राज्यलाई परस्पर विरोधी ध्रुवका रूपमा हेर्दैन। गतिशील बजारले उत्पादन, सम्पत्ति र रोजगारी सिर्जना गर्छ भने सक्षम राज्यले नागरिकको क्षमता अभिवृद्धि, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्छ भन्ने अवधारणालाई कांग्रेसको समकालीन वैचारिक पहिचानका रूपमा लिएको छ। बी.पी. स्वयं विचारलाई समय र परिस्थितिसँग संवाद गराउँदै अघि बढाउने गतिशील चिन्तक हुनुहुन्थ्यो। त्यसैले कांग्रेसको आर्थिक दर्शनको मूल मर्म **'सैद्धान्तिक मूल्यमा निरन्तरता र साधनमा समयानुकूलता'** हो।

- **क्षमता, निष्पक्षता र नयाँ सामाजिक सम्झौता**

हाम्रो लोकतान्त्रिक आर्थिक न्याय भनेको राज्यबाट प्राप्त हुने अल्पकालीन भत्ता वा दयाको पुनर्वितरण मात्र होइन। वास्तविक आर्थिक न्याय त्यो हो-जसले हरेक नागरिकको शिक्षा, स्वास्थ्य, सीप, रोजगारी, प्रविधि र वित्तीय पहुँचजस्ता आधारभूत 'क्षमता र वास्तविक स्वतन्त्रता' को विस्तार गर्दछ। राज्यका सामाजिक तथा आर्थिक संस्थाहरू यस्तो निष्पक्षताका साथ निर्माण गरिनुपर्छ, जसले पछाडि पारिएका, गरिब र सीमान्तकृत नागरिकलाई स्थायी रूपमा 'आश्रित वर्ग' बनाउने होइन; उनीहरूलाई उत्पादक, उद्यमी, लगानीकर्ता र सम्पत्तिका मालिक बन्ने 'समान र निष्पक्ष सुरुवाती अवसर' प्रदान गरोस्।

यसका लागि राज्यको आकार ठूलो हुनु होइन, राज्य सक्षम, सुशासित र निष्पक्ष हुनु आवश्यक छ। राज्य स्वयं व्यापारी वा मालिक बन्ने होइन; निष्पक्ष नियामक, सुशासनको संरक्षक, आधुनिक पूर्वाधार निर्माता र गुणस्तरीय सार्वजनिक सेवा प्रदायक बन्नुपर्छ। यसै आलोकमा नेपाली कांग्रेस राज्य, नागरिक र निजी क्षेत्रबीचको सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गर्दै उत्पादन, अवसर, क्षमता र स्वामित्वको विस्तारमार्फत न्यायपूर्ण समृद्धिको नयाँ यात्रा प्रारम्भ गर्न प्रतिबद्ध छ।

- **उदार, उत्पादनमुखी र न्यायमूलक अर्थतन्त्रका तीन स्तम्भ**

नेपाली कांग्रेसका लागि आर्थिक नीतिको अन्तिम मापदण्ड केवल कुल गार्हस्थ्य उत्पादन को अङ्कगणितीय वृद्धि मात्र होइन; नागरिकको जीवनस्तरमा आएको रूपान्तरण, सिर्जित मर्यादित रोजगारी र देशभित्रै निर्मित फराकिलो आर्थिक अवसर हो।

हामी युवालाई उद्यमशीलताको साझेदार, निजी क्षेत्रलाई समुन्नतिको मुख्य इन्जिन, र पिँधमा रहेका विपन्न नागरिकलाई विकासको मूलप्रवाहमा ल्याएर 'सम्पत्तिको मालिक' बनाउने उदार, उत्पादनमुखी र न्यायमूलक अर्थतन्त्र निर्माण गर्छौं। यसका लागि नेपाली कांग्रेस 'निजी क्षेत्र-मैत्री', 'फराकिलो आर्थिक वृद्धि-उन्मुख' र 'सामाजिक न्याय-केन्द्रित' तीन स्तम्भमा आधारित अर्थतन्त्रको पक्षमा छ ।

**उदार अर्थतन्त्र (प्रो-प्राइभेट):** निजी क्षेत्रलाई समृद्धिको प्रमुख संवाहकका रूपमा स्थापित गर्दै नीतिगत स्थिरता, स्वस्थ प्रतिस्पर्धा र लगानी-मैत्री वातावरण निर्माण गरिनेछ। यस प्रक्रियामा सरकार स्वयम् व्यापारी वा नियन्त्रक नबनी बजारको निष्पक्षता, स्वच्छता र स्वस्थ प्रतिस्पर्धा सुनिश्चित गर्ने एक कुशल र पारदर्शी नियामकको भूमिकामा रहनेछ ।

**उत्पादनमुखी अर्थतन्त्र (प्रो-ग्रोथ):** उच्च, दिगो, समावेशी र आन्तरिक उत्पादनमा आधारित आर्थिक वृद्धि हासिल गर्न 'प्रो-ग्रोथ' नीति अवलम्बन गरिनेछ। युवाहरूलाई केवल श्रम बजारका कामदारका रूपमा होइन, नवप्रवर्तन, उद्यमशीलता र सम्पत्ति सिर्जनाका वास्तविक साझेदार रहनेछन्, ।

**न्यायमूलक अर्थतन्त्र (प्रो-सोसल जस्टिस):** न्यून आय भएका र सीमान्तकृत समुदायलाई आर्थिक विकासको प्रतिफल मात्र होइन, सम्पत्ति सिर्जनाको सक्रिय साझेदार बनाइनेछ। उनीहरूलाई उत्पादक र सम्पत्तिको मालिक बनाउन विशेष आर्थिक अवसर, क्षमता विकास, 'Protect + Enable + Employ' (संरक्षण, क्षमता अभिवृद्धि र रोजगारी) को ढाँचा र लक्षित संरक्षणको पूर्ण ग्यारेन्टी हुनेछ।

यी तीन स्तम्भ नै समुन्नत नेपाल बनाउने आर्थिक मार्ग चित्र हो ।

## ९. कस्तो कांग्रेस: विचारमा स्पष्ट, संगठनमा जीवन्त, जनताप्रति जवाफदेही

अघिल्ला खण्डमा हामीले कांग्रेसको राष्ट्रिय दायित्व, वैचारिक दिशा र समुन्नत नेपालको ध्येय स्पष्ट गर्‍यौं। यसलाई नागरिकको जीवनमा उतार्न सक्ने राजनीतिक संगठन निर्माण गर्नु अबको जिम्मेवारी हो। त्यसैले समुन्नतिको कार्यसूचीसँग पार्टी स्वयंको पुनर्निर्माण जोडिएको छ।

पछिल्लो समय हामीले संगठनलाई आदेशमुखी र पदानुक्रममा बाँध्दै लग्यौं। माथिल्लो पदमा पुग्दै जाँदा अधिकार केन्द्रित हुने, सदस्यले निर्णयभन्दा निर्देशन पाउने र पार्टी समाजका अनुभवबाट टाढिने अवस्था बन्यो। यस्तो संरचनामा केही सतही सुधारले मात्र हाम्रो राष्ट्रिय दायित्व पूरा हुँदैन। निर्णय, अवसर र जिम्मेवारीलाई पार्टी सदस्य तथा नागरिकसँग जोड्ने गरी संगठनको आधारभूत सम्बन्ध बदल्नुपर्छ।

यसका लागि स्थापनाकालीन उद्देश्य, लोकतान्त्रिक निर्भीकता, समुदायसँगको सम्बन्ध र सेवाको भावनातर्फ फर्कनुपर्छ। साथै, बदलिएको समाजअनुसार नयाँ ज्ञान, प्रविधि र संगठनात्मक अभ्यास अपनाउनुपर्छ। लोकतन्त्र, मानवअधिकार र नागरिक स्वतन्त्रतामा अडिग रहँदै संगठनलाई समयअनुकूल बनाउनु नै 'निरन्तरतामा नवीनता' हो। नेतृत्वतर्फ मात्र हेर्ने परिपाटी त्यागेर पार्टीलाई नागरिक र समुदायतर्फ फर्काउँदा कांग्रेसको वास्तविक सामर्थ्य पुनः निर्माण हुन्छ।

### ९.१ नागरिकको पार्टी: सदस्यता, सहभागिता र स्वामित्व

नेपाली कांग्रेस कुनै नेता, पदाधिकारी वा समूहको निजी स्रोतसाधन होइन। पार्टीको सबैभन्दा बलियो आधार अधिकार र जिम्मेवारी बोकेका सदस्य हुन्। सदस्यको सक्रिय सहभागिताबाट चल्ने संगठनले मात्र नागरिकप्रति उत्तरदायी राजनीतिक नेतृत्व निर्माण गर्न सक्छ।

सदस्यले छलफल गर्न, असहमति राख्न, चुन्न र चुनिन पाउनुपर्छ। त्यसैले नीति र विचार निर्माण, उम्मेदवार छनोट तथा नेतृत्व चयनमा सदस्यको प्रत्यक्ष सहभागिता विस्तार गर्ने दिशामा हामी अग्रसर हुने छौं। निर्णयमा पार्टी सदस्यको भूमिका कमजोर राखेर परिचालनमा मात्र सक्रिय बनाउन खोज्ने अभ्यास बदल्नुपर्छ। समर्थक, शुभेच्छुक र सम्बन्धित समुदायको अनुभवलाई पनि पार्टीको नीति तथा सार्वजनिक कार्यसूचीमा अर्थपूर्ण स्थान दिइनेछ।

सदस्यता वितरण र नवीकरण नियमित, सहज र पारदर्शी हुनेछन्। सदस्यतालाई परिचयपत्रसँगै योगदानको जिम्मेवारीमा जोडिनेछ। सबैको योगदान एउटै ढाँचामा अट्दैन। शिक्षकले सिकाइमा, स्वास्थ्यकर्मीले सेवामा, श्रमिकले अधिकारमा र युवाले उद्यम तथा सामाजिक पहलमा योगदान गर्न सक्छन्। पद नभएकै कारण कसैले निष्क्रिय बस्नुपर्ने छैन।

हरेक पदको लिखित कार्यविवरण, नियमित आत्ममूल्याङ्कन र समीक्षा हुनेछ। सामुदायिक योगदानको अभिलेखलाई जिम्मेवारी र उम्मेदवारीको मूल्याङ्कनमा स्थान दिइनेछ। मापदण्ड पहिले नै सार्वजनिक हुनेछन्। औपचारिक सदस्यता नभएकै कारण अध्ययन, नीति निर्माण वा सामाजिक योगदानको ढोका बन्द गरिने छैन। विधानसम्मत निर्णय प्रक्रिया र व्यापक नागरिक सहभागितालाई सँगसँगै अघि बढाइनेछ।

### ९.२ विचार, ज्ञान र नेतृत्व निर्माणको केन्द्र

नेपाली कांग्रेस पढ्ने, प्रश्न गर्ने, बहस गर्ने र अनुभवबाट सिक्ने ज्ञान केन्द्र बन्नुपर्छ। समाजका समस्या के हुन्, तिनका कारण कहाँ छन् र बदलिँदो नेपालका महत्वपूर्ण प्रश्न कसरी बुझ्ने भन्ने विषयमा निरन्तर संवाद हुनुपर्छ। नयाँ ज्ञान

निर्माण गर्ने, पुरानो बुझाइ पुनःपरीक्षण गर्ने र अनुभवले गलत देखाएका मान्यता सच्याउने संस्कृति पार्टी जीवनको हिस्सा बन्नुपर्छ।

शिक्षा, स्वास्थ्य, पोषण, रोजगारी, सामाजिक न्याय, वातावरण र अन्य राष्ट्रिय सरोकारमा विज्ञको ज्ञानसँग स्थानीय अनुभव जोडिनेछ। नीति प्रतिष्ठानले समस्या अध्ययन, विकल्प र लागतको परीक्षण तथा परिणामबाट सिकेर नीति सुधार्ने प्रक्रिया अघि बढाउनेछ। कार्यकारी समितिबाहिर रहेका सक्षम सदस्य र विषयगत दक्षता भएका व्यक्तिले पनि विचार, अनुसन्धान र नेतृत्व विकासमा योगदान गर्ने अवसर पाउनेछन्।

विद्यार्थी, युवा, श्रमिक, किसान, महिला, पेशागत तथा अन्य भ्रातृ र शुभेच्छुक संस्थाको रूपान्तरण पनि यही दिशामा हुनेछ। तिनको सम्बन्ध नेतृत्वसँगको निकटताभन्दा आफूले प्रतिनिधित्व गर्ने समुदायसँग बलियो हुनुपर्छ। विद्यार्थी संस्थाले विद्यार्थीको सिकाइ र अवसर, श्रमिक संस्थाले काम र सुरक्षा तथा किसान संस्थाले उत्पादन र बजारका प्रश्नबाट आफ्नो कार्यसूची निर्माण गर्नेछन्। अधिवेशन र निर्वाचन समयमै हुनेछन्। यी संस्था स्वतन्त्र पहल, विषयगत ज्ञान र नागरिक नेतृत्व विकासका आधार बन्नुपर्छ।

हरेक नयाँ सदस्यको अभिमुखीकरण र तहअनुसार नेतृत्व प्रशिक्षण हुनेछ। संविधान, विधिको शासन, संघीयता, सामाजिक न्याय, अर्थतन्त्र, सार्वजनिक बजेट र संवादका सीप त्यसका आधार हुनेछन्। कार्यकर्ताले आफ्नो राजनीतिक जिम्मेवारी नागरिकको अनुभवसँग कसरी जोड्ने, समस्या कसरी सुन्ने र समाधानका लागि सम्बन्धित संस्थासम्म कसरी पुऱ्याउने भन्ने बुझ्नुपर्छ। समुदायलाई पनि आफ्नो अधिकार, सेवा र सहभागिताका अवसरबारे जानकारी दिने अभ्यास विस्तार गरिनेछ।

नियमित विषयगत संवाद, आर्थिक सम्मेलन, वीपी साहित्य महोत्सव र नीति कार्यशालाबाट अध्ययन तथा सार्वजनिक विमर्शलाई निरन्तरता दिइनेछ। राजनीतिक कार्यसमितिको कार्यतालिकामा संगठनात्मक र सार्वजनिक कामलाई ५०/५० प्रतिशतको आधारमा स्थान दिइनेछ। निर्वाचनको व्यस्तताले समाजसँगको सम्बन्ध र सामाजिक अभियान रोकिने अवस्था हुन दिइने छैन।

**६.३ काम गर्ने संरचना: तहगत समन्वय र साझा सामर्थ्य**

वडा र टोल नागरिकसँगको सम्बन्धका आधार हुन्। तिनको काम निर्देशन पर्खनु र निर्वाचनमा नामावली चलाउनुमा सीमित हुनु हुँदैन। प्रदेशले आफ्नो क्षेत्रका राजनीतिक तथा नीतिगत प्रश्नमा नेतृत्व गर्नेछ। केन्द्रले राष्ट्रिय दिशा, अध्ययन, समन्वय र जवाफदेहिता सुनिश्चित गर्नेछ। प्रत्येक तहको अधिकार, जिम्मेवारी र समीक्षा स्पष्ट हुनेछन्। माथिल्लो तहले निर्देशनसँगै सहयोग र क्षमता विकासको जिम्मेवारी लिनेछ।

यस संरचनामा माथिबाट तल जाने सम्बन्धसँगै समान तह र साझा विषयमा काम गर्ने निकायबीच प्रत्यक्ष सहकार्य आवश्यक छ। एउटा वडाको सफल अभ्यास अर्को वडाले सिक्न, प्रदेशका अनुभव साझा गर्न र विषयगत ज्ञान आवश्यक ठाउँमा पुऱ्याउन सकिने व्यवस्था बनाइनेछ। हरेक संवाद र सहकार्य माथिल्लो पदको अनुमतिमा निर्भर रहने संस्कार बदल्नुपर्छ। यसरी तेर्सो सहकार्यले स्थानीय पहल, साझा सिकाइ र संगठनको सामर्थ्य विस्तार गर्नेछ।

निर्वाचन ब्युरोले उम्मेदवार पहिचान, मतदाताको अनुभव र निर्वाचन तयारी सम्हाल्नेछ। नेतृत्व प्रतिष्ठानले सदस्य तथा नेतृत्वको क्षमता विकास गर्नेछ। नीति प्रतिष्ठानले अनुसन्धान र नीतिगत विकल्प तयार गर्नेछ। यी संयन्त्र संगठन र विशेषज्ञतालाई जोड्ने माध्यम हुनेछन्।

गभर्नेन्स इन्स्टिच्युटको भूमिका जनप्रतिनिधिलाई नीति, बजेट र सेवामा सहयोग गर्ने काममा मात्र सीमित हुनेछैन। यसले सरकारमा रहँदा 'प्रोजेक्ट गभर्नमेन्ट' अन्तर्गत प्राथमिकता, कार्यक्रम र कार्यसम्पादनको तयारी तथा अनुगमन गर्नेछ। प्रतिपक्षमा रहँदा विधायन, सरकारी नीति र खर्चको परीक्षण, नागरिकका प्रश्न तथा वैकल्पिक प्रस्तावमा सहयोग गर्नेछ। अध्ययन, तयारी, कार्यान्वयनको समीक्षा र क्षमता विकास यसको निरन्तर जिम्मेवारी हुनेछ।

पार्टी सदस्य नभएको नागरिकले पनि आफ्नो अनुभव, प्रश्न वा सुझाव राख्न सक्ने भौतिक र डिजिटल नागरिक संवाद मञ्च निर्माण गरिनेछन्। यी मञ्च नीति प्रतिष्ठान, गभर्नेन्स इन्स्टिच्युट र नेतृत्व प्रतिष्ठानसँग जोडिनेछन्। प्राप्त विषय कहाँ पुग्यो, कसले हेर्दै छ र कस्तो प्रतिक्रिया आयो भन्ने जानकारी नागरिकले पाउनुपर्छ।

सदस्यता, बैठक, निर्णय, कार्यक्रम, वित्त, परामर्श, आन्तरिक मतदान र मूल्याङ्कनका अभिलेख जोड्ने डिजिटल प्रणाली विकास गरिनेछ। व्यक्तिगत सूचनाको सुरक्षा र डिजिटल पहुँच नभएकाका लागि समान विकल्प सुनिश्चित हुनेछन्। प्रविधिले प्रक्रिया सरल र जिम्मेवारी स्पष्ट बनाउनुपर्छ; निर्णयको उत्तरदायित्व सम्बन्धित निकायमै रहनेछ।

### ६.४ अर्थपूर्ण समावेशिता र पाँच पुस्ताको सहयात्रा

कांग्रेसभित्र नेपाली समाजको विविधता देखिनु मात्र पर्याप्त छैन। प्रतिनिधित्व पाएका समुदायले नीति, निर्णय, नेतृत्व र स्रोतको उपयोगमा वास्तविक प्रभाव राख्नुपर्छ। समावेशिता पार्टीको काम र अधिकारको अभिन्न आधार बन्नुपर्छ।

हरेक तहमा कम्तीमा एक तिहाइ पदाधिकारी महिला रहने दिशामा संरचनागत सुधार अघि बढाइनेछन्। युवा, श्रमिक, मधेशी, दलित, आदिवासी जनजाति, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। उनीहरूको अनुभव नीति निर्माणमा समेट्ने र अध्ययन, प्रशिक्षण तथा जिम्मेवारीमार्फत नेतृत्व विकास गर्ने व्यवस्था हुनेछ। प्रतिनिधित्वलाई उपस्थितिमा सीमित राखिने छैन।

कांग्रेस पाँच पुस्तालाई सँगै लिएर अघि बढ्ने पार्टी बन्नुपर्छ। अग्रजको संघर्ष, अनुभव र विवेकलाई नयाँ पुस्ताको ऊर्जा, ज्ञान र प्रविधिसँग जोड्नुपर्छ। अनुभवका नाममा अवसर रोक्नु र नयाँपनका नाममा अग्रजको योगदान उपेक्षा गर्नु दुवै गलत हुन्। सहकार्यसँगै जिम्मेवारीको वास्तविक हस्तान्तरण आवश्यक छ।

यसका लागि सभापतिसँग प्रत्यक्ष संवाद र परामर्श गर्ने युथ् काउन्सिल (Youth Council) र विसडम् काउन्सिल (Wisdom council) गठन गरिनेछ। युथ् काउन्सिलमा १८ वर्षभन्दा माथि र २१ वर्षभन्दा कम उमेरका युवाले नयाँ पुस्ताका अनुभव तथा आकांक्षा प्रस्तुत गर्नेछन्। विसडम् काउन्सिलमा पाको पुस्ताले आफ्ना अनुभव र प्रज्ञान सभापतिको समुपस्थितिमा साझा गर्नेछन्। दुवै काउन्सिलका सुझाव पार्टीको विधानसम्मत निर्णय प्रक्रियासँग जोडिनेछन्। यसले पुस्ताबीच संवाद, अनुभवको हस्तान्तरण र आन्तरिक लोकतन्त्रलाई बल दिनेछ।

### ९.५ आन्तरिक लोकतन्त्र: अधिकार, प्रतिस्पर्धा र उत्तरदायित्व

महाधिवेशन तथा पार्टीसम्बद्ध संगठनहरूको निर्वाचन प्रक्रिया विधानअनुसार समयमै हुनेछन्। सदस्यता अभिलेख विश्वसनीय बनाइनेछ। नेतृत्व प्रतिस्पर्धा, कार्यकाल र बहिर्गमनका नियम स्पष्ट हुनेछन्। सदस्यको मत र निष्पक्ष प्रक्रियाबाट जिम्मेवारी प्राप्त गर्ने आधार बलियो बनाइनेछ।

राजनीतिबाहिर उल्लेखनीय योगदान गरेका व्यक्तिको प्रवेशका लागि योग्यता, अनुपात र छनोट प्रक्रिया स्पष्ट गरिनेछ। यस्तो प्रवेशले सदस्यको समान अधिकार र आन्तरिक प्रतिस्पर्धालाई कमजोर बनाउन पाउने छैन। कार्यकाल, प्राइमरी, तहगत अधिकार र प्रतिनिधित्वसम्बन्धी सुधारमा सदस्यको अर्थपूर्ण सहभागिता हुनेछ। निर्णयको कारण र आधार जानकारी दिइनेछ।

असहमतिलाई अनुशासनहीनता मानिने छैन। अनुशासन सार्वजनिक मापदण्ड, निष्पक्ष सुनुवाइ र पुनरावेदनमा आधारित हुनेछ। जिम्मेवारी पूरा नगर्ने, आर्थिक अपारदर्शिता गर्ने वा पद दुरुपयोग गर्ने सबैमाथि समान नियम लागू हुनेछ।

भ्रष्टाचार वा अनियमितताको प्रश्नमा कुनै सदस्य वा पदाधिकारीमाथि अनुसन्धान र न्यायिक परीक्षण हुँदा पार्टीले संस्थागत बचाउ गर्ने, दबाब दिने वा संरक्षण प्रदान गर्ने छैन। सम्बन्धित व्यक्तिले आफ्नो कार्यको जिम्मेवारी लिनुपर्छ र कानुनी प्रक्रियाको सामना गर्नुपर्छ। दोषको निर्धारण न्यायिक प्रक्रियाबाट हुनेछ। पार्टीको सम्बन्ध वा पद कसैलाई अनुसन्धान र जवाफदेहिताबाट छुट दिने आधार बन्ने छैन।

### ९.६ पारिवारिक अपनत्व र राष्ट्रिय सरोकारको सामाजिक आन्दोलन

नेपाली कांग्रेस आपसी सम्मान, सद्भाव, करुणा र कठिनाइमा साथ दिने राजनीतिक परिवार हो। परिवारको अर्थ केही नेताको पारिवारिक घेरा होइन। अग्रजको योगदान सम्मानको आधार हो; सन्तानका लागि पद स्वतः हकदाबीको प्रमाण होइन। राजनीतिक अवसर उत्तराधिकारमा सर्दैन। पारिवारिक निकटतालाई योग्यता र योगदानको विकल्प बनाउने अभ्यासले कांग्रेसको परिवारलाई साँघुरो बनाउँछ।

कांग्रेसको अपनत्व शहीद परिवार, द्वन्द्वपीडित, घाइते, विस्थापित र पार्टीको आन्दोलनमा लागेका कारण शिक्षा, जीविका वा अवसर गुमाएका साथीप्रतिको जिम्मेवारीमा देखिनुपर्छ। नयाँ सदस्यको स्वागत, कठिनाइमा परेको साथीको साथ र योगदानको सम्मान यसको आधार हो। सम्बन्धित परिवारको शिक्षा तथा स्वास्थ्य सहयोगका लागि दश करोड रुपैयाँको अक्षय कोष स्थापना गर्ने प्रस्ताव पारदर्शी संकलन, सञ्चालन र लेखापरीक्षणसहित अघि बढाइनेछ।

वीपी कोइरालाको जनसेवामा आधारित राजनीतिक घरको परिकल्पनाले सदस्यतालाई सम्बन्ध र जिम्मेवारीसँग जोड्छ। प्रदीप गिरिले अध्ययन, विचार, साहित्य, संवाद र सामाजिक कर्मलाई राजनीतिक जीवनको केन्द्रमा राखेर पदभन्दा पर पनि सार्वजनिक योगदान सम्भव छ भन्ने बुझाउँछ। उहाँहरूको परम्परामा समाजसँग काम गर्नु राजनीतिमा पछि थपिने गतिविधि होइन; लोकतान्त्रिक मूल्यलाई दैनिक जीवनमा उतार्ने आधार हो।

यस राष्ट्रिय जिम्मेवारीलाई हामी 'एनसी फर एनसी'—राष्ट्रिय सरोकारका लागि नेपाली कांग्रेस (Nepali Congress for National Cause) का रूपमा अघि बढाउँछौं। आजको राष्ट्रिय सरोकार राज्य र संस्थामा, एकअर्कामा तथा नेपालमै भविष्य निर्माण गर्न सकिने सम्भावनामा विश्वास पुनर्निर्माण गर्नु हो। कांग्रेसले यसलाई निर्वाचनको तयारीसँगै समाज र समुदायलाई जोड्ने निरन्तर राजनीतिक कामका रूपमा लिनुपर्छ।

कांग्रेसको जीवन संसद् र पार्टी कार्यालयमा सीमित हुन सक्दैन। जातीय विभेद, बालविवाह, लैङ्गिक हिंसा, भ्रष्टाचार र असमानताविरुद्ध समाजमा काम गर्नु राजनीतिक जिम्मेवारी हो। पोषण, शिक्षा, स्वास्थ्य, वातावरण र विपद्मा नागरिकसँग सहकार्य पनि त्यही जिम्मेवारी हो। समाज बदल्ने कामलाई निर्वाचनको सहायक गतिविधि ठान्ने संस्कार बदल्नुपर्छ। नागरिकले कांग्रेसलाई मत माग्ने समयमा मात्र होइन, कठिनाइ र साझा काममा पनि भेट्न सक्नुपर्छ।

सामाजिक आन्दोलनको अर्थ नागरिक संस्थालाई पार्टीको नियन्त्रणमा ल्याउनु होइन। विद्यालय, समुदाय, श्रमिक संगठन, सहकारी र नागरिक समूहको स्वायत्तता सम्मान गर्दै साझा उद्देश्यमा काम गर्नु हो। सदस्यता नलिएका नागरिक, नयाँ पुस्ता, पेशागत व्यक्ति, प्रवासी नेपाली र आलोचना गर्ने शुभेच्छुकका लागि योगदानको ढोका खुला हुनेछ। प्रवाससँगको सम्बन्ध श्रम, सीप, ज्ञान, लगानी र नागरिक सम्मानको कार्यसूचीमा जोडिनेछ।

वडा र टोललाई विश्वास निर्माण गर्ने संस्थाका रूपमा विकसित गरिनेछ। सामुदायिक सेवाको अभिलेख पार्टीगत मूल्याङ्कनमा समेटिनेछ। हरेक समितिले आफ्नो मासिक बैठकमा एउटा प्रश्नको उत्तर अभिलेख गर्नेछ: यो महिना निर्वाचनसँग सम्बन्धित नभएको कुन काम कांग्रेसले यस समुदायका लागि गऱ्यो? सेवाको मूल्य जिम्मेवारी र उम्मेदवारीको मूल्याङ्कनमा पनि देखिनुपर्छ। समुदायसँग निरन्तर काम गर्ने पार्टीले आफ्नो सान्दर्भिकता त्यही सम्बन्धबाट निर्माण गर्छ।

**९.७ हाम्रो राजनीतिक मर्यादा: के गर्नेछौं, के गर्नेछैनौं**

वैचारिक र सांगठनिक पुनर्जागरणका लागि नयाँ काम सुरु गर्नुसँगै गलत अभ्यास त्याग्नुपर्छ। सार्वजनिक जीवनदेखि पार्टीभित्रसम्म हाम्रा प्रतिबद्धता स्पष्ट छन्।

| क्षेत्र | हामी के गर्नेछौं | हामी के गर्नेछैनौं |
|---|---|---|
| **लोकतान्त्रिक मूल्य** | लोकतन्त्र, मानव अधिकार, नागरिक स्वतन्त्रता र संवैधानिक मर्यादामा अडिनेछौं। | सत्ता, सुविधा वा तत्कालीन लाभका लागि मूल मूल्यमा सम्झौता गर्ने छैनौं। |
| **राजनीतिक सहकार्य** | स्पष्ट सार्वजनिक उद्देश्य र नीतिगत आधारमा सहकार्य गर्नेछौं। | पद, प्रभाव र सुविधाको लेनदेनलाई राजनीतिक सहकार्य बनाउने छैनौं। |
| **निर्वाचन र जनविश्वास** | आफ्नै पार्टीको चिह्न, कार्यक्रम र उम्मेदवारसहित प्रतिस्पर्धा गर्दै जित्न योग्य बन्नेछौं। | निर्वाचनपूर्व गठबन्धन र मतको अंकगणितमा आफ्नो पहिचान निर्भर बनाउने छैनौं। |
| **सार्वजनिक संवाद** | तथ्य, तर्क, विकल्प र कामका आधारमा बहस गर्नेछौं। | घृणा, अपमान, समग्र निन्दा, निराशा वा लोकरिझ्याइँलाई राजनीतिक विधि बनाउने छैनौं। |
| **राज्यका संस्था** | न्यायपालिका, संवैधानिक निकाय, विश्वविद्यालय र प्रशासनको स्वतन्त्रता तथा क्षमता बलियो बनाउनेछौं। | दलीय नियुक्ति र भागबन्डाको क्षेत्र बनाउने छैनौं। |

| क्षेत्र | हामी के गर्नेछौँ | हामी के गर्नेछैनौँ |
|---|---|---|
| **सार्वजनिक नियुक्ति** | समावेशितासहित योग्यता, क्षमता र इमानदारीमा आधारित छनोट अघि बढाउनेछौँ; संवैधानिक नियुक्तिमा दुई वर्षको कुलिङ अफको व्यवस्था अघि सार्नेछौँ। | दलगत निकटता, पारिवारिक सम्बन्ध वा दबाबलाई नियुक्तिको आधार बनाउने छैनौँ। |
| **सार्वजनिक स्रोत** | सम्पत्ति, बजेट र अधिकारको उपयोग सार्वजनिक हित र नागरिक निगरानीमा गर्नेछौँ। | दल, गुट वा व्यक्तिको लाभका लागि सार्वजनिक स्रोत दुरुपयोग हुन दिने छैनौँ। |
| **नीतिगत सदाचार** | स्वार्थको द्वन्द्व, बिचौलियाको प्रभाव र नीतिगत भ्रष्टाचार नियन्त्रण गर्नेछौँ। | नीतिगत निर्णयको नाममा अनुचित लाभ दिने वा छानबिनबाट उम्काउने छैनौँ। |
| **भ्रष्टाचार र न्याय** | निष्पक्ष अनुसन्धान र न्यायिक परीक्षण चल्न दिनेछौँ; आफ्नै पक्षमा पनि एउटै नियम लागू गर्नेछौँ। | आरोपितको पार्टीगत बचाउ, राजनीतिक संरक्षण वा अनुसन्धानमा हस्तक्षेप गर्ने छैनौँ। |
| **समावेशी अवसर** | महिला, युवा र वञ्चितिकरणमा परेका समुदायको नीति तथा नेतृत्वमा वास्तविक प्रभाव बढाउनेछौँ। | प्रतिनिधित्वलाई संख्या, औपचारिकता वा सजावटमा सीमित गर्ने छैनौँ। |
| **सदस्यको अधिकार** | नीति, नेतृत्व र उम्मेदवार छनोटमा सदस्यको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नेछौँ। | सदस्यलाई निर्देशन पालना र निर्वाचन परिचालनमा मात्र सीमित गर्ने छैनौँ। |
| **उम्मेदवार र जिम्मेवारी** | प्राइमरी, योग्यता, सामुदायिक योगदान र नैतिक आचरणलाई छनोटको आधार बनाउनेछौँ। | पैसा, पहुँच वा नेतृत्वसँगको निकटतालाई योगदानको विकल्प बनाउने छैनौँ। |
| **पार्टीको परिवार** | योगदानको सम्मान, कठिनाइमा साथ र समान अवसरको संस्कृति बनाउनेछौँ। | पदलाई पारिवारिक उत्तराधिकार वा आफ्नालाई सुरक्षित गर्ने माध्यम बनाउने छैनौँ। |
| **असहमति र अनुशासन** | आलोचना सुन्ने, निष्पक्ष सुनुवाइ गर्ने र गल्ती सच्याउनेछौँ। | असहमतिलाई अनुशासनहीनता र आलोचकलाई शत्रु ठान्ने छैनौँ। |
| **अधिवेशन र सदस्यता** | नियमित अधिवेशन, विश्वसनीय अभिलेख र निष्पक्ष प्रतिस्पर्धा सुनिश्चित गर्नेछौँ। | अधिवेशन टार्न वा निर्वाचन प्रभावित पार्न अन्तिम समयमा सदस्यता दिने नियम बदल्ने छैनौँ। |
| **पार्टीको वित्त** | सहयोगको स्रोत, आय-व्यय र लेखापरीक्षण सार्वजनिक गर्नेछौँ। | आर्थिक सहयोगको बदलामा निर्णय, ठेक्का वा नियुक्तिबाट अनुचित लाभ दिने छैनौँ। |
| **काम र मूल्याङ्कन** | समुदायमा गरेको काम, सार्वजनिक उत्तरदायित्व र परिणामलाई सम्मान गर्नेछौँ। | प्रचार, व्यक्तिगत छवि वा गुटको सेवाबाट वास्तविक योगदान छोप्ने छैनौँ। |

यी प्रतिबद्धता नेतृत्वको सदिच्छामा मात्र निर्भर रहने छैनन्। विधान, कार्यविधि, अभिलेख, सार्वजनिक समीक्षा र जिम्मेवारीको स्पष्ट व्यवस्थाबाट लागू गरिनेछन्। अरूसँग मागिएको मापदण्ड आफ्नै निर्णयमा लागू गर्नु हाम्रो विश्वसनीयताको आधार हुनेछ।

### ९.८ जनप्रतिनिधि: उच्च नैतिक मापदण्ड र स्पष्ट कार्यप्रतिबद्धता

कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले सार्वजनिक उत्तरदायित्व र नैतिक आचरणको उच्च मापदण्ड पूरा गर्नुपर्छ। उम्मेदवारी नेतृत्वको कृपा वा आर्थिक सामर्थ्यको पुरस्कार हुने छैन। छनोटदेखि निर्वाचित भएपछि गर्ने कामसम्म स्पष्ट प्रक्रिया र सार्वजनिक प्रतिबद्धता आवश्यक हुनेछन्।

सदस्यको मत, समर्थक तथा शुभेच्छुकको सहभागिता र सार्वजनिक मतसर्वेक्षण उम्मेदवार छनोटका आधार हुनेछन्। आकांक्षीको योग्यता, सामुदायिक योगदान, विगतको कार्यसम्पादन, इमानदारी र नैतिक आचरण जाँचिनेछ। प्राइमरीको प्रक्रिया पारदर्शी हुनेछ र छनोटका आधार परीक्षण गर्न सकिने गरी अभिलेखमा रहनेछन्।

आकांक्षीले नेतृत्व प्रशिक्षण प्राप्त गर्नेछन्। अन्तिम छनोटमा परेको उम्मेदवारले गभर्नेन्स इन्स्टिच्युटसँग आबद्ध भई आफ्नो अधिकारक्षेत्रभित्र गर्ने कामको सार्वजनिक प्रतिबद्धता प्रस्तुत गर्नेछ। प्राथमिकता, स्रोत र प्रगति मापनका आधार स्पष्ट हुनेछन्। यो पार्टीगत मूल्याङ्कनको आधार हुनेछ। निर्वाचित प्रतिनिधिले कामको प्रगति र पूरा नभएका प्रतिबद्धताको कारण सार्वजनिक गर्नुपर्छ।

स्थानीय सरकारमा सेवा मापदण्ड, एकद्वार सेवा, सहभागितामूलक योजना, निष्पक्ष नियुक्ति र नियमित सार्वजनिक सुनुवाइको अभ्यास अघि बढाइनेछ। संघमा प्रतिपक्षको निगरानी तथा प्रदेश र स्थानीय तहमा प्राप्त अधिकारको प्रयोग एउटै सार्वजनिक उद्देश्यमा जोडिनेछन्। सरकारमा नभएको ठाउँमा पनि अध्ययन, नागरिक सहकार्य र अनुगमन जारी रहनेछ।

स्वच्छ र कम खर्चिलो निर्वाचन तथा विदेश वा स्थायी निर्वाचन क्षेत्रबाहिर रहेका नागरिकको मतदान पहुँचका लागि सुधार अघि बढाइनेछन्। मतदानको विश्वसनीयता र गोपनीयता सुनिश्चित गरिनेछ। कुनै उम्मेदवार स्वीकार नगर्ने विकल्प, घुम्ती आरक्षित निर्वाचन क्षेत्र र प्रतिनिधित्व सुधारका प्रस्ताव सार्वजनिक बहसमा लगिनेछन्। प्रधानमन्त्रीको दुई कार्यकाल सीमाको प्रस्ताव संवैधानिक प्रक्रियाबाट अघि बढाइनेछ।

### ९.९ स्वच्छ वित्तीय आधार र सार्वजनिक लेखापरीक्षण

पार्टीको प्रत्येक तह स्वीकृत वार्षिक तथा कार्यक्रमगत बजेटअनुसार चल्नेछ। चल तथा अचल सम्पत्तिको प्रमाणित अभिलेख, एउटै लेखा नीति, मितव्ययी सञ्चालन र नियमित सार्वजनिक लेखापरीक्षण लागू गरिनेछन्। कोषसम्बन्धी निर्णय नेतृत्वको व्यक्तिगत विवेकमा मात्र निर्भर रहने छैनन्। प्राइमरी र आन्तरिक निर्वाचनको खर्चमा पनि यही अनुशासन लागू हुनेछ।

सदस्यता र शुभेच्छुकको सहयोगमा आधारित स्वच्छ आम्दानी विस्तार गरिनेछ। आर्थिक सहयोगको स्रोत, सर्त र सम्भावित स्वार्थ जाँचिनेछ। सार्वजनिक निर्णयबाट अनुचित लाभ खोज्ने समूहमा आर्थिक रूपमा निर्भर रहेर सार्वजनिक सुधारको विश्वसनीय नेतृत्व गर्न सकिँदैन।

प्राप्त मतका आधारमा राजनीतिक दललाई राज्यबाट निश्चित वित्तीय सहयोग दिने प्रस्ताव कडा वित्तीय अनुशासन र सार्वजनिक लेखापरीक्षणसँग जोडेर अघि बढाइनेछ। आवश्यक कानुनी तथा वित्तीय बहस सार्वजनिक हुनेछ। जसको उद्देश्य राजनीतिक खर्चलाई पारदर्शी र उत्तरदायी बनाउनु हो।

### ९.१० चार वर्षको नेतृत्वको कार्यभार र कार्यान्वयन

दस्तावेज अनुमोदनपछि सभापति र महामन्त्री कार्यालयले कार्यान्वयनको समन्वय गर्नेछन्। केन्द्रीय कार्यसमितिले प्राथमिकता, जिम्मेवार निकाय र आवश्यक साधन तय गर्नेछ। पार्टीले आफ्नै अधिकारमा गर्ने, जनप्रतिनिधिले कार्यान्वयन गर्ने तथा कानुन वा राष्ट्रिय सहमति आवश्यक पर्ने काम छुट्याएर कार्ययोजना बनाइनेछ।

संगठनात्मक नवीकरण, सदस्यको अधिकार, ज्ञान तथा प्रशिक्षण, नागरिक संवाद, स्वच्छ वित्त र सामुदायिक सेवाका प्रतिबद्धता कार्यान्वयनसँग जोडिनेछन्। सम्बन्धित प्रतिष्ठान र संगठनले आफ्नो जिम्मेवारीअनुसार काम गर्नेछन्। निर्णयको कारण, जिम्मेवारी, परिणाम र सुधारको अवस्था सार्वजनिक गरिनेछ। गुनासो, समीक्षा र पुनरावलोकनका बाटा खुला रहनेछन्।

नेतृत्वको मूल्याङ्कन दस्तावेजको घोषणा वा गतिविधिको संख्यामा मात्र हुने छैन। सदस्यको निर्णयमा प्रभाव, संगठनको सार्वजनिक काम, नागरिकसँगको सम्बन्ध र कांग्रेसका जनप्रतिनिधिको कार्यसम्पादनमा देखिएको परिवर्तन त्यसका आधार हुनेछन्। असहज तथ्य लुकाइने छैनन्। प्रतिबद्धता र व्यवहारबीचको दूरी घटाउनु चार वर्षको नेतृत्वको साझा जिम्मेवारी हुनेछ।

हामी कस्तो कांग्रेस बनाउन चाहन्छौँ? २००७ सालमा निरंकुशताको अन्त्यका लागि क्रान्तिकारी भूमिका निर्वाह गरेको, २०४६ मा लोकतन्त्र पुनःस्थापनाको नेतृत्व गरेको र द्वन्द्वबाट शान्ति तथा संविधानसम्म साझा बाटो खोजेको कांग्रेसलाई आजको समस्याको समाधान गर्न सक्ने पार्टी बनाउनु छ। इतिहासको भूमिका जस्ताको तस्तै दोहोऱ्याएर होइन, त्यसको साहस, सेवाभाव र उद्देश्यलाई नयाँ ज्ञान तथा क्षमतासँग जोडेर यो जिम्मेवारी पूरा हुन्छ।

पार्टीमा लाग्नुको सन्तुष्टि राजकीय पद पाएपछि मात्र प्राप्त हुने अवस्था बदल्नुपर्छ। सदस्यले आफू एउटा ठूलो सामाजिक परिवर्तन र राष्ट्रिय प्रयत्नमा सहभागी भएको अनुभूति गर्नुपर्छ। समुदायमा गरेको काम, नागरिकको कठिनाइमा दिएको साथ र साझा जीवनमा पुऱ्याएको योगदान नै राजनीतिक सम्मानका आधार बन्नुपर्छ।

कांग्रेससँग विरासतको गौरव पनि हुनुपर्छ र भविष्यको आशा पनि। नयाँ पुस्ताले आफ्नो आजको आकांक्षा कांग्रेसले बुझ्छ र पूरा गर्न सक्छ भन्ने विश्वास दिलाउनु पर्छ। नेपालका सबै जातजाति, भाषा, धर्म र समुदायले संविधानले दिएका अधिकार तथा सम्मानको रक्षा कांग्रेसले गर्छ भन्ने भरोसा गर्न सक्नुपर्छ। विगतबाट सामर्थ्य लिने, वर्तमानमा जिम्मेवारी पूरा गर्ने र भविष्यतर्फ आशासहित अघि बढ्ने पार्टी नै हामीले निर्माण गर्न चाहेको कांग्रेस हो।

नागरिकसँग गहिरो सम्बन्ध, उद्देश्यमा स्पष्टता र काममा सामर्थ्य—यही हाम्रो नवीनीकरणको दिशा हो। समाजको सेवामा जुट्नु नै हाम्रो राजनीतिक सम्मान हो।

### १०. निष्कर्ष: नागरिकको आकांक्षा, लोकतन्त्रको प्रतिफल र मूल्यप्रतिको अडान

आदरणीय महाधिवेशन प्रतिनिधि साथीहरू,

हामीले आफ्नो ऐतिहासिक यात्राको स्मरण र वर्तमानको इमानदार आत्मसमीक्षाबाट यो छलफल सुरु गरेका छौँ। त्यसबाट स्पष्ट भएको जिम्मेवारी लिएर अब अघि बढ्नुपर्छ। हामीलाई निर्वाचनको पराजयमै अल्झिएर बस्ने सुविधा छैन। जनादेशको सम्मान गर्दै पराजयका कारण खोज्नुपर्छ, आफ्ना कमजोरी सच्याउनुपर्छ र देशप्रतिको दायित्व निर्वाह गर्नुपर्छ। इतिहासले कांग्रेसलाई निर्वाचनको परिणाममा मात्र सीमित भएर बस्ने छुट दिएको छैन। हाम्रो मूल्याङ्कन संसद्को संख्यासँगै संकटमा देशलाई दिएको दिशा, नागरिकको अधिकारको रक्षा र जनजीवनमा ल्याएको सुधारबाट हुनेछ। पराजयले हाम्रो संसदीय आकार घटाएको छ, तर राष्ट्रिय जिम्मेवारी घटाएको छैन।

नेपाली कांग्रेस देशलाई जोड्ने संयोजन शक्ति हो। विभाजित समाजबीच संवाद, पुस्ताबीच सहकार्य र नागरिकको आकांक्षालाई लोकतान्त्रिक संस्थासँग जोड्नु हाम्रो जिम्मेवारी हो। भदौको जनभावना प्रस्फुटनले उठाएका वैध प्रश्न, विशेष महाधिवेशनमा गरिएको आत्मसमीक्षा र निर्वाचनबाट व्यक्त जनादेशले हामीसँग व्यवहारमा परिवर्तन मागेका छन्। गल्ती स्वीकार गर्नु त्यसको आरम्भ हो। संगठन, नेतृत्व र सार्वजनिक काममा देखिने सुधारले मात्र त्यस स्वीकारोक्तिलाई सार्थक बनाउँछ। हाम्रो इतिहासले प्रेरणा र सामर्थ्य दिन्छ, नागरिकको विश्वास फेरि पनि आफ्नै कामबाट आर्जन गर्नुपर्छ।

हाम्रो विरासत लोकतन्त्रलाई संरक्षण गर्ने, जीवन्त राख्ने र निरन्तर पुनर्जागृत हुने विश्वासमा आधारित छ। जननायक वीपी कोइरालाको राजनीतिक परम्पराले नैतिक स्पष्टता, वैधानिक अनुशासन र जनसेवाबाट निर्देशित पार्टीको आग्रह गर्छ। त्यस परम्परामा सुधार निरन्तर जिम्मेवारी हो। आज यसको अर्थ मूल मूल्यमा दृढ रहँदै आन्तरिक लोकतन्त्र सुदृढ गर्नु, नयाँ ज्ञान र अनुभवबाट सिक्नु तथा बदलिँदो समाजका आवश्यकतालाई प्रभावकारी राजनीतिक कार्यमा उतार्नु हो। राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्यायप्रतिको हाम्रो विश्वास नागरिकले आफ्नो जीवनमा अनुभव गर्न सक्ने हुनुपर्छ।

नागरिकका आकांक्षा स्पष्ट छन्। बालबालिकाले सिक्न पाऊन्, उपचारको खर्चले परिवारको भविष्य नखाओस्, श्रमले सम्मान र आम्दानी देओस्, किसानले आफ्नो उत्पादनको उचित मूल्य पाऊन्, उद्यमले निष्पक्ष अवसर पाओस् र युवाले देशमै भविष्य देखून्। प्रत्येक नागरिकले राज्यसँग समान सम्मानको व्यवहार पाऊन्। समुदायमा अपनत्व रहोस्, प्रकृति सुरक्षित रहोस् र हामीले आज गर्ने निर्णयले भावी पुस्ताको सम्भावना नखुम्च्याओस्। यी आकांक्षालाई लोकतान्त्रिक संस्थामार्फत पूरा गर्नु समुन्नतिको राजनीतिक अर्थ हो। **समुन्नत नेपाल र सम्मानित नेपाली हाम्रो ध्येय हो।**

यसका लागि नागरिकको आवाज निर्वाचन अघिपछि पनि सुनिनुपर्छ। सार्वजनिक संस्था स्वतन्त्र, सक्षम र उत्तरदायी हुनुपर्छ। अवसरमा पहुँच र निर्णयमा सहभागिता विस्तार हुनुपर्छ। संविधानमा स्थापित अधिकार सार्वजनिक कार्यालयको व्यवहार, विद्यालयको सिकाइ, अस्पतालको सेवा र रोजगारीको अवसरमा अनुभूत हुनुपर्छ। लोकतन्त्रको संकटको विकल्प अझ गहिरो, सहभागितामूलक र परिणाम दिने लोकतन्त्र हो। यही विश्वासलाई कामबाट स्थापित गर्नु हाम्रो वैचारिक र राजनीतिक जिम्मेवारी हो।

यो यात्राले हामीबाट त्याग र आत्मअनुशासन माग्छ। सार्वजनिक नियुक्तिमा आफ्ना व्यक्तिका लागि अपवाद खोज्ने आग्रह अस्वीकार गर्नुपर्छ। सार्वजनिक हितसँग नमिल्ने सत्ता समीकरण त्याग्नुपर्छ। आफ्नै गल्तीमा पनि नियम लागू गर्नुपर्छ र असहमत नागरिकको अधिकार रक्षा गर्नुपर्छ। नेतृत्वको सुविधा र पार्टीको दीर्घकालीन विश्वसनीयताबीच

छनोट गर्नुपर्दा विश्वसनीयता रोज्नुपर्छ। हामीले त्याग्ने अनुचित सुविधा र सच्याउने अभ्यासमा पनि हाम्रो नवीनीकरणको गम्भीरता देखिनुपर्छ।

हामी विचारको समकालीन व्याख्या, संगठनको नवीनीकरण, प्रविधिको उपयोग र नीतिका नयाँ उपाय अपनाउनेछौँ। तर नागरिक स्वतन्त्रता, समान सम्मान, समावेशी लोकतन्त्र, विधिको शासन र संवैधानिक मर्यादामा सम्झौता गर्नेछैनौँ। परिणामको आवश्यकता देखाएर अधिकार कमजोर पार्नेछैनौँ; लोकतन्त्रको नाम लिएर कमजोर कार्यसम्पादनको बचाउ पनि गर्नेछैनौँ। नागरिकको जीवन सुधार्ने काम र लोकतान्त्रिक मूल्यप्रतिको अडान सँगसँगै अघि बढ्नेछन्।

त्यसैले कांग्रेस राष्ट्रिय शक्ति, जिम्मेवार प्रतिपक्ष, विचार, ज्ञान र नेतृत्व निर्माणको केन्द्र तथा समाजसँग निरन्तर काम गर्ने आन्दोलनका रूपमा पुनर्जागृत हुनुपर्छ। सदस्यले आफ्नो आवाज र जिम्मेवारी पाउने, युवाले अवसर पाउने, अग्रजको योगदान सम्मानित हुने र नागरिकले आफ्ना सरोकार राख्न सक्ने राजनीतिक घर कांग्रेस बन्नुपर्छ। प्रतिपक्षमा रहेर सरकारलाई उत्तरदायी बनाउने, उचित काममा सहयोग गर्ने, गलत निर्णयको प्रतिवाद गर्ने र विश्वसनीय विकल्प हामी प्रस्तुत गर्नेछौँ। जनप्रतिनिधिका रूपमा जिम्मेवारी पाएका ठाउँमा आफ्नै कामबाट उदाहरण स्थापित गर्नेछौँ।

आदरणीय साथीहरू,

निर्वाचनपछि  संवैधानिक प्रक्रिया फेरि नियमित बाटोमा अघि बढेको छ र निर्वाचित सरकार बनेको छ। अब हाम्रो चिन्ता स्पष्ट छ: यी पाँच वर्ष खेर जान दिनु हुँदैन । नेपालमा पटकपटक आन्दोलनले आशा जगाएको छ, तर त्यसपछि प्राप्त अवसरलाई नागरिकको जीवन बदल्ने काममा पर्याप्त उपयोग गर्न सकिएको छैन। परिवर्तनपछि पनि उही प्रतीक्षा र उही निराशा दोहोरिने क्रम अब रोकिनुपर्छ। देशले अर्को अवसर गुमाउनु भनेको नागरिकको जीवनका अमूल्य वर्ष गुम्नु हो। बालबालिकाको सिकाइ, युवाको सम्भावना र परिवारको भविष्यलाई अनिश्चित पर्खाइमा राख्न मिल्दैन।

१५औँ महाधिवेशनले चयन गर्ने नेतृत्वको कार्यकाल चार वर्षको हुनेछ। यो प्रतिवेदनले त्यही अवधिका लागि पार्टीको दिशा र जिम्मेवारी स्पष्ट गर्छ। यी चार वर्षमा कांग्रेसलाई पुनर्जागृत गर्दै समुन्नतिको बाटोमा निरन्तर अघि बढाउनु हाम्रो कार्यभार हो। सरकारको पाँच वर्षको कार्यकाल जनहितमा उपयोग होस् भन्ने सुनिश्चित गर्न हामीले आफ्नो भूमिकाबाट निरन्तर खबरदारी, नीतिगत पहल र सामाजिक काम गर्नुपर्छ। चार वर्षपछि नेतृत्वको मूल्याङ्कन उसले व्यवस्थापन गरेका पदबाट होइन, पूरा गरेका जिम्मेवारी, सुधारेको संगठन र आर्जन गरेको जनविश्वासबाट हुनुपर्छ। यस महाधिवेशनबाट म यही कामका लागि स्पष्ट जनादेश दिन आग्रह गर्दछु।

देशलाई भरोसा चाहिएको छ- आफ्नो मेहनतको अर्थ हुन्छ भन्ने भरोसा, न्याय पाइन्छ भन्ने भरोसा र नेपालमै भविष्य बनाउन सकिन्छ भन्ने भरोसा। कांग्रेसले आफ्नो वचन र कामको एकरूपताबाट त्यो भरोसा दिलाउनुपर्छ। नागरिकले आफ्नो जीवनमा अनुभव गर्ने परिवर्तन नै हाम्रो संकल्पको प्रमाण हुनेछ।

साथीहरू, राष्ट्रिय पुनर्जागरणको आरम्भ हामी आफैँबाट हुनेछ। त्यसको शक्ति नागरिकसँगको सम्बन्धबाट आउनेछ। त्यसको सार्थकता समुन्नतिको यात्रामा देखिनेछ। लोकतन्त्रप्रतिको हाम्रो अडान अटल रहनेछ; जनताको जीवन सुधार्ने प्रयत्न निरन्तर रहनेछ।

**अन्त्यमा**,

नेपाली कांग्रेसलाई ‘२००६ सालको जस्तो क्रान्ति चेत, २०१५ सालको जस्तो प्रगतिशील र समावेशी सोच, २०४८ सालको जस्तो लोकप्रिय मत, २०६२/०६३ को जस्तो सर्वस्वीकार्य नेतृत्व भएको हाम्रो गौरवशाली विगत तथा अग्रजहरूको बलिदान, अकल्पनीय संघर्ष, त्याग र परिश्रमबाट प्रेरणा लिँदै आजको समयको चेत बुझेर नवीन युवा पुस्ताले विश्वास र भरोसा गर्न सक्ने सुनौलो भविष्यतिर उन्मुख, समुन्नत नेपालको स्पष्ट ध्येय भएको, व्यवस्थापनमा अब्बल, गतिशील र आधुनिक संगठन बनाउने छौं।

अबका वर्ष आशा जगाएर बिताउने मात्र होइनन्, आशा पूरा गर्ने जिम्मेवारी लिएर काम गर्ने वर्ष हुन्। यही हाम्रो संकल्प हो। हामीलाई विश्वास छ- यो नै १५औँ महाधिवेशनको मार्गदर्शन हुनेछ।

जय नेपाल !

तपाईँको साथी,

गगनकुमार थापा

सभापति




परम्पराको सम्मान,
परिवर्तनको संकल्प
समुन्नत नेपालका लागि
सबल कांग्रेस अबको विकल्प